लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ बिमर्श

Naya Bimarsha National Weekly

वर्ष १३, अंक १०, २०७६ असोज १० गते शुक्रबार (Sep. 27, 2019) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

कांग्रेसमा प्रवेशको लहर

बाँके/ नेपाली कांग्रेसले चलाएको दोस्रो चरणको राष्ट्रिय जागरण अभियान अन्तर्गत ठूलो संख्यामा विभिन्न दल परित्याग गरी कांग्रेसमा प्रवेश गर्नेहरुको लहर चलेको छ। यसक्रममा बाँके जिल्लामा सञ्चालित कार्यक्रममार्फत विभिन्न व्यक्तिहरु कांग्रेसमा प्रवेश गरेका थिए। कार्यक्रममा अन्य पार्टी परित्याग गरी एक दर्जन बढी नेता कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका थिए। समापन कार्यक्रममा गाउँ गाउँबाट आएका कार्यकर्ताहरुको ठूलो उपस्थिति थियो भने सहभागीले सरकार र सत्तारुढ दल नेकपाविरुद्ध चर्का नाराबाजी समेत गरेका थिए।

जनजागरण अभियानका क्रममा नेपालगञ्जमा भएको एक कार्यक्रममा कांग्रेसका जिल्ला सभापति किरण कोइरालाको हातै भाँचिने गरी भएको नेकपाका कार्यकर्ताको हमलाले गर्दा नेपालगञ्जको कार्यक्रमलाई विशेष चासोका रुपमा हेरिएको थियो। त्यसैले महिला समेत रहेकी सभापति कोइरालाको जिल्लामा पनि समापन कार्यक्रममा महिला नेतृ पुष्पा भूसाल नै पुगेकी थिइन्। केन्द्रीय प्रतिनिधिहरु विद्याप्रसाद खनाल,

(बाँकी अन्तिम पेजमा)

प्रहरीमा खेल्दै सरकार

काठमाडौं। नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आई.जी.पी.) सर्वेन्द्र खनाललाई पूरा समय काम गर्न नदिने संकेत पछिल्लो चरणमा पाइएको भनी प्रहरी प्रशासन तरंगित बनेको छ। खनाललाई विगतको राम्रो कार्यको मूल्यांकन गर्दै बढुवा क्रममा कुनै खेल नगरी नियुक्ति दिइएको तथा खनालले पनि राम्रै कार्य गरिरहेको अवस्थामा खनालको जानकारी बिना प्रहरीका केही उच्च पदस्थ अधिकारीहरुको सरुवा तथा जिम्मेदारी हेरफेर भएको विषयलाई लिएर प्रहरी प्रशासनमा विभिन्न किसिमका अड्कलबाजीले चर्चा पाएको छ।

पछिल्लो सरुवा प्रक्रियाले प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली खनालसँग रुष्ट देखिएको संकेत गरेको छ। प्रधानमन्त्री ओलीले खनाललाई थाहा नै नदिई उनकै ब्याची पुस्कर कार्कीलाई प्रशासन, कार्य एवं अपराध अनुसन्धान र मानवस्रोत विभागको प्रमुखमा सरुवा गरेको चर्चा चलेको छ। २०७६ जेठ २४ मा कार्य एवं अपराध विभागबाट कार्कीलाई प्रहरी प्रतिष्ठानमा सरुवा गरिएको थियो। कार्कीलाई खनालले एकेडेमीमा चार महिनाअघि सरुवा गरेका थिए भने कार्कीलाई प्रधानमन्त्री ओलीको ठाडो प्रस्तावमा बुधबार मुख्यालयका दुइटा विभागको प्रमुखको जिम्मेवारी सहित सरुवा गरी खनाललाई झड्का दिने कार्य भएको छ। सामान्यतः प्रहरी मुख्यालयको सिफारिसमा गृहमन्त्रालयले प्रस्ताव लगेर मन्त्रिपरिषदले एआईजीपीको सरुवा गर्ने व्यवस्था भए पनि यी कुनै प्रक्रिया पूरा नगरी कार्कीलाई मुख्यालयमा महत्वपूर्ण जिम्मेदारीसहित भित्र्याउने कार्य भएको छ।

खनालसँग प्रधानमन्त्री तथा वर्तमान सरकार असन्तुष्ट भएको संकेत यसअघि पनि देखिएको थियो। हरेक वर्ष २६ देखि २९ अक्टोबरसम्म अमेरिकाको सिकागोमा विश्वका प्रहरी प्रमुखहरूको सम्मेलन हुँदै आएको छ। उक्त सम्मेलनमा खनाल जाने कार्यक्रम भए पनि मन्त्रिपरिषद बैठकले उनको भ्रमण नै अस्वीकृत गरिदिएर उनीप्रति सरकार असन्तुष्ट बनेको संकेत गरिसकेको थियो।

यसैगरी प्रहरीका बन्दोबस्तीका सामान खरिदमा अनियमितता भएको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सबै कागजात नियन्त्रणमा लिएको बेला पनि अहिले नै हो। यो भ्रष्टाचारको छानविनबाट को को दोषी देखिने हुन् वा होइनन् तर पनि यो विषय पनि प्रहरीको लागि प्रतिष्ठाको विषय बनेको छ। भ्रष्टाचारको विषय पनि यही बेला आउनु तथा खनालका प्रतिस्पर्धीका रुपमा रहेका कार्कीलाई मुख्यालयमा ल्याएर दुइटा विभागको प्रमुख बनाउनुले प्रधानमन्त्री ओली तथा सरकारले खनालको विरुद्ध भित्री खेल खेलिरहेको पो हो कि भनी समाचार स्रोतले अनुमान लगाएको छ।

त्यसो त ओली प्रधानमन्त्री भएको एक महिनापछि आइजीपी नियुक्ति गर्दा ओली कार्कीलाई बनाउने पक्षमा रहेका भनी त्यो बेलामा पनि चर्चा चलेको थियो।

(बाँकी अन्तिम पेजमा)

खनाललाई आइजिपी पद निल्नु न ओकल्नु

काठमाडौं। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल जताततैबाट तिरस्कृत बनेपछि आगामी माघसम्म चार महिना बिताउन सकसपूर्ण बनेको समाचार स्रोतले बताएको छ। गत असोज ३ गते संविधान दिवसका दिन पदक खोसिएका आइजिपी खनालको अमेरिका भ्रमणसमेत सरकारले अस्वीकृत गरेको जानकारहरुले बताएका छन्। आफू मातहतको एआइजीहरुको सरुवा गर्दासमेत थाहा नदिइएपछि सरकारलाई आइजिपी खनाल आँखाको कसिङ्गर बनेको बुझिएको छ। खासगरी डिआइजी हुँदाको क्रेज आइजिपी हुँदा कायम गर्न नसक्नु र कार्यशैली कमजोर हुनुजस्ता कारणले प्रधानमन्त्री र गृहमन्त्री आइजिपी खनालप्रति असन्तुष्ट बनेको बताइन्छ। आगामी माघ २८ गते सेवानिवृत्त हुने खनाललाई ओली सरकारले राजनैतिक भागवण्डाका आधारमा तत्कालीन माओवादीको कोटाबाट आइजिपी बनाएका थिए। डिआइजी बढुवामा असन्तुष्ट बनी रमेश खरेलले राजीनामा दिएपछि खनाल एक्लो उम्मेदवार बनेका थिए। सरकारले खनाललाई बाँकी चार महिना गृहमन्त्रालयमा हाजिर गराएर एआइजीद्वय पुष्कर कार्की र ठूले राईमध्येबाट एकजनालाई आइजिपी बनाउने तयारी गरेपछि खनालले राजीनामा दिने चर्चा चलेको छ। नेपाल प्रहरीको इतिहासमा आइजिपी खनाललाई असफल भनी स्रोतले जानकारी दिएको छ।

किन पछि हटे वामदेव ?

काठमाडौं/ नेकपा सचिवालय सदस्य एवं पार्टीका शक्तिशाली नेता वामदेव गौतमले पराजयको संभावना देखी कास्की-२ बाट उपनिर्वाचनमा चुनाव नलड्ने बताएका छन्। नेकपामा गौतम उपाध्यक्ष एवं संगठन विभाग प्रमुख छन्। शक्तिका हिसाबले गौतमलाई अध्यक्षद्वय खड्गप्रसाद शर्मा ओली र पुष्पकमल दाहाल पछाडि भनी बताइएको अवस्थामा गौतम चुनावबाट भाग्ने भएका हुन्।

संसदीय मोर्चामा गौतमको रिक्तता पूरा गर्न अध्यक्षद्वय ओली र दाहालले आगामी मंसिर १४ गते कास्कीभ-२ मा हुने उपनिर्वाचनमा नेकपाबाट उम्मेदवार बन्न सुझाव दिएका थिए। अध्यक्षद्वयको आग्रहपछि शुरुमा कास्की-२ बाट चुनाव लड्ने मनस्थिति बनाएका गौतमले पार्टीभित्रको पछिल्लो विकसित घटनाक्रमले

(बाँकी अन्तिम पेजमा)

चीनसँग सम्झौता, भारतलाई झड्का

काठमाडौं। मदन भण्डारीको जबजलाई आर्यघाटमा सेलाएर नेपालका कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीच असोज ७ गते विशेष सम्झौता भएको छ। प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाललाई साक्षी राखेर नेकपाका विदेश विभाग प्रमुख माधवकुमार नेपाल तथा चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख सुङ ताओले हस्ताक्षर गरेको सम्झौताअनुसार दुई पार्टीबीच अपूर्व सम्बन्ध कायम हुने देखिएको छ। नेपाली माटो र हावापानीलाई बिर्सिएर विदेशी सिद्धान्तमा रमाउन पुगेका दुवै मुलुकका कम्युनिस्ट पार्टीहरुले सी विचारधारामा आधारित भएर कार्यक्रम सञ्चालन गर्नेछन्। दुवै मुलुकका पार्टी नेताहरुको उच्चस्तरीय भ्रमणलाई नियमित गरिने छ। त्यस्तै, कार्यकर्तास्तरमा हुने अध्ययन भ्रमणहरुको बढोत्तरी गरिने, दुई पार्टीबीच परस्पर सहयोग आदानप्रदान गरिने, युवा तथा स्थानीयस्तरका नेताहरुको भ्रमण कार्यक्रम नियमित राखिने र नागरिक समाज, बौद्धिक समुदाय तथा मिडियासँगको सम्बन्ध अभिवृद्धि गरिने व्यहोरा सम्झौतामा उल्लिखित छ। दुई सत्तारुढ पार्टीबीच भएको नयाँ सम्झौताले कम्युनिस्ट पार्टीस्तरमा मात्र नभई देशमै नयाँ परिस्थिति सिर्जना हुने र परिस्थितिले कोल्टे फेर्ने विश्वास गरिएको छ। चीनसँगको यो सम्झौताले छिमेकी राष्ट्र भारत बिच्चन सक्ने राजनीतिक क्षेत्रमा चर्चा चलेको छ।

आफ्नै कारणले चाउरिँदै काँग्रेस

काठमाडौं। 'किन चाउरिस मरिच, आफ्नै पीरोले' भनेझैं नेपाली काँग्रेस आफ्नै कारणले चाउरिएको जानकारहरूले बताएका छन्। यतिबेला काँग्रेस नेतृत्व आफ्नै छायासँग तर्सिन थालेका छन्। विभिन्न गुट-उपगुटमा विभाजित काँग्रेस नेतृत्व पार्टीलाई नभै आफ्नै स्वार्थलाई बोकेर हिँडिरहेको घामजस्तै छर्लङ्ग देख्न सकिन्छ।

नेतृत्व बीचमा एक ठाउँमा बसेर जनताका लागि नयाँ कार्यक्रम ल्याउनुको सट्टा बी.पी.कोइरालाकै सिद्धान्त, नीति र विचारप्रति जुहारी चलाइरहेको समाचार स्रोतले बताएको छ। काँग्रेसले चलाएको दोस्रो चरणको जागरण अभियान पनि प्रभावकारी बन्न सकेन कुनै नयाँ एजेण्डा र मुद्दा नभएका कारण कार्यक्रम ओझेलमा परेको र जनताले खासै चासो नलिएको सरोकारवालाहरूले बताएका छन्।

अब काँग्रेस पुरानो ढर्राबाट नचल्ने बताइएको छ। सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल र अन्य नेताहरूको थोत्रा भाषण र गन्थनले काँग्रेस उँभो नलाग्ने चर्चा चलेको छ। विगतमा दुई नदीको किनारा जस्तै बनेका वामपन्थीहरू पूर्व एमाले र माओवादी केन्द्र बीचको एकतालेे शासन चलाइरहेको अवस्थामा काँग्रेसीहरू मिल्न नसक्नुलाई आश्चर्य ठानिएको छ। काँग्रेस नेतृत्वले

(बाँकी अन्तिम पेजमा)

मालपोतमा ज्ञवाली

काठमाडौं। भूमि व्यवस्था तथा अभिलेख विभागको महानिर्देशक फेरिएका छन्। सरकारले वरिष्ठ सहसचिवहरूलाई प्रदेशमा सरुवा गरेपछि विभागका महानिर्देशक (डिजी) गोकर्णमणि दुवाडीको सरुवाले विभाग नेतृत्वविहीन बन्न पुगेको थियो।

भ्रष्टाचार घुसखोरी आर्थिक चलखेलको केन्द्र विन्दु मानिने मालपोत कार्यालयहरूको केन्द्र भूमी व्यवस्थापन तथा अभिलेख विभाग हो। विगतमा कर्मचारीहरूको सरुवा गर्दा मालपोत विभागका डिजी र प्रशासन शाखाका निर्देशक मालामाल बन्ने गरेको अवस्था अहिले पनि कायमै रहेको सरोकारवालाहरूले बताएका छन्। अहिले उक्त विभागको महानिर्देशकमा प्रदेशबाट सरुवा भई मन्त्रालय आएका कृष्णप्रसाद

(बाँकी अन्तिम पेजमा)

चिनियाँ रेल आउनेमा शंका

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र चिनियाँ कम्युनिस्ट पार्टी (सिपीसी) बीच भएको विचारधारात्मक छलफल कार्यक्रमको औचित्य र आवश्यकता विवाद र बहसको विषय बनिरहेको छ। दुई दशकभन्दा लामो समयपछि हुन लागेको भनिएको चिनियाँ राष्ट्रपतिको आसन्न नेपाल भ्रमणको पूर्वसन्ध्या आयोजित उक्त कार्यक्रमकाबीच दुई देशका कम्युनिस्ट पार्टीबीच ६ बुँदे सम्झौताले सत्तारुढ दल नेकपाका नेताहरुमा ठूलो उत्साह थपेको छ। तर, कार्यक्रममा चिनियाँ नेताहरुले एक प्रशंगमा दिएको अभिव्यक्तिले भने नेकपाका नेताहरुलाई पक्कै पनि निराश बनाएको छ। त्यो हो चिनियाँ रेलबारे चिनियाँ नेताहरुको अभिव्यक्ति।

प्रधानमन्त्री केपी शर्मा ओलीले दोहोराउँदै आएको चिनियाँ रेल रेल नेपालसम्म आउन कठिन रहेको भनेर छलफल कार्यक्रममा चिनियाँ नेताहरुले बताएका थिए। चीनको केरुङ हुँदै काठमाडौंसम्म रेल आउने कुरा सुनेर उत्साहित हुने नेपाली जनताका लागि अन्तरक्रिया कार्यक्रमले केही निराश पक्कै

(बाँकी अन्तिम पेजमा)

बैरोमा पनि चिप्लियो, नेकपाको सरकार

काठमाडौं। गत असोज ७ गते सम्पन्न वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा पनि दुई तिहाई बहुमतको शक्तिशाली केपी ओली नेतृत्वको सरकारलाई झड्का लागेको छ। वैदेशिक रोजगार व्यवसायीहरुको चुनावमा पूरै प्यानल लोकतान्त्रिक समूहले जितेको छ। जताततै हारको सामना गर्दै आइरहेको ओली नेतृत्वको सरकारले टानको निर्वाचनबाट हारको खाता खोलेको थियो। झापा उद्योग वाणिज्य संघ, भरतपुर निर्माण व्यवसायी संघ र कैलालीपछि वैदेशिक रोजगार व्यवसायी संघमा हार बेहोरेपछि मंसिर १४ को उपनिर्वाचनप्रति सरकार सशंकित बनेको बताइएको छ।

दुई तिहाईको दम्भ, घमण्ड र सरकारको अनगिन्ती अलोकप्रिय कार्यशैलीप्रति व्यवसायीहरु मात्र नभई जनता निराश बन्दै गइरहेको परिणामको सूचक भनी जानकारहरुले बताएका छन्। श्रम तथा रोजगारमन्त्री गोकर्ण बिष्टको नालायकीले वैदेशिक रोजगार व्यवसायीहरुको चुनावमा पराजय भोग्नु परेको सरोकारवालाहरुले बताएका छन्। मन्त्री बिष्टले वैदेशिक रोजगारलाई अनिर्णयको बन्दी बनाई मलेसियाको रोजगारी कमिशनको लागि एक वर्षभन्दा बढी रोकेका थिए। श्रममन्त्रीलाई बैरोको निर्वाचनले गालामा थप्पड हिर्काएको समाचार स्रोतले बताएको छ।

लेखापढी व्यवसायीको आफ्नै गुनासो

काठमाडौं/ नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनका केन्द्रीय अध्यक्ष सीताराम दाहालले सरकार लेखापढी व्यवसायलाई विस्थापित गराउन लागिपरेको आरोप लगाएका छन्। लेखापढी व्यवसायीको सुनसरीको इनरुवामा आयोजित १ नं. प्रदेशस्तरिय भेलामा शनिवार अध्यक्ष दाहालले सो कुरा बताएका हुन्।

सरकार पेचिलो रुपमा प्रस्तुत भएको, व्यवसायीहरुलाई नयाँ ऐन कानूनहरुले बन्देज लगाउँदै सेवाबाट विमुख बनाउनेतिर सरकार लागेको दाहालले आरोप लगाए। व्यवसायीहरु जिल्ला अदालतले दिएको प्रमाणपत्र लिएर सेवामा आबद्ध भएको स्मरण गर्दै उनले कसैको निगाहमा चल्नु नपर्ने भएको दावी गरे। भेलामा दाहालले व्यवसायीहरुलाई

(बाँकी अन्तिम पेजमा)

सम्पत्ति शुद्धिकरण कामभन्दा हल्ला बढी

काठमाडौं। सम्पत्ति शुद्धिकरण विभाग पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तै कामभन्दा तामझाम र बढी हल्ला हुने विभाग रहेको सरोकारवालाहरूले बताएका छन्। जुनसुकै व्यक्तिलाई छानविनको दायरामा ल्याउन सक्ने सम्पत्ति शुद्धिकरण विभागले अकुत सम्पत्ति जोडेका २० जना व्यक्तिको आयस्रोत खोजेको बताएको छ। राजनीतिक दलका नेतादेखि उच्च ओहदाका कर्मचारी र व्यापारी लगायतको सम्पत्ति छानिबिन गर्ने अधिकार विभागलाई सम्पत्ति शुद्धिकरण ऐन २०६४ ले दिएको छ। अख्तियारले सरकारी कर्मचारी माथि मात्र छानिबिन गर्न पाउँछ। त्यही भएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एक हजार रुपियाँ घूस खाने कर्मचारीहरूलाई समाती ठूला एक सय ४० जना व्यक्तिको नाम गुपचुप राखेको छ।

यता सम्पत्ति शुद्धिकरण विभागले पनि २० जना व्यक्तिको नाम सार्वजनिक गर्न नसक्नुमा विभागका महानिर्देशक रूपनारायण भट्टराईको विगत कारक बनेको सरोकारवालाहरूले बताएका छन्। विभागले अख्तियारका पूर्व प्रमुख आयुक्त

(बाँकी अन्तिम पेजमा)

वीर अस्पतालमा कार्यकर्ता भर्तीको खेल

काठमाडौं/ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) वीर अस्पतालमा गैरकानूनी रुपमा स्टार्फ नर्सहरु राख्ने बहानामा सत्तारुढ दलका कार्यकर्ताहरुको भर्नाको तयारी थालिएको छ। २५ जना स्टाफ नर्स राख्ने तयारीमा अस्पतालका निर्देशक डा. केदार सेन्चुरी लागेमा मात्र छैनन् कि उनलाई आधार बनाएर सत्तारुढ दल नेकपाले आफ्ना कार्यकर्तालाई त्यहाँ भर्ती गराउन चाहेको चर्चा चलेको छ।

(बाँकी अन्तिम पेजमा)

ह्याकरहरुको आकर्षणमा नेपाल

काठमाडौं। काठमाडौंको दरबारमार्गमा हालै भएको एटिएम ह्याकको घटना सेलाउन नपाउँदै उस्तै प्रकृतिको घटना बाहिरिएपछि नेपाली बैंक तथा सञ्चयकर्ता झनै समस्यामा परेका छन्। एक विदेशी ह्याकरले कृषि विकास बैंकको सफ्टवेयर ह्याक गरी नेपाली नागरिकलाई प्रयोग गरेर रकम निकालेको घटना महानगरीय अपराध नियन्त्रण महाशाखाका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक सहकुलबहादुर थापाले जानकारी दिएपछि नेपालीजन झनै झस्किन पुगेका छन्।

त्यसरी ह्याक गर्ने कार्यमा संलग्न १२ जनालाई पक्राउ गरी अनुसन्धान थालिएको पनि थापाले जानकारी दिएका छन्। एउटा रेमिट कम्पनीका कर्मचारीले दिएको सानो सूचनाका कारण ठूलो रकम विदेश लैजाने ह्याकरको योजना विफल भएको पनि थापाले जानकारी गराएका छन्। ह्याकरले पाँच अर्ब रुपियाँ निकाल्ने योजना बनाएका तथा झण्डै रु.७० लाख निकालेको अवस्थामा रु.६० लाख बरामद गर्न प्रहरी सफल भएको छ। बाँकी रहेको रु. १० लाख भने ह्याकरहरुले हुण्डीमार्फत भारत लगिसकेको पनि प्रहरीले जानकारी गराएको छ।

घटना कसरी ?

सो घटनाका मुख्य योजनाकार विदेशी नागरिक 'काले' भन्ने पिटर रहेको प्रहरीले जानकारी गराउँदै उनी लामो समयदेखि भारतको मुम्बईमा बसी नेपालका बैंक तथा वित्तीय संस्थाको सफ्टवेयर ह्याक गर्नमा तल्लीन रहेको पनि थापाले जानकारी दिएका छन्। पिटरको पछिल्लो योजनामा नेपालबाट रु. पाँच अर्ब लैजाने रहेको तथा सो कार्यका लागि नेपाली नागरिकलाई प्रयोग गरी कृषि विकास बैंक, पानस रेमिट, कैलाश विकास बैंक र नबिल बैंक लगायतका बैंक तथा वित्तीय संस्थाहरूको सफ्टवेयर ह्याक गरिँदै आएको पनि जानकारीमा आएको छ। उनीहरुलाई महानगरीय अपराध महाशाखाको विशेष अनुसन्धान टोलीले पैसा निकाल्दै गर्दा विभिन्न ठाउँबाट १२ जनालाई पक्राउ

(बाँकी अन्तिम पेजमा)

मेडिकल कलेजहरू लुटको अखडा

काठमाडौं। सरकारले तोकेभन्दा बढी शुल्क लिने मेडिकल कलेजका सञ्चालकहरूलाई उठाइएको बढी शुल्क फिर्ता नगरे ठगी मुद्दा चलाउने बताएको छ। सञ्चालकहरूलाई ठगी मुद्दामा कारबाही गर्ला भन्नेमा विद्यार्थीहरू विश्वस्त हुन भने सकेका छैनन्।

सरकारले काठमाडौं उपत्यकामा एमविबिएसका लागि ३८ लाख ५० हजार र उपत्यकाबाहिर ४२ लाख ४५ हजार रुपियाँ शुल्क तोकेको छ। निजी मेडिकल कलेजहरूले मनपरीरूपमा रु.१३ लाखदेखि २० लाखसम्म चर्को शुल्क असुलिरहेका छन्। सरकारको निरीहपनविरुद्ध चिकित्सा शिक्षाका विद्यार्थी आन्दोलमा उत्रिएपछि सरकारले शुल्क फिर्ता गराउने घोषणा गरेको छ। जनताका छोराछोरी पढ्ने रकममा ब्रम्हलुट मच्चाएर आफ्नो स्वार्थपूर्ति गर्दै आइरहेका सञ्चालकहरूलाई कारबाही नगर्ने हो भने यी मेडिकल माफियाहरूले वर्षेनी दुःख दिइरहने पीडितहरूले बताएका छन्।

सर्वसाधारणको ढाड सेक्नेगरी चर्को शुल्क लिने मेडिकल कलेजहरूमा गण्डकी मेडिकल कलेज पोखरा, नोवेल मेडिकल कलेज विराटनगर, लुम्बिनी मेडिकल कलेज पाल्पा, युनिभर्सल मेडिकल कलेज रूपन्देही,

(बाँकी अन्तिम पेजमा)

चिनियाँ मोडलको दीक्षा : जनतालाई धोका

नेपालमा नवसमाजवादको परिकल्पना सुरु भएको छ । नेपालका कम्युनिस्ट विश्लेषक र कम्युनिस्ट बुद्धिजीविहरूका अनेक पूर्ववर्ती धारणामा परिवर्तन आएको हो कि विचलनका अस्थीर आयामहरूको समुद्रमा पौडी खेल्दै अगाडि बढ्दा र भौतारिँदै जाँदा जस्तो नमुना मिल्छ त्यसैमा विचार अड्याउने उनीहरूको प्रयास हो, अहिले नै प्रस्ट भएको छैन । छिमेकी मित्र राष्ट्र चीनका शक्तिशाली राष्ट्रपतिले चीनको विकासमा अख्तियार गरेको आर्थिक राजनीतिक मोडलका पक्षमा नेपालका कम्युनिस्टहरूमाझ बहस आरम्भ भएको छ । यस बहसलाई समर्थन गर्नका लागि चीनबाट राष्ट्रपति सिका विचार विवेचकहरू, विज्ञहरूसमेत नेपालमा आएर कम्युनिस्ट पार्टीका बुद्धिजीविलाई दिग्दर्शन गराउन लागेका छन् ।

चिनियाँ जनकाँग्रेसले राष्ट्रपति सिका विचारलाई मार्गदर्शक विचार भन्ने स्वीकार गर्दा यस विचारलाई निर्यात गर्ने योजनासमेत बनेको विज्ञहरू बताउँछन् । अर्थात् सन् १९१७ को अक्टोबर क्रान्तिपछि समाजवाद निर्यातगर्ने सोभियत रुसको असफल प्रयासको पाठका रूपमा नवीन धारको जन्म हुन लागेको छ । अर्थात् नेपालका कम्युनिस्टहरूका लागि अरु केही वर्ष आमनागरिकलाई भ्रमित पार्ने वैचारिक मसला प्राप्त भएको छ । मार्क्सले राज्य, राष्ट्र, धर्म, जातका कुनै पनि शब्द स्वीकार गरेका थिएनन् । उनी वर्ग संघर्षमार्फत् विकसित समाजवाद स्थापनाको लक्ष्यमा केन्द्रित थिए । हुने र नहुने, मालिक र मजदूरका बीचमा संघर्ष अनिवार्य हुने र त्यसपछि स्थापित वर्गीय अधिनायकत्वले अन्ततः वैज्ञानिक स्थापना गर्ने कल्पना मार्क्सको थियो ।

जग्गा, घर-बास नभएका, श्रीसम्पत्ति नभएकाहरू, मजदूरी गरी खाने शोषित, पीडित जनता नै मार्क्सका विचारमा सर्वहारा वर्ग हुन् तर आधुनिक कम्युनिस्टहरूको शब्दकोशमा अब त्यस्तो सर्वहारा भेटिने छैन । कम्युनिस्टका नेताहरू, विचारहरू, विश्लेषकहरू नै नवधनाढ्य वर्गमा रूपान्तरित भएको अवस्था छ । सत्ता, शक्ति, सबै मदहरूको जोड नै कम्युनिस्टहरूकालागि धन आर्जन गर्ने, सुविधा लिने र रहेसहेका गरिबहरूलाई सपनाको खेती गराएर आफ्नो, आफ्ना परिवारको र आफन्तको श्रीसम्पत्तिको सुरक्षागर्ने माध्यम र लोकप्रिय नाराअन्तर्गत कम्युनिस्ट शब्दावली, समाजवाद, सर्वहारावर्ग हुन पुगेका छन् । मार्क्सवादका अनुयायी भएको र उनले परिकल्पना गरेको समाज स्थापनार्थ तत्कालीन रुसमा लेनिनले सन् १९१७ को अक्टोबर क्रान्तिमार्फत आफ्ना विरोधीलाई समाप्त पारेका थिए । बहुमतमा रहेको विपक्षीहरूको कत्लेआम गरी प्राप्त सत्तालाई उनले कठोरपूर्वक आरम्भ गरे । उनीपछि सोभियत सत्तामा पुगेका स्टालिनले साम्यवाद निर्यात गर्ने रणनीति बनाए र पूर्वी युरोप हुँदै दक्षिण अमेरिकासम्मको यात्रा तय गरी सन् १९९० पुग्दैगर्दा २५ देशमा कम्युनिस्ट प्रणाली स्थापित भयो ।

अत्यन्त क्रुर शासकमध्ये स्टालिन र पोलपोटको नाम अग्रस्थानमा आउँछ । अहिले उत्तर कोरियाका शासकको नाम त्यसरी नै लिइन थालिएको छ । तर मार्क्सका विचारहरू एकापट्टि थन्काएर लेनिनबाट आरम्भ कम्युनिस्ट सत्ता चीनमा माओ, भियतनाममा हो चि मिन्ह, उत्तरकोरियामा किम इल सुङ, क्युबामा फिडेल क्यास्त्रो, युगोस्लाभियामा मार्सल टिटो, हुँदै कम्बोडियामा दुर्नाम कम्युनिस्ट पोलपोट सत्ता स्थापित भयो । सन् १९९० कै हाराहारीबाट पतनको बाटोमा लागेको साम्यवादी राजनीतिक प्रणालीले पुनर्जीवन पाउन सकेको छैन । बर्लिनको पर्खाल ढल्नुअघि भत्कन लागेकोकम्युनिस्ट राज्य प्रणालीले पोल्यान्डको मजदूर आन्दोलनलाई थेग्न नसकी लोकतन्त्रको अभ्यास थालिसकेको थियो । बर्लिनको पर्खाल विनाशसँगै सोभियत संघ १५ स्वतन्त्र राज्यमा परिणत हुन पुग्यो ।

चीनमा सन् १९४९ मा च्याङ काइसेकमाथि विजय हासिल गरी कम्युनिस्ट प्रणाली सुरु भए पनि माओत्सेतुङले समृद्धि दिन सकेका थिएनन् । चिनिया जनतालाई गरिबी वितरण गर्ने र आफ्नी पत्नी र उनका साथीहरूको महत्वाकांक्षा पूरा गर्न सांस्कृतिक क्रान्तिका नाममा सम्पूर्ण विपक्षी र प्राचीन सम्पदाको विनाश गरेका माओको अवशानपछि उदाएका देङ सियाओ पेङले चीनमा नयाँ आर्थिक नीति अवलम्बन गरे । आजको चीनको आर्थिक परिवर्तनका पिता नै देङ मानिन्छन् । देङ माओको कार्यकालमा दुई वर्षसम्म जेलमा बस्न बाध्य बनाइएका थिए । तर तिनै देङले तियानमेन चोकमा हजारौं विद्यार्थीमाथि बुल्डोजर प्रयोग गरी

पुरुषोत्तम दाहाल

स्वतन्त्रताको माग गर्ने अनेक निर्दोष युवाको जघन्य हत्या गरेको कलंकको टीका लगाएका छन् । त्यही इतिहास हङकङमा दोहोरिने संकेत देखा परिरहेको छ ।

नेपाल कम्युनिस्ट पार्टीको एकीकरणलगत्तै उत्साहितयुवा बुद्धिजीविले दश हजारभन्दा बढी युवालाई एक वर्षभित्रमार्क्सवाद पढाउने उद्घोष गरेका थिए । त्यो उद्घोष पूरा गर्न प्रयास चलिरहेको हुनुपर्छ । वैज्ञानिक समाजवादको भ्रमको अन्त्य धेरै पहिले संसारमा भइसकेको हो । कताकति केही स्वप्नशील र समाजबाट भड्किएकाहरूले हतियारमार्फत वर्ग संघर्षको अभियान चलाइरहेका देखिन्छ र सुनिन्छ । नत्र वर्गसंघर्षबारे पाठ तयार पार्ने कार्ल मार्क्सले घोषणा गर्दै अनिवार्य ठहराइएका विचारका अनेक पुलिन्दा इतिहासको कालचक्रीय गोबरमा विलिन भइसकेका छन् । वर्ग संघर्षको परिकल्पनालाई बिस्तारै सबै कम्युनिस्टले परित्याग गरिसकेका छन् । किनभने संसारका सबै कम्युनिस्टका नाममा स्थापित पार्टीका नेताहरू गरिब, शोषित, पीडितहरूलाई भरिया जस्ता बनाएर आफू नवधनाढ्य वर्गमा रूपान्तरित भइसकेका अवस्था छ ।

कम्युनिस्टहरूको शब्दकोशमा मात्र सीमित सर्वहारा शब्दले उनीहरूकालागि कुनै औचित्य स्थापित हुँदैन । सर्वहारा वर्गको आडमा वर्ग संघर्षमार्फत विकसित समाजवादका परिकल्पनाकार कार्ल मार्क्सका अनेक मान्यतालाई गतिशीलताका आवरणमा कम्युनिस्ट नेता र नेतृत्वले नै विनाश गरिसकेका छन् । मार्क्सले राष्ट्र, राज्यको समाप्ति, जात र धर्मको अस्वीकृति तथा वर्ग समाप्तिको मार्गचित्र तयार पारेका थिए । अहिले यो मार्गचित्रको अवशेष कतै पनि भेटिँदैन । तर नेपालमा कम्युनिस्टहरूको प्रयास फेरि मार्क्सवादको मार्गचित्र कोर्नमा व्यस्त देखिन लागेको छ । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाललाई पहिलो चरणमा बहिष्कार अस्वीकार गर्दै व्यक्ति हत्यादेखि पछिल्लो चरणमा क्रूर हिंसा चलाएका कम्युनिस्टहरू नै अहिले नेपालको शासनसत्तामा छन् । पुष्पलाललाई अस्वीकार गर्ने उग्र जमातले मदन भण्डारीको जनताको बहुदलीय जनवादको आवरणमा लोकतन्त्र स्वीकारेको थियो ।

जनताको बहुदलीय जनवादलाई तिरस्कार गर्दै माओवादीले चलाएको सशस्त्र हिंसामा सत्र हजार नेपालीको रगत बग्यो । माओवादीले प्रचण्डपथ भन्ने ससानो गोरेटो घोषणासमेत गरेका थिए । तर त्यो पनि निष्फल भयो । अब नेपालका कम्युनिस्टहरूकालागि विचारको कुनै गन्तव्य नभेटिएपछि चीनका शक्तिशाली शासक सि चिनफिङको विचारको विरासत बोक्ने प्रयास हुन थालेको छ । यसअघिको दुई पटकभन्दा बढी राष्ट्रपति हुन नपाउने संवैधानिक व्यवस्थालाई उल्टाउँदै संशोधनमार्फत् आफूलाई लामो समयसम्मको शासक बनाउने सुविचारित योजनाका तहत चीनको विकासको मोडेल प्रस्तुत गरेका राष्ट्रपति सिको आसन्न नेपाल भ्रमणका सन्दर्भमा विचार बहसको तीव्रता देखिन लागेको छ । केही दिनपहिले चीनका विदेशमन्त्रीको नेपाल आगमनले नै राष्ट्रपति सिको नेपाल भ्रमणको पूर्वतयारी गरेको स्पष्ट गरेको थियो ।

नेपालको कम्युनिस्ट आन्दोलनका निष्ठावान्, जुझारु नेता, बुद्धिजीवि लोककृष्ण भट्टराईका शब्दमा 'पुष्पलालको पदमार्गबाट शासनमा पुग्नेहरूले चीनका नेताको विचारको वैशाखीमा चढ्नु र राष्ट्रपति सिको पदमार्ग पछ्याउन खोज्नु अत्यन्त लाजमर्दो विषय हो ।' शान्तिपूर्ण संयुक्त जनआन्दोलनको मार्ग थियो पुष्पलालको । पुष्पलालले लोकतान्त्रिक शक्ति र वामपन्थी शक्तिबीचको सहकार्यबाट नै नेपालमा परिवर्तन आउने र देशको विकास हुने विचार प्रस्तुत गरेका थिए । अहिले शासनमा पुगेको कम्युनिस्ट पार्टी पुष्पलालका विचारको अनुशरण गर्दै विगतमा निर्वाचनमा सहभागी भएको हो । तर अब नेपाल कम्युनिस्ट पार्टीको रोलमोडल विचार भने चीनका राष्ट्रपतिको विचार हुन लागेको छ । अहिले चिनियाँकम्युनिस्ट पार्टीका विशेष सदस्यहरू आएर सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीका सदस्यहरूलाई अबको बाटोका विषयमा प्रशिक्षित तुल्याउँदैछन् ।

नेपालमा स्थापित लोकतन्त्रका सार्वभौम मूल्य छन् र यी मूल्य नेपाली जनताको कठोर बलिदान र योगदानका परिणति हुन् । चीन नेपालको अत्यन्त निकटको मित्र र भरपर्दो आधार पनि हो । चीनको राजनीतिक प्रणाली जे/जस्तो भए पनि सम्पूर्ण नेपालीले चीनका विषयमा कहिल्यै पनि नकारात्मक सोच बनाएका छैनन् । अर्थात् छिमेकी मित्रराष्ट्र चीन सबै नेपाली जनताको मनमा समानरूपमा रहेको थियो । तर बिस्तारै चीनको कम्युनिस्ट पार्टीको नेतृत्व र नेपालको कम्युनिस्ट नेतृत्वको सरकार र पार्टी मिलेर चीनलाई कम्युनिस्ट पार्टीको मित्रमा खुम्च्याउन लाग्दै गएको स्पष्ट छ । अहिले पनि चीनमा केही दिनपहिले तीसजना मेयर/उपमेयर अध्ययन भ्रमणमा गएका छन् । तीमध्ये दुईजनालाई छाडेर सबै नै कम्युनिस्ट पार्टीका सदस्य छन् ।

चीनले नेपालको विकासकालागि आर्थिक सहयोग गर्न सक्छ । आर्थिक विकासका सन्दर्भमा केही महत्वपूर्ण सम्झौता पनि भएका छन् । भलै ती स्वप्नशील भए पनि सम्भावनाविहीन देखिँदैनन् । यसको अर्थ चीनले नेपालमा उसले गरेको आर्थिक र राजनीतिक मोडलका विषयमा शिक्षा प्रदान गर्नसक्छ भन्ने पटक्कै होइन । नेपालले अवलम्बन गरेको राजनीतिक प्रणाली र आर्थिक प्रणालीलाई सहयोग गर्नु र चीनको वर्तमान शासकीय मोडलबारे शिक्षा दिनु समान हुनसक्दैन । विगतमा सोभियत रुसले जसरी आफ्नो देशको राजनीति र विचारलाई छरछिमेकमा निर्यात गर्दै गयो त्यसले युरोपमा निरंकुश सत्ताकालागि चरम हिंसाहरूसमेत निम्त्याउने काम गरेको इतिहास छ । नेपाल सानो आकारको भए पनि चीनका लागि महत्वपूर्ण दक्षिण ढोका र सुरक्षा किल्ला पनि हो । अर्को छिमेकी मित्रराष्ट्र भारतकालागि नेपालको भूगोल चीनको भन्दा महत्वको हुन सक्छ ।

अहिले त अन्तर्राष्ट्रिय समुदायले समेत नेपालको भूमिलाई चनाखो आँखाले हेरिरहेको देखिन्छ । यसरी त्रिपक्षीय महत्वको सानो देशको राजनीतिक विचारलाई विस्थापन गर्ने शैलीमा नेपालमा चीनको मोडलका विषयमा बहस चल्नु, चलाइनु कदापि उचित मानिँदैन । नेपालको लोकतन्त्र, गणतन्त्र, संघीयतासहित परिवर्तित लोकतान्त्रिक आदर्श, सिद्धान्त, यसले वरण गरेका मूल्य, मानव अधिकार, स्वतन्त्रता जस्ता विषयलाई सुनिश्चित गर्ने तरिका चीनको वर्तमान शासकीय अभ्यास हुनसक्दैन । लोककृष्ण भट्टराईले भनेजस्तै पुष्पलालको पथबाट सत्तामा पुग्नेहरूले चीनको नियन्त्रित राजनीतिक प्रणालीको पथतिर बहस गर्नु भनेको जनतालाई धोका दिनु नै हो ।

हरेकपलबाट

प्रतिक्रान्तिको संभावना

समकालीन नेपाली राजनीतिमा सबैभन्दा गम्भीर प्रश्न हो- "प्रतिक्रान्तिको संभावना कति छ ?" वर्तमान राजनीतिक घटनाक्रम हेर्दा यस्तो संभावना प्रत्यक्षरूपमा देखापरेको छैन । तर, राजनीतिका भित्री पाटामा कतै न कतै त्यस्तो तरंग नदेखिएको भने होइन । त्यसैले प्रतिक्रान्तिको संभावना समूल रूपमा छँदै छैन भन्ने अवस्था पनि रहेन ।

विसं २०४६ को आन्दोलनलाई नजिकबाट हेर्ने हो भने यसले ऐतिहासिकरूपमा नेपालको प्रजातान्त्रिक आन्दोलनमा बीचको मार्ग अवलम्बन गरेको देख्न सकिन्छ । दरबारको हैसियतलाई सांस्कृतिक र संवैधिनकरूपमा स्वीकार गरेर नेपालका कम्युनिस्टहरू पनि नेपाली काँग्रेसले अपनाएको बहुदलीय संसदीय अभ्यासमा आउन तयार हुनु सबैभन्दा बीचको बाटो थियो । तर, २०५२ सालको फागुन १ गतेबाट कम्युनिस्ट विद्रोहका रूपमा संसदीय व्यवस्थाप्रति असन्तुष्ट एउटा समूह नेपालको पूर्ण रूपान्तरणको सपनासहित हिंसात्मक विद्रोहमा होमियो । यो 'जनयुद्ध'ले नेपाली राजनीतिमा प्रतिकान्तिको पृष्ठभूमि तयार गऱ्यो । विसं २०४७ को संविधानमार्फत संस्थागत गरिएका जनआन्दोलनका उपलब्धिलाई ठाडै चुनौती दिएर सुरू गरिएको यस विद्रोहले कुनै पनि निचोड निकाल्न नसकिरहेको अवस्थामा दरबारमा जन्मिएको अंहकार बढेर संसदीय शक्तिलाई नै किच्ने अवस्थामा पुग्यो । त्यसपछि सात दल र नेकपा (माककवादी)को संयुक्त आन्दोलनले नेपालमा राजसंस्थाको अन्त्य गऱ्यो । त्यसपछि नेपालमा संघीय गणतन्त्रिक लोकतन्त्रलाई शासनको प्रमुख सिद्धान्तको रूपमा अंगीकार गरिएको हो ।

दरबारको शासनको अन्त्य गरेपछि एउटा गम्भीर त्रुटि हुनपुगेको देखिन्छ । जनआन्दोलन दबाउने र पुरानो सत्तालाई पुनःस्थापना गर्न खोज्ने व्यक्तिहरूले परिवर्तित अवस्थालाई स्वीकार गर्न सकिरहेका छैनन् । अझै सबैभन्दा रोचक त अहिले सत्ताभ्यास गरिरहेको शक्तिले यसरी पुरानो सत्ताबाट विस्थापित भएर अप्ठ्यारो मानिरहेको समूहलाई कसरी व्यवस्थापन गर्ने भन्नेतर्फ ध्यान दिन सकेको छैन । हाम्रा विमानस्थलमा पूर्व राजपरिवारका सदस्यहरू देशभित्र वा बाहिर कतै यात्रा गर्दा ठूलो समूहले राजतन्त्रका पक्षमा नाराबाजी गर्दा हामीले त्यसलाई प्रजातान्त्रिक (लोकतान्त्रिक) व्यवहार भनेर 'ठूलो चित्त' देखाएको देखिन्छ । व्यवस्थाको विरोध हामीले स्वीकार गरिरहँदा प्रतिक्रान्तिको पक्षधर को त भन्ने जवाफ प्रश्नमा नै छैन र ? के यस्तो कुरा जायज हो ? यसले के कुरातर्फ इंगित गर्छ ? त्यस्तै हाम्रा मिडियाहरूलाई देशका सार्वजनिक निकाय पूर्णत असफल छन् भन्ने समाचार प्रसार गर्न 'मिसन' पत्रकारिताको अंशको रूपमा प्रयोग गरिएको अवस्थाले के कुरातर्फ संकेत गर्छ ? सरकार कुनै निर्णय नगरीकन बतासे फुल पारेर बसिरहेको छ । सरकारले समयमा उचित कदम नउठाएर निराशाको प्रवर्द्धन गर्नेलाई नै साथ दिइरहेको भान हुन्छ ।

क्षणिक लोकप्रियताले लोकतन्त्रका भित्री तन्तुहरूमा सबैभन्दा ठूलो घात गर्छ । अहिलेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सरकारसँग करिब दुई तिहाइको बहुमत सदनमा छ । यिनका कार्यकर्ताको चर्को स्वर सामाजिक संजालमा सुनिन्छ, गल्ली र चोकमा सुनिन्छ । नेपाली काँग्रेस आफ्नो मलिनो स्वर बेलाबेलामा अभिव्यक्त गर्छ,तर त्यसमा नेपाली समाजको वास्तविक चरित्रको तस्बिर नहुने र जनआकांक्षा वा सरोकारका विषयवस्तुहरू समेट्न नसकेको हुनाले जनता र शासनलाई नियमन गर्ने निकायहरूबीच सबैभन्दा ठूलो रिक्त स्थानको सृजना भएको छ । सत्ता पक्ष र प्रतिपक्ष दुवै इतिहासको सबैभन्दा जटिल विन्दुमा आआफ्नै कारणले पुगेका छन् । यही विन्दुमा रिक्त स्थान खडा भएको छ । यही रिक्त स्थानले नै प्रतिक्रान्तिका लागि आधारभूमि तयार गर्छ ।

क्रान्तिपूर्व सत्तामा रहेको वर्गलाई पुनः सत्ता प्राप्तिको सपना बिस्तारै पुनर्जागृत हुनथालेको देखिन्छ । यसरी जाग्न थालेको आगोको भुंग्रोमा कहिले योगेश भट्टराई पर्छन् त कहिले अरू नै । समयमा नै यसको व्यवस्थापन भएन भने अमेजन खान्छ यो आगोले । यो आगोको भुंग्रोले कुनै दल विशेष भनेर कसैलाई संरक्षण गर्ने वा अरू कसैलाई हानी गर्ने भन्ने हुँदैन ।

एउटा समयमा सत्ता भोगको सबैभन्दा ठूलो सुख अनुभूत गरेको वर्गलाई क्रान्तिपश्चात छटपटी हुनु स्वभाविकै हो । सुखका, खुसीका दिन, आफन्तका खातिर आफूले केही दिनुको मजा सबै सकिँदा कस्तो अनुभूत हुन्छ, परिवर्तित अवस्थामा भन्ने कुरा तिनले अहिले अनुभव गरिरहेका होलान् । त्यसैले तिनलाई छटपटी हुनु स्वाभाविक हो तर राज्यको उदासीनताले उनीहरूको नै पृष्ठपोषण गरिरहेको छ ।

उपभोक्तावादी संस्कृतिको प्रभुत्व भएको परिप्रेक्षमा हामीले देशलाई समाजवादतर्फ उन्मुख भनेर घोषणा त गऱ्यौं तर आजसम्म उत्पादनका साधनलाई राज्यले परिभाषित गर्न सकेको छैन । यसरी हामीले कल्पना गरेको एकोहोरो समाजवाद उपभोक्तवादमा आधारित हुने र अर्थमन्त्री, कृषिमन्त्री, श्रममन्त्रीजस्ता प्रमुख हस्तीहरू नै उत्पादन र वितरणको प्रश्नप्रति अत्यन्त वेपर्वाह देखिने परिस्थिति नै समाजवाद प्रतिकूल छ । उपभोक्तावादी समाजवाद भनेको नै एउटा विरोधाभाषपूर्ण अवस्था हो जसमा दुवैले परस्परलाई निषेध गरिरहेका हुन्छन् । हामीले राज्यलाई उपभोक्तवादी संस्कृतिबाट कसरी बाहिर

डा. कोमल फुयाल

ल्याउने हो सोचिरहेका छौं । यस्तो अवस्थामा राज्यलाई पुँजीपति वर्गले घेराबन्दी गरेर नाफा आर्जनको साधनको रूपमा प्रयोग गर्छन् । हामीले देखेको यही हो र अहिलो भइरहेको पनि यही हो । चतुररवाचाल राजनेताले क्रान्तिका विभिन्न पदावलीलाई रोचकरूपमा प्रयोग गरेर जनतालाई अल्मल्याउने खेलमा लगाउँछन् । यहींबाट राज्यसत्ता र जनअपेक्षाबीचको खाली स्थान अझै चौडा बन्छ र प्रतिक्रान्तिको आधारभूमि अझै दरिलो हुन पुग्छ ।

उपभोक्तावादी संस्कृतिका संरक्षकहरू नै दलका नेतृत्वमा छन् । सरकारको बागडोर समाली रहेका छन् । यो विरोधाभासले नै प्रतिबनदमा परेको शक्तिका लागि व्यापक निराशाको अवस्था सृजना गरेर अप्रत्यक्ष रूपमा सहयोग गरिरहेको देखिन्छ । बेलाबखत सेनालाई उक्साउन प्रयास गर्ने संघीयता भनेको जनता विरोधी शासन हो भनेर प्रचार गर्ने, अवाञ्छितरूपमा करको आकारलाई बढाएर रोमाञ्चक किसिमको उत्ताउलो राजनीतिक निर्णय गर्ने, स्थानीय तहदेखि केन्द्रीय तहसम्म रहेका नेताहरूले सार्वजनिक सम्पत्तिमा आँखा गाड्ने, अपचलन गर्ने, आफ्ना कार्यकर्तालाई लाभ कसरी दिन सकिन्छ भनेर राजनीतिक निर्णयहरू आफ्नो प्रभावमा गर्न भएसम्मका सबै सत्ता सञ्चालनका साधन प्रयोग गर्ने, सार्वजनिक सम्पत्ति हरण गर्ने नै ठगियो भनेर राज्यले प्रचार गर्ने, राज्य व्यवस्थाको विरोधमा लाग्नेहरूलाई कुनै पनि प्रकारको दण्ड सजायको व्यवस्था नगर्ने, राजनीतिक आस्थाका आधारमा नागरिकहरूप्रति व्यवहार गर्ने, नीतिगतभन्दा व्यक्तिगत रोजाइको आधारमा सत्ता सञ्चालन गर्नेलगायतका कामकुराले पूर्वराजाका पक्षधरहरूले गरेको प्रयासभन्दा प्रतिक्रान्तिका लागि ठूलो सहयोग गरेको देखिन्छ । यस अर्थमा सत्ता पक्ष नै प्रतिक्रान्तिको पक्षधर हुनपुगेको छ । हुन त सत्ता पक्षले आफूलाई पूर्वराजाको भन्दा पूर्णतः विपरीत अवस्थितिमा राख्न खोज्छ तर वैचारिकरूपमा हेर्दा दुवैको चाहना एउटै देखिन्छ ।

त्यस्तै हालको अवस्थामा देशका राजनीतिक दलहरू सबैभन्दा कमजोर अवस्थामा छन् । नेकपा सञ्चालनको प्रमुख सिद्धान्त तदर्थवादमा आधारित छ । यसको महाअधिवेशन कहिले हुन्छ कसैलाई थाहा छैन । हाललाई नेकपाको दलीय नेतृत्वको अन्तिम स्रोत केपी ककली र पुष्पकमल दाहालबीचको समझदारी हो । यी दुई व्यक्तिको भाग जोखाइबाट सम्पूर्ण पार्टीको नेतृत्व तयार भएको छ । अध्यक्ष द्वयको रूचिमा नपरे पनि जनताले रूचाएका कति मानिस दलभित्रको नेतृत्वभन्दा बाहिर पुगेका छन् भन्ने लेखाजोखा हुनसकेको छैन र निकट भविष्यमा पनि त्यसो हुने छाँटकाट देखिएको छैन । सर्वोच्च केन्द्रले मनोनयन जसलाई गऱ्यो त्यही नेता भयो । पार्टीमा कति काम गऱ्यो वा गरेन, कति कार्यकर्ताले रूचाए वा रूचाएनन् सबै अहिलेलाई गौण विषय हुन् । त्यस्तै नेपाली काँग्रेसले जति नै जागरणको गीत गाए पनि कुन विचार यसले अवलम्बन गर्दैछ, पार्टीले कुन दिशा ग्रहण गर्दैछ भनी जनताले पत्तो पाउन सकिरहेका छैनन् । त्यस्तै यसको आगामी महाअधिवेशन समयमा हुने हो कि होइन भन्ने नै सबैभन्दा शंकास्पद छ ।

जनाधारलाई बेवास्ता गरेर तयार गरिएका राजनीतिक संगठनहरू आआफ्ना निजी क्लब त हुन सक्छन् तर राजनीतिक दल हुँदैनन् । अहिलेको नेकपा तदर्थवादको भूमरीमा परेर विखण्डनका लागि तयार भएको तर प्राविधिकरूपमा संसद्मा दुई तिहाइ बहुमत भएको एउटा शक्ति हो । यसको बहुमतले नै यसलाई हाललाई एउटै पार्टीको रूपमा राखेको छ । वास्तवमा नेकपा भनेको ककली-दाहालको क्लब हो । त्यस्तै महाअधिवेशन गर्न ढिलो भएमा तदर्थवादलाई अभ्यास गर्न तयार भएर बसेको अर्को दल नेपाली काँग्रेस हो । महासमितिको निर्णय नै पर धकेलिएको अवस्थामा नेपाली काँग्रेसको अवस्था पनि कुनै बलियो छैन । विचारमा कुनै मौलिकता नभएका र व्यक्तिगत सम्बन्धका आधारमा गुट र उपगुट सृजना गरेर बाँचिरहेका यी दुवै दलहरूले आफ्ना दलहरूमा जनाधारलाई सबैभन्दा कमजोर शक्तिको स्रोतका रूपमा बुझेका छन् । सबैभन्दा ठूलो भुल नै यही हो । यसले नै प्रतिक्रान्तिका लागि सबैभन्दा ठूलो ऊर्जा प्रदान गर्ने निश्चित छ ।

विसं २०६२र६३ को जनआन्दोलनपछि नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भयो । त्यसको अर्थ राज्यले आफूलाई धर्मको ममलामा मौन राख्छु आफ्ना कुनै धार्मिक रोजाइलाई कानुनी आधार प्रदान गर्दिन भनेर गरेको वाचा गर्नु थियो । कुनै पनि संस्थाको धर्म, लिंग, वर्ण र जात छुट्याउनु हाँस्यास्पद भएजस्तै सर्वोच्च संस्थाको रूपमा रहेको राज्यलाई परिभाषित गर्न यी आधारहरू युगसम्मत रूपमा तर्किक हुँदैनन् भन्दा जनताको व्यक्तिगत जीवनमा धर्मको उपस्थितिलाई राज्यले अस्वीकार गऱ्यो भन्ने गाई छाप्नेहरू चुनावी मैदान कुदेर आफ्नो बाक्लो उपस्थिति जनाउन सफल भए । त्यसलाई प्रतिक्रान्तिको वा व्यवस्थाको विरूद्धको भावनाको संगठित अभिव्यक्ति भन्दा हुन्छ । तर, नेपाली काँग्रेसले नै एउटा धारको रूपमा सोही भावनालाई बोकेर हिडिरहँदा नेपाली जनताहरू सशंकित नै थिए । हालै नेपाली काँग्रेसमा उपसभापति विमलेन्द्र निधिले स्पष्ट रूपमा नेपालमा धर्म निरपेक्षता कामय रहन्छ भनी सक्नेपछिको अवस्थामा पनि उनको स्पष्टोक्तिप्रति शंका गर्ने ठूलै जमात अझै पनि बाँकी छ - पार्टीबाहिर, पार्टीभित्र ।

धर्म र राजनीतिलाई अझै खिचडी बनाउने काम आधिकारिक स्तरबाटै आर्यघाटमा राष्ट्रिय गान बजाएरमात्र भजन गाउने भन्ने हास्यास्पद निर्णय गरेर सरकारले गरेको छ । त्यस्तै असोज ३ गतेदेखि चलचित्र भवनमा पनि यस्तो अभ्यास हुने भनि गरिएको निर्णयले जनताको निजी जीवनमा राज्यले आफ्नो उपस्थिति खोज्दा हुने ठूलो दुर्घटना त ल्याउने नै छ प्रहरी र जनताको अनावश्यक टकरावका लागि राज्यले खोजी गरेको यो निर्रथक कदमले प्रतिक्रान्तिका संवाहकहरूलाई पूनः मलजल गर्नेछ । आर्यघाट, पशुपति क्षेत्र भनेको धार्मिक र सांस्कृतिक क्षेत्र हो । त्यहाँ भजन गाउनुअगाडि राष्ट्रिय गान गाउँदा देशभक्तिको दिशामा कुनै योगदान हुँदैन । तर, सरकारको रूचि भने यस्तै कुरामा मात्र देखिन्छ । त्यस्तै चलचित्र हेर्दा वा कुनै उपन्यास पढ्दा राष्ट्रियताको भावनाको पुष्पाञ्जली किन गर्नुपर्छ भन्ने पनि सरकारबाहेक अरूले बुझेको देखिएन । यसले कसलाई फाइदा पुर्‍याउँछ ? त्यसको हिसाब समयले राख्ने नै छ ।

क्रिश्चियानिटीप्रति अगाध श्रद्धाभाव देखाउन उद्यत सरकारले चर्चको कार्यक्रममा आफ्नो आधिकारिक उपस्थिति जनाउनुले पनि सनातन धर्म व्यवहारमा आस्था राख्ने मानिसहरूलाई अप्ठेरोमा पारेको थियो । सांस्कृतिक पर्वहरूमा हिन्दुहरूलाई बिदा नदिएर राज्यले उनीहरूको मन दुखाउने नीति त अख्तियार गरी नै रहेको छ । यसरी सत्ताले पारेको चेपुवाले कसलाई फाइदा पुर्‍याउँछ ? राजालाई देवता भनेर शाहको पछाडि "देव" झुन्ड्याउने परम्परालाई यसले मलजल गर्छ कि खुम्चाएर राख्छ ? यी प्रश्नहरूको जवाफ कसले खोज्ने हो ? त्यस्तै के दलीय राजनीतिमा तदर्थवादलाई तोडेर जनाधारलाई स्थापित गराउने, नयाँ नेतृत्व चयनको पद्धतिलाई सबल बनाउने दिशामा निर्णय लिनु पर्दैन ? के हाम्रो समाजको उपभोक्तावादी व्यवस्थाले समाजवादको लक्ष्यलाई हासिल गर्न सहयोग पुर्‍याउँछ कि त्यस्तो कुराबाट हामीलाई रोक्छ ? उपभोक्तावादले रोक्छ भने यो कुराको हेक्का राखी राज्यले उत्पादनमुखी समाज निर्माणको दिशामा निर्णयहरू गर्नु पर्दैन ? के यी कुरा राजा वा भूमिगत शक्तिबाट प्रायोजित भइरहेका हुन् ?

पछिल्लो चुनावबाट सरकार बन्दाको अवस्थामा जेजस्ता जनअपेक्षा थिए तिनलाई सरकारले पूरा नगरेको वा गर्न नसकेको सत्य हो । सरकारले जनभावनालाई सम्मान गर्न नसेकेको अवस्थामा विसं. २०६२र६३ को जनआन्दोलनभन्दा पहिला देशको सत्ता सञ्चालन गर्नेहरूको असन्तोष जनतामा सञ्चारित हुनु स्वाभाविक त हो तर वाञ्छनीय होइन । यस्तो असन्तोषलाई आफ्नो पक्षमा रूपान्तरण गरेर समृद्धिको दिशामा देशलाई लैजान नसकेको बेला पूर्वसत्तासीनहरूबाट हालको अवस्थामा प्रत्यक्षरूपमा प्रतिक्रान्तिको संभावना त छैन । तथापि, भूमिगत तहबाट आन्दोलनरत शक्तिलाई यसले ठूलो फाइदा पुर्‍याउनेमा द्विविधा छैन ।

बाह्रखरीबाट

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)

सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),

कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)

कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल

प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर

काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं

फोन: ०१–४२६७०६४

इमेल :nayabimarsha@gmail.com,

मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

के नेपालमा सरकार छ ?

शान्तिकृष्ण अधिकारी

२०७६ असोज ३ गते संविधान घोषणा भएको चार वर्ष पूरा भयो । आम नागरिकले यो अवसरमा विविध कार्यक्रम सहित संविधान दिवस मनाई रहेका छन् र लोकतन्त्र प्राप्तिको खुशीयाली व्यक्त गरी रहेका छन् । जनताको बलिदानी, रगत र पसिनाबाट प्राप्त संविधानलाई घोषणा पश्चात् देशी विदेशी विद्वान्हरुले अत्यन्त उत्कृष्ट संविधान भनेका थिए । नेपाली जनताले पनि त्यही रुपमा लिएका छन् । यसको समावेशी चरित्रका कारण अहिले मुलुकका राजनीतिक देखि प्रशासनिक अनि शिक्षा क्षेत्रका सबै निकाय इन्द्रेणी जस्तै सुन्दर बन्न पुगेका छन् । तर यही संविधानमाथि सत्तारुढ दल र प्रधानमन्त्रीले संकट देख्न थाल्नु अचम्मको विषय बनेको छ । कसले निम्त्याउँदै छ त संकट ?

करिब दुई वर्षअघि देखि नेपालमा कम्युनिष्टहरुको सरकार छ । सरकार मात्रै होइन, करिब दुई तिहाई बहुमतको तर बोलीचालीमा दुई तिहाईकै सरकार छ । यसको मतलब वि.सं. २०१६ मा जननायक विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा गठित नेपाली काँग्रेसद्वारा गठित दुई तिहाईको सरकार पछिको सर्वाधिक शक्तिशाली सरकार छ । चाहे बमोजिमको निर्णय गरी नेपालको प्रशासनिक तौरतरिकामा परिवर्तन ल्याउन मात्र होइन, संविधानमा कुनै कमजोरी छन् भने तिनलाई सच्याउन सक्ने बहुमत यो संग छ । मुलुकको मुहार फेर्ने इच्छा यो सरकारसंग हुने हो भने त्यसलाई कार्यान्वयन गर्न पनि कुनै शक्तिले छेक्न नसक्ने शक्ति यो सरकार संग छ ।

शक्तिशालीले आफ्नो शक्ति केमा र कसरी प्रयोग गर्ने हो भन्ने मूल प्रश्न हो । शक्तिको सदुपयोग गर्ने हो भने त्यसले अझ बढी ऊर्जा प्रदान गर्दछ । दुरुपयोगको मार्गमा लाग्दा विनाश निम्त्याउँछ । त्रेता युगमा रावण विद्वत्ता र शक्ति दुबैमा अब्बल थियो तर उसले आफ्नो क्षमतालाई दुराचारमा बदल्दा भगवान् विष्णुले रामको अवतार लिई उसको कार्यकालको अन्त्य गर्नु पऱ्यो । द्वापर युगमा कंशको अत्याचारबाट मुक्ति दिलाउन कृष्ण प्रकट भएका थिए । तिनीहरुले आफुसंग भएको सत्ता र शक्ति लोकको हितमा प्रयोग गरेको भए उनीहरुका साथै जनताको पनि जय जय हुने थियो ।

प्रश्न उठ्न थालेको छ, यो सरकारसंग पनि रावण र कंशकै बराबरी शक्ति छ तर त्यो शक्ति कतातिर प्रयोग हुँदैछ । वर्तमान प्रधानमन्त्री ओलीले आमनिर्वाचन अघि गरेका राष्ट्रवादी भाषणहरुलाई जनताले पत्याए । एमाले र एमाओवादीको एकताले बहुमत पाएमा राजनीतिक स्थिरता आउँछ र त्यो स्थिरताका कारण देशले अग्रगति लिन्छ भन्ने विश्वास मतदाताले लिए । त्यसैका आधारमा बहुमत मात्रै होइन, केही साना दललाई साथ लिएमा दुई तिहाई बहुमत नै पुग्ने गरी जिताए । दुःखका साथ भन्नु पर्ने बेला आएको छ - कतै त्यो आशा माथि निराशा थपिँदै गएको त हैन, कतै त्यो विश्वास माथि कुठाराघात भएको त हैन, कतै जनताले नेकपाबाट ठूलो धोका पाएका त हैनन् ।

अब नेपालीले दुई छाक भात खानका लागि काम गर्न पर्दैन, समृद्धिका लागि मात्रै काम गर्नु पर्छ । भात खाने मात्र उद्देश्य छ भने घरै बस्नुस्, भात आइपुग्छ - प्रधानमन्त्रीले भनेका थिए । उनैले भने - खाना पकाउने ग्यासका लागि लाइन लाग्न पर्दैन, घरघरमै पाइप आइपुग्छ । यस्ता अनगिन्ती आश्वासन पाएका थिए जनताले । भोका अझै भोकभोकै मरी रहेका छन् । ग्यास अहिले पनि काँधमा बोकेर जनता दौडिन परी रहेको छ । बरु सरकारका अर्थमन्त्री बजेट भाषण अनुरुपको प्रगति हुन सकेन भनेर मध्यावधि बजेट पेश गर्ने कुरो आफै गर्दै थिए केही अघि । देशले ओरालो बाटो समाती रहेको छ ।

जनतालाई प्रत्यक्ष सकारात्मक असर पुर्याउने कुरा होइन (कामको त आशा गर्ने नपर्ने भएको छ), विश्वका अति विकसित देशहरुसंग प्रतिस्पर्धा हुने विकासका मोडलको नारा घन्काउन अझै छाडेको छैन यो सरकारले । पानी जहाजको कुरा गर्छ, रेलको कुरा गर्छ, हावाबाट बिजुली निकाल्ने कुरा गर्छ अझै पनि तर काठमाडौंका जनतालाई आउनै लागेको मेलम्चीमा विभिन्न अवरोध सृजना गरेर ढिलाई गर्छ । बौद्ध, थानकोट लगायतका सडक मन्त्री र प्रधानमन्त्रीका भाषणमा बनी सके भन्दा हुन्छ, जनता चिप्लेका चिप्ल्यै छन् । गाउँ गाउँका जनता एक गाग्री पानीका लागि पूरै रात खर्च गरी रहेका छन् । सुधारको कुनै संकेत अद्यापि पाइएको छैन । रातारात परिवर्तन जनताको अपेक्षा होइन, तर यो दुई वर्षको अवधिमा सुधारका पाइलाहरु अघि बढेको हेर्न चाहेको थियो जनमानसले ।

सरकार सबल हो कि दुर्बल, सरकारकै काम कारवाहीबाट आशंका उत्पन्न हुन थालेको छ । गुठी विधेयक प्रस्तुत गर्यो संसद्मा - फेल, मिडिया विधेयक पेश गर्यो - फेल, सुरक्षा विधेयक लैजाने तयारी गर्यो - फेल । विश्वविद्यालयहरुमा उपकुलपति पद खाली भएको डेढ महिना भइसक्यो, नियुक्त गर्न सक्दैन सरकार । राष्ट्रिय नीति प्रतिष्ठान गठन गर्छ - संयोजकले तुरुन्तै राजीनामा गर्दछन् । संवैधानिक आयोगहरुमा अध्यक्ष मात्रै नियुक्ति गर्छ (सबै आयोगमा होइन, कतिपयमा नियुक्त गर्न सकेकै छैन), सदस्यहरु नियुक्ति गर्न सक्दैन, त्यसैमा पनि असन्तुष्टि जाहेर गर्दै नियुक्त भएकाले राजीनामा दिन्छन् । अर्थात् स्थिर सरकारले गरेका कुनै पनि काम स्थिर हुन सक्दैनन् । यो के को लक्षण हो बुझी नसक्नु छ । यसमा दुइटा कारण हुन सक्दछन् - एक, यो सरकार र सत्तारुढ दलको कार्यक्षमता र कार्यदक्षता नै छैन, दुई, सत्तारुढ दलको यो संविधान र लोकतान्त्रिक व्यवस्था माथि आस्था नै छैन ।

विश्वव्यापी रुपमै कम्युनिष्टहरुमा राज्यसत्ता सञ्चालन गर्ने क्षमता हुँदैन भन्ने प्रमाणित भइसकेको छ । नेपाल जस्तै केही अविकसित मुलुकमा कम्युनिष्ट शासन छ, चीन बाहेक, अन्यत्र छैन । जहाँका जनता अशिक्षित या गरिब छन् या अधिनायकवादसंग लड्न असक्षम छन्, त्यहाँ मात्र फोस्रा आश्वासनका भरमा कम्युनिष्टहरुले शासन गरी रहेका छन् । जनता शिक्षित भएका ठाउँमा लोकतन्त्रवादीहरुकै सत्ता छ । तसर्थ सचेत जनता भएका ठाउँमा कम्युनिष्टहरुले सत्ता चलाउने कार्यक्षमता नभए झैं नेपालको बदलिँदो परिस्थितिमा दुई तिहाई बहुमत भए पनि कम्युनिष्ट सत्ता नाकामी बन्दै गएको हुन सक्दछ ।

दोस्रो, नेकपाको दस्तावेजमा लोकतान्त्रिक पार्टी नेपाली काँग्रेसलाई शत्रु भनी उल्लेख गरिएको छ । नेकपा लोकतान्त्रिक भएको भए काँग्रेसलाई उसले प्रतिस्पर्धी पार्टी भन्यो होला । नेकपाले चीनबाट विज्ञहरु बोलाई त्यहाँका राष्ट्रपतिको सिद्धान्त, आदर्श, विचार, कार्ययोजना र रणनीतिहरुका बारेमा आफ्ना कार्यकर्ताहरुलाई प्रशिक्षण दिँदैछ । संसद्लाई बोकाको टाउको राखेर कुकुरको मासु बेच्ने ठाउँ भन्ने एमाले नै हो । संसदीय व्यवस्थामा प्रवेश गर्दै गर्दा ढाडमा टेकेर टाउकोमा हान्ने भन्ने माओवादी हो । तिनै दुबैको सम्मिश्रण नेकपा हो भने यो दलको लोकतान्त्रिक व्यवस्था र यो संविधान माथि पूर्ण आस्था छ भनेर विश्वास गर्न कठिन छ ।

यसैले पनि मुलुकमा मौलाउँदै गएको अराजकता, फस्टाउँदै गएको भ्रष्टाचार र सीमा नाघेको कुशासनमा कतै सरकार र सत्तारुढ दलकै योजना मुताबिक त होइन भन्ने शंका पलाउँदै जान थालेको छ । महङ्गीले जनताको ढाड सेक्न थालेको करिब दुई वर्ष भयो । नियन्त्रणको कुनै उपाय रचिएको छैन । बरु चिनी व्यापारीसंग प्रधानमन्त्रीले सीधा सम्पर्क गरी माफियागिरीलाई प्रोत्साहन गरे झैं हरेक दृष्टिबाट सरकार ठेकेदारहरुबाट सञ्चालन हुन थालेको आभाष मिल्दैछ । बलात्कार र हत्याका दोषीहरु पक्डिएर कारवाहीमा परेको सुन्नै छाडिएको छ । बिग्रे भत्केका सडकहरु बने भन्ने समाचार त आउँछन् तर बनेको देख्न पाइँदैन । यी सबै जनतामा निराशा पैदा गर्ने अवस्थिति हुन् ।

संवैधानिक आयोगहरुमा नियुक्ति नगरे तिनले काम पाउँदैनन् । काम भएन भने सरकारका अंगहरु शिथिल हुन्छन् । विश्वविद्यालयहरुमा उपकुलपति नियुक्ति नगरे उच्च शिक्षाको जिम्मा लिएका संस्थाहरु निकम्मा हुन्छन् । विश्वविद्यालयहरु नै धराशायी भए भने देशको उच्च शिक्षा डाँवाडोल हुन्छ । उच्च शिक्षा क्षेत्र नै भद्रगोल भए पछि देशका विकासका अन्य अवयवहरु दुरुस्त हुने सम्भावना नै रहँदैन ।

यस्ता क्रियाकलापहरुले जनतामा आक्रोश पैदा गर्दछन् । शुरुशुरुमा जनताले मन्त्री प्रधानमन्त्रीहरुलाई गाली गर्दछन् । दुई तिहाई बहुमत भए पनि काम गरेन भनेर नेकपालाई सराप्दछन् । यही क्रमलाई बढाउँदै लगे पछि जनताको रिस सरकार र पार्टीमा मात्र सीमित हुँदैन, त्यो बढेर प्रणालीमा पुग्दछ । अन्त्यमा गएर जनताबाट यो संविधान नै ठीक छैन, यो लोकतान्त्रिक परिपाटी नै गलत छ भन्ने नारा लाग्न थाल्दछ । देशमा अराजकता पैदा हुन्छ र व्यवस्था माथि नै संकट आउन सक्दछ । नेकपाले यही परिस्थितिको आँकलन गरी त्यही अवस्था सृजना गर्ने कुत्सित मनसाय राखेर अघि बढी रहेको त होइन भन्ने पनि आशंका गर्न थालिएको छ । किनकि नेकपाको उद्देश्य लोकतान्त्रिक व्यवस्थालाई सुदृढ गराउनु नै होइन भन्ने त उसका दस्तावेजहरुले बोली रहेका छन् ।

संविधान स्थापित भइसकेको छ । संविधान बमोजिमको अत्यधिक बहुमतको नेकपाको सरकार केन्द्रमा छ । मुलुकका सात प्रदेशहरु मध्ये ६ वटामा नेकपाकै बहुमतका सरकार छन् । प्रदेश नं. २ मा भने नेकपा सगै मिलेको फोरम र राजपाको संयुक्त सरकार छ । न प्रदेशका नाम तोक्न सकेका छन्, न सदरमुकामहरु नै तय गर्न सकेका छन् । बरु वर्तमान संविधान र लोकतान्त्रिक व्यवस्था माथि संकट देखा पर्न थालेको कुरा सत्तारुढ दलका दुइटै अध्यक्षहरु केपी ओली र प्रचण्डले ओकल्न थालेका छन् । जनता संविधान र व्यवस्था दुबै माथि आश्वस्त छन् । कुनै कुनाबाट पनि विरोधको स्वर गुञ्जिएको छैन भने प्रधानमन्त्रीले नै यसो भन्नुमा सरकारकै नाकामीलाई दोष दिन खोजिएको त होइन ?

के हो कुर्सीयोग ? कसरी गर्ने ?

डा विनोद घिमिरे

योग पूर्वीय सभ्यताको एक महत्वपूर्ण विधा हो । जसले हामीलाई आरोग्य प्रदान गर्दै उच्चतम चेतनासम्म पुर्याउँछ । पछिल्लो समयको व्यस्त तथा अधिक प्रतिस्पर्धी जीवनयापनसँगै योगको उपयोगिता बढिरहेको छ । विभिन्न अनुसन्धान तथा प्रयोगबाट सिद्ध योग अबहाम्रो दैनिक क्रियाकलापमा प्रयोग गर्नुपर्ने आवश्यकता छ । यही भएर नै योगलाई विभिन्न ठाउँ र साधनका साथ अभ्यास गर्ने चलन बढेको छ । यस्तो प्रयोगमध्ये योगमा कुर्सीको प्रयोग पनि एक हो । यसलाई कुर्सी योग पनि भन्न सकिन्छ । सहज हिसाबले बस्नका लागि कुर्सीको प्रयोग गरिन्छ । यही कुर्सीको अधिक तथा अनुपयुक्त प्रयोग हाम्रा लागि धेरै रोगको कारण पनि बन्न सक्छ ।

हामी कार्यालयमा धेरै समय कुर्सीमै बिताउछौं । अहिलेको सूचनाको युगमा त अधिक समय मोबाइल, कम्प्युटरको अत्यधिक प्रयोग गर्नुपर्ने हुन्छ । जसका कारण आँखा, घाँटी, कम्मर, हाडजोर्नीरोगबाट पीडित हुँदैछौं । यस्तो समस्याबाट पार पाउन कुर्सी योग उपयोगी हुन सक्छ । कुर्सी योगको सुरुवात २०औंशताब्दीको पछिल्लो कालखण्डमा भएको पाइन्छ । यसको प्रयोग बुद्यौली तथा शारीरिक रूपमा कठिन अभ्यास गर्न नसक्ने बिरामीहरूमा विशेष रूपले गरिन्छ । कुर्सी योगको प्रयोगले शरीरका जोर्नीहरूमा लचकता बढाउन सहयोग गर्दछ । कुर्सी योगले तनावपैला गराउने हार्मोन (अयचतष्कयी) को मात्रा घटाई विश्राम प्रदान गर्दछ । फलस्वरूप नसर्ने रोगको रोकथाम भई आरोग्य प्राप्त हुन्छ । यसका अतिरिक्त लामो समय कुर्सीमै बिताउनुपर्ने पेसाका मानिसलाई पनि कुर्सी योग उपयोगी हुन्छ ।

त्यसैले कार्यालय वा घरमै पनि कुर्सीको प्रयोग गरी योग गर्न सकिन्छ । सकेसम्म खाली पेट वा खाना खाएको ३ घन्टापछि योग गर्नु उपयुक्त हुन्छ । कुर्सी योग गर्दा सकेसम्म शान्त ठाउँको प्रयोग गर्नुपर्छ । यतिबेला इलेक्ट्रोनिक सामानको प्रयोग गर्नुहुँदैन ।

कुर्सी योगका तरिका

कुर्सीसूर्य नमस्कार

पहिले कुर्सीमा बसेर दुवै हात जोडेर नमस्कार गर्नुहोस् । सास तान्दै दुवै हात टाउकोमाथि तन्काउनुहोस् । सास छोड्दै अगाडि झुकेर दुवै हातले जमिन छुने प्रयास गर्नुहोस् । दायाँ घुँडालाई खुम्च्याउँदै छातीमा जोड्ने, दुवै हातले दायाँ घुँडाभन्दा मुनि समाई टाउको पछाडि लग्नुहोस् । दायाँ घुँडा भुइँमा राखी बायाँतर्फ पनि सोही कर्म दोहोऱ्याउनुहोस् । दुवै हातले कुर्सीको भागलाई समाई दुवै खुट्टा अगाडि सिधा तन्काउनुहोस् । दुवै खुट्टा भुइँमा राखी दुवै हात टाउकोमाथि लगेर तन्काउनुहोस् ।

कुर्सी त्रिकोणासन

उभिएरकुर्सीको दुवै खुट्टा फट्टाउनुहोस् । दुवै हात काँधको तहसम्म फैलाई दायाँ हातले घुँडा नखुम्च्याई दायाँतर्फ कुर्सीमा हात राख्नुहोस् । यही अवस्थामा केहीबेर बस्नुहोस् । अब पुरानै अवस्थामा आउनुहोस् । त्यसपछि अर्कोतर्फबाट पनि सोही क्रम दोहोऱ्याउनुहोस् ।

कुर्सीवक्रासन

कुर्सीमा बसेर दायाँ हातले बायाँ घुँडासमाउनुहोस् । बायाँ हातले कुर्सीको माथिल्लो भागलाई समाई बायाँतर्फ टाउको फर्काएर बायाँ काँधमा हेर्नुहोस् । एकछिन यो अवस्थामा बसेर फेरि पुरानो अवस्थामा फर्किनुहोस् । यो क्रमलाई अर्कोतर्फ पनि दोहोर्याउनुहोस् ।

कुर्सीवृक्षासन

कुर्सीको छेउमा उभिएर बायाँ हातले कुर्सीमा समाउनुहोस् । दायाँ खुट्टा मोडेर पैतालाको बायाँ घुँडाको भित्री भागमा राख्नुहोस् । दायाँ हात टाउकोमाथि सिधा राख्नुहोस् । केही समय यो अवस्थामा रहनुहोस् । अर्कोतर्फ पनि यो क्रम दोहोर्याउनुहोस् ।

कुर्सीगरुडासन

कुर्सीमा बसेर दायाँ खुट्टा बायाँ पिडुँलाको पछाडि राख्नुहोस् । दुवै हात कुहिनाबाट मोडी एकापसमा बटारेर नमस्कार मुद्रामा आउनुहोस् । सिधा अगाडि हेरेर केहीबेर बस्नुहोस् ।

कुर्सीसूक्ष्म व्यायाम

कुर्सीमा बसेर खुट्टाका गोलीगाँठालाई १०/१० पटक सुल्टो र उल्टो घुमाउनुहोस् । कुर्सीमा बसेर घुँडा खुम्च्याउने र तन्काउने १०-१० पटक गर्नुहोस् । दुवै हात काँधको तहमा सिधा अगाडि राखी हातका औंलालाई नाडीको जोर्नीबाट तलमाथि १०-१० पटक मोड्नुहोस् । दुवै हात काँधको तहमा सिधा अगाडि राखी कुहिनाबाट हात तलमाथि १०-१० पटक गराउनुहोस् । दुवै हातलाई कुहिनाबाट मोडी हत्केलाका औंलाले काँध मा छोई काँधलाई पूरै ठूलो हुने गरी १०-१० पटक सुल्टो र उल्टो घुमाउनुहोस् । टाउकोलाई घाँटीबाट तलमाथि, दायाँबायाँ १०-१० पटक मोड्नुहोस् । टाउकोलाई घाँटीबाट सुल्टो र उल्टो १०-१० पटक घुमाउनुहोस् । आँखालाई तलमाथि, दायाँबायाँ १०-१० पटक गर्नुहोस् । आँखालाई सुल्टो र उल्टो १०-१० पटक घुमाउनुहोस् ।

कुर्सीयौगिक स्वसन

कुर्सीमा बसेर आँखा बन्द गरी लामो सास लिँदै पेटलाई फुलाउनुहोस् । सास छोड्दै पेट खुम्चाउनुहोस् । यो क्रमलाई ५ मिनेटसम्म दोहोऱ्याउनुहोस् ।

कुर्सी नाडी शुद्धि प्राणायाम

ढाड सिधा गरीदायाँ हातको बुढीऔंलाले दायाँ नाकको प्वाल बन्द गरीबायाँ नाकको प्वालबाट सास तान्नुहोस् । बायाँ नाकको प्वाल बन्द गरीदायाँ नाकको प्वालबाट सास फ्याँक्नुहोस् । फेरि दायाँ नाकको प्वालबाट सास तानी बायाँ नाकबाट सास फ्याँक्नुहोस् । यो क्रमलाई ५ मिनेट दोहोर्याउनुहोस् ।

कुर्सीध्यान

कुर्सीमै बसेर आफ्नो ध्यान नाकको प्वालमा लाउनुहोस् । नाकबाट आइराखेको र गइराखेको सासलाई हेर्नुहोस् ।

कुर्सीयोग निद्रा

कुर्सीमा सजिलोसँग बसेर आँखा बन्द गर्नुहोस् । खुट्टादेखि टाउकोसम्मका हरेक अंगमा क्रमशः ध्यान पुर्याउँदै विश्रामसमेत दिँदै जानुहोस् । टाउकोमा पुगिसकेपछि आफ्नो ध्यान शरीरभन्दा बाहिर निलो आकाशको कल्पना गरी शान्त ठाउँको कल्पना गरी गहिरो निद्रामा पुग्नुहोस् । केही समय यो अवस्थामा रही पुनः शरीरमा आफ्नो होस फर्काउनुहोस् । बिस्तारै आँखा खोली आफूभित्र भइराखेका परिवर्तनहरू महसुस गर्नुहोस् ।

गणतन्त्रको विरोधै गर्न नपाइने हो ?

आदित्यमान श्रेष्ठ

नेपालको राजनीतिक र संवैधानिक व्यवस्थामा गजबको स्थिति देखा पर्नलागेको छ । नयाँ संविधानमा ''नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौम सत्ताको प्रतिकूल हुनेगरी यो संविधान संशोधन गर्न सकिने छैन'' भन्ने लेखिएको छ । यसबाट बुझिन्छ - देशको स्वतन्त्र अस्तित्वमा तलमाथि हुनेगरी कुनै संवैधानिक संशोधन हुन सक्तैन तर, संविधानका अरु सबै व्यवस्थामा संशोधन हुन सक्छ । अर्थात्, संविधानमा व्यवस्था गरिएका गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समावेशिता सम्बन्धी धाराहरु सबै संशोधन गर्न सकिन्छ । यससम्बन्धी कुनै पनि संशोधन प्रस्ताव संघीय संसद्मा पेस गर्न सकिन्छ भन्ने पनि संविधानमा लेखिएको छ । अब सबाल उठ्छ - जुन कुरा संसद्मा उठाउन पाइन्छ त्यो नेपाली नागरिकले संसद् बाहिर उठाउन पाउँदैनन् ? नपाउन त संविधानमै स्पष्ट उल्लेख हुनु पर्यो ।

यही संविधानले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता दिएको छ । त्यसैगरी विनाहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता पनि दिएको छ । यी स्वतन्त्रतामाथि मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिन्छ भनेर पनि भनिएको छ । तर, आजसम्म कुनै प्रतिबन्धात्मक ऐन बनिसकेको छैन । यस्तो अवस्थामा नेपालको स्वतन्त्र अस्तित्वलाई चुनौती दिनेबाहेक संविधानमा लेखिएका अरु व्यवस्थाबारे बोल्न र लेख्न सकिने भनेर बुझिन्छ । त्यसभित्र समर्थन, आलोचना र विरोध पनि पर्छन् । त्यो आआफ्नो स्वतन्त्रता हो । तर, कसैले आलोचना गर्यो अथवा विरोध गर्यो भने के त्यो संविधानविरुद्ध हुन्छ ? हुँदैन भने किन सरकारका जिम्मेवार मानिसहरुले त्यस प्रकारको अभिव्यक्तिमाथि कार्यवाही गर्छौं भनी भनिरहेका छन् ? कतै संविधानकै अनभिज्ञता त होइन ?

विसं २०४७ सालको संविधानलाई खारेज गर्नुपर्ने एउटा कारण के दिइएको थियो भने यसको प्रस्तावनामा लेखिएका विषयलाई संशोधन गर्न मिल्दैन थियो । यसमा राज्यको स्वरुप संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र भनेर तोकिएको थियो । यो प्रस्तावनालाई संशोधन गर्न सकिँदैन भनेर नै किटान गरिएको थियो । त्यसलाई नफालेसम्म गणतन्त्र आउन नसक्ने देखियो । तर, २०७२ सालको संविधानमा यस प्रकारले लेखिएको छैन । यसको प्रस्तावनामा नेपाललाई एक धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय, लोकतान्त्रिक गणतन्त्र भनिएको छ । तर, यी विशेषताहरु संशोधन गर्न पाइनेछैन भनेर उल्लेख गरिएको छैन । त्यसको अर्थ यिनीहरु संशोधन हुन सक्छन् । जो संशोधन हुन सक्छन् तिनीहरु बारे पक्षविपक्षमा अभिव्यक्ति दिन पाइन्छ । नपाइने थियो भने यी विषयमा पनि संशोधन हुन सक्तैन भनेर संविधानमा किटान गर्नुपर्थ्यो । सो गरिएको छैन । त्यस अवस्थामा कसैले त्यसबारे आलोचनात्मक अभिव्यक्ति दियो भने ऊ कसरी कार्यवाहीको भागी हुन्छ ?

सरकारले साँच्चै धर्मनिरपेक्षता, संघीयता, गणतन्त्रलाई सुदृढ र स्थायी गर्न चाहेको हो भने यी विशेषताहरु अपरिवर्तनीय हुन् भनेर नेपालको संविधानमा लेख्नुपर्यो । त्यो कदम सम्भव पनि छ । किनभने संसद्मा सरकारको दुई तिहाइ बहुमत छ । सो बहुमतबाट कुनै पनि प्रस्ताव संसद्बाट पारित गर्न सकिन्छ । यस्तो सजिलो बाटो हुँदाहुँदै सरकारले किन असंवैधानिक कुरा गरिरहेको हो ? यो बुझ्न अलि गाह्रो परिरहेको छ ।

यस प्रकारको संवैधानिक संशोधन हुनसक्यो भने त्यसलाई कार्यान्वयन गर्न उपयुक्त कानुन बनाउन सकिन्छ । विसं २०४७ को संविधानले अकाट्य घोषणा गरेजस्तै २०७२ को संविधानले पनि केही विशेष धाराहरुलाई अकाट्य मानिदियो भने सोहीअनुसार अरु नियम कानुन बनाउन र कार्यान्वयन गर्न सकिन्छ । त्यस अवस्थामा न्यायपालिकाले पनि त्यसको प्रतिकूल निर्णय दिन सक्तैन । त्यसपछि मात्र सरकारी अधिकारीहरुले संविधानका ती विशेषताको विरोधमा बोल्न नपाइने दाबा गर्न सक्छन्।स् । तर, वर्त्तमान स्थितिमा त्यसो गर्न मिल्दैन । सरकारको भनाइ र गराइ 'आफैं बोक्सी आफैं धामी' जस्तो देखिनु भएन ।

नेपालको राजनीतिक घटनाक्रम र व्यवस्थाबाट धेरै सन्तुष्ट छैनन् । भन्नलाई लोकतन्त्रात्मक संविधान र राजनीतिक व्यवस्था खडा गरिएको छ । तर, सत्तामा पुगेका छन् लोकतन्त्रमा विश्वासै नगर्ने कम्युनिस्टहरू । लोकतन्त्रमा विश्वास गर्नेहरु सत्ताबाहिर छन् । 'संसदीय लोकतन्त्र बोकाको टाउको देखाई कुकुरको मासु बेच्ने' व्यवस्था हो भनेर हिंड्ने कम्युनिस्टहरुले सोही व्यवस्थाअन्तर्गत काम गर्नमात्र होइन त्यसको पक्षधर, समर्थक बनेर शिरोपर गरी हिँड्नु परेको छ । फलस्वरुप, सत्तामा पुगेका र बसेका मानिसहरुमा मानसिक द्वन्द्व उत्पन्न भएको देखिन्छ । 'नखाऊँ भने दिनभरको सिकार खाऊँ भने कान्छा बाबुको अनुहार' भनेजस्तो भएको छ । अंग्रेजीको एउटा कहावतमा भनिएजस्तै 'गोलो प्वालमा एउटा चारपाटे किला ठोक्नेजस्तो परिस्थिति' नेपालमा उत्पन्न भएको छ । यस्तै बेमेलको चपेटामा परेर हाम्रो अगति भएको हो ।

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो कार्यदिशा जनताको जनवाद भनेर मानेको छ । तर, त्यसको टुङ्गो लागेको छैन भने पनि हुन्छ । किनभने पहिलेको एमालेको खेमाका सदस्यहरुले 'जनताको बहुदलीय जनवाद' भनिआएका छन् । यो विवादलाई पन्छाउन प्रधानमन्त्री केपी ओलीले जनताको जैनवाद मानेको भए पनि यसको अन्तरवस्तु जनताको बहुदलीय जनवाद नै हुने ठोकुवा गरेका छन् । यसको माने के हो उनी र उनका पार्टीका नेताले नै बुझुन् । तर, हामीले हेर्दा त ती कुराहरु एकाकार्कासित मिल्दैनन् । यद्यपि, सत्तामा बस्न पाएसम्म सबै मन्जुरै भएको छ ।

चीनका राष्ट्रपति सी जिन पिनको आसन्न नेपाल भ्रमणअगाडि उनको दर्शन र अवधारणा सत्तासीन दलका सदस्यहरुलाई बुझ्न र बुझाउन तालिम गोष्ठीको आयोजना गरिने भएको छ । हामीले हेर्दा त त्यसमा पनि एउटा ठूलो असंगति देखिन्छ । सी जिन पिङले निजी सम्पत्ति जम्मागर्ने मनसाय भएका मानिसलाई कम्युनिस्ट पार्टीमा नआउन सल्लाह दिएका छन् । सम्पत्तिको मोह र लालचाबाट टाढा बस्न उनले आफ्ना कार्यकर्तालाई आग्रह गरेका छन् । नेपालका कम्युनिस्टहरुको चालचलन भने त्यसको ठीक उल्टा देखिएको छ । उनीहरुमाथि अथाह सम्पत्ति जोडेको, चप्पल लगाउने हैसियतको मानिस महल खडा गरेर बसिरहेको र खासगरी सरकारी र सार्वजनिक जग्गामाथि आँखा गाडेको चर्चा जताततै सुन्ने गरिएको छ । के यही बेमेल हटाउन गोष्ठी या प्रतिक्षण हुन लागेको त होइन ? यही लक्ष्य हासिल गर्न खोजिएको हो भने यस प्रयत्नको सराहना गर्नुपर्छ ।

अर्को प्रश्न उठ्छ 'प्रचण्डपथ' हुँदाहुँदै सी जिन पिनको दर्शन र अवधारणाको किन आवश्यक पर्यो ? सो कुरा पनि यसमा बल्झिएको छ । के 'प्रचण्डपथ'बारे आजकल चर्चा हुन छाडेकोले सो पथलाई नेपालका पूर्वमाओवादीले पनि बिर्सिदिएको हो ? कि त्यसैलाई नयाँ ऊर्जा र नयाँ दिशा दिन यो गोष्ठी गर्न खोजिएको हो ? त्यसको कतैबाट जानकारी आए जनता भ्रमबाट मुक्त हुने थिए ।

महिला र कृषि अर्थतन्त्र

यमुना घले

नेपालको समृद्धिमा कृषि अर्थतन्त्रको स्थान महत्वपूर्ण छ । यहाँ करिब ६६ प्रतिशत जनसंख्या संलग्न रहेका छन् । कृषिको कुल श्रम शक्तिको ७२ प्रतिशत हिस्सा महिलाहरूले थेगेका छन् । कृषि क्षेत्रले राष्ट्रको कुल गार्हस्थ उत्पादनमा २८.९ प्रतिशत योगदान पुर्याएको छ । तथापि नेपालको कृषि जनजीविकाको साधनको रुपमा जबरजस्त रुपमा स्थापित छ । किनकी, अहिलेसम्म कृषिलाई व्यवसायिक रुपमा अगाडि बढाउनेको संख्या निकै कम छ । अहिले करिब १५ प्रतिशत किसानले मात्रै कृषिलाई व्यवसायिक रुपमा अगाडि बढाउन सकेको तथ्य हामीसामु छ । कृषि क्षेत्रलाई राजनीतिक तथा नीतिगत तबरले प्राथमिकतामा राखिएको छ । तर, कृषिको रुपान्तरणका लागि आवश्यक संरचनागत सुधार, दूरदर्शीतासहित कार्यान्वयनका लागि सुहाउँदो कार्यविभाजन र क्षमताको व्यवस्थापन छैन । अर्कोतर्फ हामीले कृषिलाई व्यवसायिक बनाउन नसक्नुमा विशिष्टिकृत प्रावधान विशेषत: लैंगिक पक्षलाई कार्यान्वयन पक्षमा आत्मसात नगर्नु पनि मुख्य कारक हो । कृषि क्षेत्रले राम्रो नतिजा दिनका लागि न्यूनतम आवश्यकताको रुपमा चाहिने उत्पादनका श्रोत साधनको व्यवस्थाले अहम् भूमिका राख्दछ । उदाहरणको रुपमा कृषि भूमिमाथिको स्वामित्व, वितरण र उपयोगको प्रावधान, सिंचाई सुविधा, श्रमको सही पहिचान र स्वीकार्यता, आवश्यक जानकारी र प्रविधिमाथिको पहुँच र बजारसँग सौदाबाजी गर्नसक्ने क्षमता प्रमुख छन् ।

यी सबै पक्षहरूको सुक्ष्म विश्लेषण गर्ने हो भने महिलाको भूमिकालाई सांकेतिक रुपमा स्थापित गराउँदै लाने प्रचलन भने बढेको छ । तर, रुपान्तरणको कडीको रुपमा स्थापित गर्नका लागि सही पहल हुन सकेको छैन । उत्पादनको प्रमुख आधार कृषियोग्य भूमिको सवाल अहम् छ । भूमिको पहुँच हेर्दा करिब ८० प्रतिशत कृषकहरूसँग १ हेक्टरभन्दा कम जमिन रहेको छ । २० प्रतिशतले मात्र १ हेक्टरभन्दा बढि जमिन ओगटेका छन् । त्यसमा पनि महिलाको स्वामित्व अझ नाजुक छ । समग्रतामा घरजग्गामा जम्मा १९.७ प्रतिशत र कृषियोग्य भूमि करिब १० प्रतिशत मात्रै महिलाको स्वामित्व छ । जबकी कृषि श्रममा ७२ प्रतिशत महिला श्रमिक छन् । यो तथ्याङ्कबाट प्रष्ट हुन्छ कि महिलाहरूलाई ज्यालाविहीन कामदारका रुपमा हेरिने प्रचलन अझै व्याप्त छ । जमिन विशेषत: उत्पादन सम्बन्धलाई निर्देशित गर्ने एक प्रमुख श्रोत हो । तसर्थ यस्ता अचल सम्पत्तिमा महिलाको पहुँच र नियन्त्रणको अवस्थाले राष्ट्रको समृद्धिमा विशेष महत्व राख्दछ ।

त्यसभन्दामाथि उठेर हेर्ने हो भने भूमिसँग कृषकको परिभाषालाई जोडिदिने प्रवृत्तिले गर्दा महिलालाई सबल कृषक समेत मानिदैन । यसका अलावा कृषि क्षेत्रमा दिईने अधिकांश सेवा सुविधा भूमिसँग जोडिदिएकाले महिलाहरूले धेरै प्रकारका सेवाहरूमा हक नै राख्दैनन् । अर्को महत्वपूर्ण उत्पादनको श्रोत भनेको सिँचाइ हो । हाल खेतीयोग्य जग्गाको ४० प्रतिशतमा मात्रै वर्षभर नै सिँचाइ हुन्छ । यसभन्दा पनि महत्वपूर्ण त सिँचाइलाई कृषि उपयोगमा सीमित राखेर हेर्नुभन्दा पनि जलश्रोत व्यवस्थापनमा सुशासनको अभ्यास गर्ने थलोको रुपमा हेर्नुपर्ने आवश्यकता हो । सिँचाइका योजना छनौट प्रकृया, श्रोत व्यवस्थापन, निर्णय प्रकृया र उपयोगको बा"डफा"डलाई लैंगिक मैत्री बनाउन यी सम्पूर्ण प्रकृयामा महिलाको समतामूलक उपस्थिति अनिवार्य देखिन्छ । बढ्दो बजारिकरण र यसले ल्याएका अवसर तथा चुनौतीको सामना गर्न महिलाहरूको भूमिकालाई सही अर्थ तथा पूर्णतामा बुझ्न जरुरी छ । यस्तो अवस्थाको बाबजुद कृषि क्षेत्रले दिएको रोजगारी, आयआर्जन र खाद्य सुरक्षाको महत्व सहितको विशिष्ट भूमिकालाई नकार्न सकिँदैन । तसर्थ कृषि र महिलाको सम्बन्धलाई प्रगाढ बनाउन, उनीहरूको भूमिकाको सही स्वीकार्यता स्थापित गरेर यथोचित रुपमा सम्बोधन हुन सके महिला स्वयं, घरपरिवार र राष्ट्रका लागि नै हितकर हुन्छ ।

नीतिगत पहल

माथि उल्लेखित पृष्ठभूमिले नीतिगत तबरमा के के पहलहरू भए भन्ने हेर्नुपर्ने देखाउँछ । कृषिलाई व्यवसायिकरण गर्ने प्रकृयामा महिला मैत्री नीति तथा कार्यक्रम, संरचना, क्षमता र मानसिकताले के कस्तो भूमिका राख्दछ, जान्नु आवश्यक छ । यस क्रममा आवधिक योजना र यसले अबलम्बन गरेका महिला मैत्री प्रावधानहरू केलाउन जरुरी हुन्छ । २०५० को दशकमा शुरु गरिएको आवधिक योजनाहरू र यसले महिलामैत्री तथा लैंगिक सवालको पक्षमा लिएका केही पहलहरूलाई यहाँ प्रस्तुत गरिएको छ । सबै आवधिक योजनाले कृषिलाई गरिबी निवारणको प्रमुख स्तम्भ मानेको छ । बिडम्बना ! छैठौं योजना (१९८० देखि १९८५) मा आईपुगेपछि मात्र पहिलोपटक कृषिमा महिलाको संलग्नताबारे अवधारणगत बुझाई समेटियो । त्यसपछि सातौं योजनाले महिला केन्द्रित कार्यक्रमको आवश्यकता महसुस गर्यो । सातौं आवधिक योजनाले कृषि सम्बन्धी तालिमहरूमा कम्तिमा पनि १० प्रतिशत महिला हुनुपर्ने प्रावधानको व्यवस्था गर्यो । आठौं योजनामा आईपुगेपछि कृषक समूहमा महिला सहभागिता, प्राविधिक शिक्षाको अपरिहार्यता, ऋणमा पहुँचजस्ता विषयले प्रवेश पायो ।

यसै अवधिमा पहिलोपटक संरचनागत ढाँचाको महसुस गरी महिला कृषक विकास महाशाखाको स्थापना भयो । यसले के प्रष्ट पार्दछ भने महिला र कृषक अन्योन्याश्रित सम्बन्ध राख्दछन् । तर, यसले महिलालाई पूर्ण कृषक मान्न नसकेकेा आभाष पनि दिलाउँछ । तथापि यसलाई महत्वपूर्ण कडीको रुपमा लिन सकिन्छ । किनभने समतामूलक विकासको क्रममा लक्षित सेवाको भूमिका मुख्य हुन्छ, रहन्छ । नवौं योजनाले भने महिला केन्द्रित भन्दा पनि लैंगिक मूलप्रवाहिकरणको अवधारणालाई अगाडि सार्यो । यस अवधिमा महिला कृषक विकास महाशाखालाई जैविक विविधता सम्बन्धी कार्यक्षेत्र पनि थप गरेर लैंगिक समता र वातावरण महाशाखाको रुपमा बिस्तार गरियो । साथै महिलामैत्री तथा लैंगिक मूलप्रवाहिकरणलाई आत्मसात गर्दै सहकारी सम्बन्धी कार्यक्रम, लैंगिक उत्तरदायी योजना र बजेटको प्रावधान गरियो । यही योजनामा छैठौं योजनाले कृषि सम्बन्धी तालिममा १० प्रतिशत महिला हुनुपर्ने प्रावधान राखेर शुरु गरिएको दायरालाई फराकिलो पार्दै कृषिको सबै कार्यक्रममा महिलाको कम्तिमा पनि ३५ प्रतिशत सहभागिता हुनुपर्ने प्रावधान पनि ल्यायो ।

त्यसपछिको दशौं योजना । जुन दस्तावेजलाई गरिबी निवारण रणनीतिपत्रको नामले पनि चिनिन्छ । यसले समावेशी सामाजिक र आर्थिक विकासको अवधारणा अवलम्बन गर्दै लैंगिक मूलप्रबाहिकरण र लक्षित कार्यक्रम दुवैको व्यवस्था गर्यो । महिलाको कृषिमा अहम् भूमिका छ भन्ने कुराको हेक्का राखिएको भन्दा भन्दै पनि व्यवहारिक रुपमा महिलालाई कृषिमा पहिचान दिने कार्यक्रम ल्याउन पनि छैठौं आवधिक योजनासम्म पर्खिनुपर्यो । हाल आएर भने महिला उन्मुख र महिला केन्द्रित प्रावधानहरू स्थापित हुँदै जाँदा महिलाहरू फगत श्रमिक या श्रम बिनाको उत्पादक मात्र नभई आफै उद्यमी बनेर व्यवसायिकतातर्फ उन्मुख हुने प्रवृत्ति बढेको देखिन्छ । पछिल्लो समय कृषिसँग सम्बन्धित नीति तथा कार्यक्रमहरूमा पनि महिला सहभागितालाई महत्व दिइएको छ । ती मध्य दीर्घकालिन कृषि योजनाले महिला सहभागिता मार्फत कृषिको उत्पादकत्व बढाउने उद्देश्यलाई आत्मसात गरेको पाइन्छ । त्यसपछि बनेको कृषि विकास नीति २०६१ ले सबै कार्यक्रममा ५० प्रतिशत महिलाको संलग्तनाको अनिवार्यतालाई प्रष्ट्याएको छ । यसैगरि कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ मा महिलाहरूले सञ्चालन तथा प्रवर्द्धन गरेको उद्योग तथा व्यवसायलाई सहयोग पुग्ने खालका विशेष कार्यक्रमहरूको व्यवस्था गर्ने भनिएको छ ।

माथिका उदाहरणहरूलाई मात्र हेर्ने हो भने कृषिमा महिलाको सहभागिता बढाउन सकारात्मक पहल भईरहेको देखिन्छ । यसैगरि उत्पादनको प्रमुख आधार भूमिमाथि महिलाहरूको पहुँच बढाउने उद्देश्यले जग्गा नामसारीमा दिइएको दर्ता शुल्क छुट्टलाई पनि एउटा सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ । यसबाहेक कृषि क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता तथा नेतृत्व हुनको लागि राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धताले पनि अर्थ राख्दछ । जस्तो सहश्राब्दी विकास लक्ष्यको कम्तिमा पनि १३ वटा लक्ष्यहरूले कृषि तथा लैंगिक समानतासँग सरोकार राख्दछ । यसरी हेर्दा कृषिमा संलग्न ७२ प्रतिशत महिलाको यस्ता विकास प्रकृयामा अर्थपूर्ण सहभागिता हुनैपर्छ । त्यसैले कृषि, महिला र सबल समृद्धिको अन्योन्याश्रित सम्बन्धलाई छुट्टयाएर हेर्न सकिँदैन ।

यसैगरी अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग पनि कृषि र महिलाको सवाललाई तादतम्य मिलाएर लानुपर्ने देखिन्छ । यीमध्य केही महत्वपूर्ण अभिसन्धिहरूलाई उदाहरणको रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

- १९४८ को मानवअधिकार घोषणा पत्रको धारा २५ ले गाँस, बास, कपासको बारेमा प्रष्ट उल्लेख गरेको छ । यसको कृषि तथा महिलासँग प्रत्यक्ष सम्बन्ध रहेको छ ।

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानमा (१९६६) पर्याप्त खानामाथिको प्रत्येक नागरिकको अधिकारलाई भोकबाट छुटकारा पाउनु मानवको नैसर्गिक अधिकार हो भनेर उल्लेख गरेको छ । त्यसैले कृषि र महिलालाई छुट्टयाएर हेर्न सम्भव छैन ।

- बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको वार्ता, १९८९ धारा २४ मा प्रत्येक सदस्य राष्ट्रले कुपोषण तथा भोकबाट सृजित रोगहरूको निराकरण गर्न उपयुक्त तरिकाहरू अवलम्बन गर्नेछ भनि उल्लेख गरिएको छ । यसैगरि धारा २७ ले प्रत्येक सदस्य राष्ट्रले आफ्नो अनुकुलता हेरी पोषणयुक्त खाद्य कार्यक्रम तर्फ आवश्यक सहयोग पुर्याउने छ भनेर प्रतिवद्धता जाहेर गरेको छ ।

- खाद्य तथा कृषि संगठनको प्रस्तावना (१९६५) ले प्रत्येक नागरिकले स्वच्छ जीवन बाँच्न पाउनको लागि राष्ट्रिय स्तरमा गरिएका विभिन्न प्रतिवद्धतालाई सहयोग गर्दै मानव वर्गलाई भोकबाट छुटकारा दिलाउन सहयोग गर्न यसको स्थापना भएको हो ।

- महिलामाथि हुने सबै प्रकारका भेदभाव विरुद्धको अन्तर्राष्ट्रिय सन्धिले उत्पादनको श्रोत र श्रम बजारमा महिलाको पहुँचको आवश्यकता र औचित्यतालाई प्रष्ट औल्याएको छ ।

त्यसैले कृषि र महिलाको सम्बन्ध र भूमिकालाई फराकिलो दायरामा राखेर, बुझ्न, विश्लेषण गर्न र सम्बोधन गर्न अति आवश्यक छ । रोजगारीका लागि पुरुषहरू आप्रवासनमा जाने क्रम बढ्दो रहेका कारण पनि कृषि क्षेत्र स्वत: महिलामय बन्दै गएको छ । तथापि कृषिलाई निर्वाहमूखीबाट व्यवसायिकमा लैजान महिलालाई प्रोत्साहन गर्नका लागि दीर्घकालिन सोचका साथ सम्बोधन गर्नुपर्ने विभिन्न पक्ष छ । तिमध्य मूख्य पक्ष भूमि व्यवस्थापन हो । भूमिमा महिलाको स्वामित्व बढाउने तर्फ अझै सरोकार बढी हुन आवश्यक छ । आप्रवासनको अवस्थालाई सकारात्मक अवसरका रुपमा लिएर सरकारले स्थापित गरेको प्रावधानहरूमा टेकेर भूमिमा लैंगिक समानता स्थापित गराउन सके महिलाको भूमिमा पहुँच बढ्ने देखिन्छ । भूमिको स्वामित्वमा महिलाको सीमित पहुँच भएकै कारण उनीहरूले कृषिलाई व्यवसायिकीकरण गर्न आवश्यक निर्णयहरू गर्न नपाएको चुनौती गर्न भूमिमा पहुँच बढेपछि स्वत: समाधान हुन्छ । त्यसबाट महलालाई व्यवसायिक कृषिमा मनोवैज्ञानिकरुपले उत्साहित गर्ने मात्र नभई कानुनी अड्चनहरूको सहजीकरणका मार्फत आर्थिक सशक्तिकरणमा टेवा पुर्याउ"दछ । तर, यस प्रकृयामा पनि महिलाहरूको विविधता पनि केलाएर हेर्नुपर्छ । सदियौंदेखि जातजातिकै आधारमा उत्पादनको श्रोतमा भएको विविध प्रकारका असमानताका कारण यो विषय अझ पेचिलो भएको छ ।

सवाल तथा चुनौतीहरू

- कृषिलाई राष्ट्रिय समृद्धिको मुख्य आधार मानिने तथा यसमा संलग्न अधिकांश श्रमशक्ति महिला भएता पनि कृषकको परिभाषा गर्दा उनीहरूलाई स्वायत्त कृषक मानेको पाईँदैन ।

- महिलाको कृषिमा अहम् भूमिका रहेता पनि उनीहरूको श्रमलाई अनौपचारिक कर्मको रुपमा लिईने हुनाले औपचारिक आर्थिक उपार्जनको हिस्सा मानिदैन, जसले गर्दा राष्ट्रको कुल गार्हस्थ उत्पादनमा उनीहरूको श्रमको हिस्सा कति हो भन्ने मान्यता राखिदैन ।

- महिलाहरूले कृषि कर्मसंगै घरव्यवहार सम्हाल्ने काम पनि गर्दछन्, तर उनीहरूको यो जिम्मेवारीलाई आर्थिक उपार्जनमा पुग्ने टेवासंग जोडेर हेरिदैन । यसको अलावा महिलाहरूले उद्यमशिलताको क्षेत्रमा हात हाल्ने प्रयासमा घरधन्दासंग सम्बन्धित जिम्मेवारीको बाँडफाँड नहुँदा आशातीत सफलता हात लाग्न सकेको छैन ।

- कृषिको लागि मुख्य आधार भनेकै भूमिश्रोत हो । सरकारले १०० रुपैयाँमा संयुक्त लालपुर्जा बनाउन सकिने, महिलाको नाममा जग्गाजमिन पास गर्दा लाग्ने दर्ता शुल्कमा भारी छुट दिएता पनि यस प्रकृयाले आशातीत उपलब्धि दिन सकेको छैन । त्यसका साथै करिब १९ प्रतिशत घरजग्गामा महिलाको स्वामित्व भएता पनि लगभग १० प्रतिशत मात्र कृषियोग्य जमिनमा महिलाको स्वामित्व रहेकाले उत्पादन सम्बन्धलाई रुपान्तरण गर्न कठिन देखिएको छ ।

- बढ्दो पुरुष आप्रवासनका कारण महिलाहरूमा घरपरिवारको हेरविचार, कृषिको व्यवस्थापन र प्राप्त बिप्रेषणलाई कसरि उत्पादनमलक क्षेत्रमा लगाउने भन्ने चुनौती व्यापक रुपमा देखिएको छ । यसका लागि आवश्यक जमिन व्यवस्थापन, उत्पादनका अन्यश्रोतको व्यवस्थापन, बजारका सरोकारवालाहरूसंग गर्नुपर्ने सौदाबाजी, आधुनिक प्रविधिको उपयोगजस्ता चुनौती पनि बढ्दो छ । विशेषत: बजार तथा अन्य सेवासुविधाको व्यवस्थापनका लागि आवश्यक हिँडडुलमा घरपरिवार तथा छरछिमेकले गर्ने अनावश्यक चियोचर्चा र टिकाटिप्पणीहरूले पनि उनीहरूलाई निरुत्साहित गरेको पाईन्छ ।

- महिला श्रमिकहरूको लागि ज्यालामा हुने विभेद अर्को प्रमख चुनौती हो ।

- सहकारीमा अधिकांश महिला आबद्ध हुने तथा कृषिसंग सम्बद्ध रहेको पाईन्छ । तथापि सम्पर्ण लगानीको मात्रा हेर्ने हो भने न्यनतममात्र लगानी कृषिसंग संबद्ध व्यवसायमा भएको पाईन्छ ।

- सन् २०१४ सम्मको तथ्यांकले नेपालमा करिब एक लाख एघार हजार चार सय बयालिस साना तथा मझौला उद्योगहरू रहेकोमा चौध हजार दुई सय एकानब्बे मात्र महिलाहरूको एकल वा संयुक्त स्वामित्वमा रहेको पाईन्छ । यसरी नै सन् २०१५ मा २२१५५ उद्योग दर्ता भएकोमा ४८.५ प्रतिशत महिलाहरूद्धारा संचालित रहेका छन् । यसमध्य ४५०० अथवा ३१ प्रतिशतसंग औपचारिक वित्तीय संस्थासंग कारोबार स्थापित हुन सकेको छैन ।

- ऋणतर्फको स्थिति हेर्दा यस्ता साना तथा मझौला उद्योगहरूमध्य परुषहरूको ७६.३ प्रतिशत र महिलाहरूको ७८.६ प्रतिशत लगानी खुद्रा तथा थोक बजारमा लगानी भएको देखिन्छ । यसले के ईंगित गर्दछ भने, महिलाहरूको व्यवसायिक पेशामा बढ्दो सहभागिता देखिन्छ । तथापि उनीहरूले संचालन गर्ने व्यवसायहरू साना तथा मझौला बर्गका रहेका छन् र लगानीको मात्रा पनि सानो छ । यसको प्रमुख कारणहरूमध्य समग्रमा महिला उद्यमीहरूले झेल्नुपने कानुनी र संस्कारजन्य विभेद नै बढी रहेका छन् ।

केही सम्भावनायुक्त पहलहरू

- सन् २०१२ मा गरिएको अन्तर्राष्ट्रिय वित्तीय सहयोग अध्ययनले महिलाहरूले तुलनात्मक रुपले साना व्यवसाय गर्ने गरेको भएता पनि वार्षिक मुनाफा भने पुरुषको तुलनामा ६ प्रतिशतले बढी भएको जनाएको छ । यसले महिलाकेन्द्रित व्यवसायहरू सञ्चालन गर्न आँट तथा प्रोत्साहन दिन्छ ।

- सन् २०१२ देखि २०१५ सम्मको तथ्यांकमात्र हेर्दा पनि १७८ वटा कृषिमा आधारित उद्योगहरू दर्ता भएको देखिन्छ । यसले महिलाहरूलाई व्यवसायीकरणमा जाने, उद्योगधन्दा संचालन गर्ने, रोजगारी र आयआर्जनको श्रृजना गर्ने प्रकृयामा सारभत महत्व राख्दछ । यदि विविध झन्झटहरूलाई हटाउन सहजीकरण गरिदिन सके महिला उद्यमीहरूको संख्या प्रशस्तै बढ्न सक्ने देखिन्छ ।

- हाल विभिन्न गाउँ तथा नगरपालिकाहरूले कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रमहरू पारित गरेका छन् । यसरी नै कतिपय स्थानीय निकायहरूले महिलाद्वारा प्रवर्द्धित तथा सञ्चालित उद्यमहरूलाई सहयोग गर्ने व्यवस्था गरेको पाईन्छ । अन्य स्थानीय निकायहरूले पनि महिला सहकारी संचालन गर्न बिउ पूँजीको लागि अनुदानको व्यवस्था तथा सहकारी खेतीलाई प्रोत्साहन गरिने र स्थानीय स्तरमा खोलिने कृषि उद्योगहरूलाई स्थापना शुल्क मिनाहा गरिने नीति लिएको पाईन्छ । यसले महिलाहरूलाई पनि आफ्नै घर आँगनमा साना तथा मझौला उद्योगहरू संचालन गर्न प्रेरित गर्दछ ।

- महिला उद्यमीहरूको बहस पैरवीले गर्दा हाल रु. ५ लाखसम्म सहुलियत दरमा ऋण दिईने व्यवस्थाले उत्साह र सम्भावनाको उजागर गरेको छ । यस प्रकृयामा अझ बढि र संगठित पैरवीको आवश्यकता छ, जसले गर्दा लगानीको मात्रा पनि बढ्न सकोस् र प्रकृयालाई पनि सरलीकृत गर्न सकियोस् ।

- सरकारले भूमिमा महिलाहरूको स्वामित्व बढाउनका लागि लिईएको प्रावधानले सकारात्मक नतिजाहरू पनि दिएको छ । शहरी क्षेत्रमा २५ प्रतिशत, पहाडी क्षेत्रमा ४० प्रतिशत र अन्य क्षेत्रमा ३० प्रतिशत छुट दिने प्रावधानलाई व्यापकता दिन सकिन्छ । यसैगरि रु. १०० मा संयक्त लालपर्जा बनाउन सकिने प्राबधानलाई अभियानको रुपमा लान सके पुरुष आप्रवासनमा जाने लहडले व्यापकता लिएको अवस्थामा महिलाको भूमिमाथिको स्वामित्त बढाउन सकिन्छ र कृषिमा आधारित व्यवसाय पनि चलाउन सकिन्छ ।

निचोड

विश्वव्यापी रुपमा समृद्धिलाई परिभाषित गर्नको लागि प्रयोग गरिएका सूचकहरूले आर्थिक पक्ष, उद्यमशीलताको विकास, प्रजातान्त्रिक संरचनाको स्थापना, व्यवस्थित शासन पद्धतिको जग, सामाजिक पूँजीको विकास र सुरक्षाको प्रत्याभूति आदिलाई समेटेको पाईन्छ । यी सबै पक्षलाई नियालेर हेर्ने हो भने हाम्रो जस्तो कृषिमा आधारित परिवेशमा कृषिको रुपान्तरण मार्फत विशेष गरी महिला सशक्तिकरणका साथै समृद्धि ल्याउने प्रकृयामा टेवा पुर्याउँदछ । यसले गर्दा सूचनामाथिको पहुँच, बजारसँग कारोबारका लागि चाहिने आँट र क्षमताको विकास, सुरक्षित बजार साथै सामाजिक परिवेशसंग जुझ्नका लागि क्षमता पनि दिन्छ । कृषि अधिकांश महिला संलग्न भएको क्षेत्र हो । कृषिले आन्तरिक बजार, क्षेत्रीय र विश्व बजारको महत्वपूर्ण हिस्सा ओगट्ने भएकोले यस क्षेत्रमार्फत उद्यमशीलताको विकास गर्न सकिन्छ । धेरै उद्योगहरूको कच्चा पदार्थको प्रमुख श्रोत कृषि भएकोले औद्योगिकीकरण र मुल्य अभिवृद्धिको अथाह सम्भावना पनि कृषिमा छ र उद्यमशिलताको विकासबाट नै विशेषत: महिलाहरूका लागि रोजगारी, सिप विकास र उद्यमी बन्दै जाँदा आर्थिक पक्षको उजागर हुन्छ ।

कृषि क्षेत्रको माध्यमबाट श्रोतमाथिको अधिकार, पहुँच, निर्णय प्रकृया, र आवाजको सुनुवाईलाई समतामूलक तरिकाले अगाडि बढाउदै अधिकांश महिलाको जनजीविकाको आधार भएको कृषिको रुपान्तरण गर्न प्रजातान्त्रिक संरचनाको विकास र समावेशी प्रकृयालाई सुदृढ बनाउन पनि मद्धत पुर्याउँदछ । कृषि क्षेत्रको अथाह संभावनालाई आत्मनिर्भरता, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र हाम्रा संस्कृतिको आवश्यकता अनुरुप बढावा दिन आवश्यक छ । यसका साथै व्यापारिक प्रयोजनका उपजहरूका लागि आन्तरिक र अन्तर्राष्ट्रिय बजारीकरणको लागि पहल गरी कृषिमा आधारित अर्थतन्त्रको सुदृढिकरण गर्न सकिन्छ । यसका लागि कृषिमा महिलाको भूमिकाको सही मूल्यांकन गरी उनीहरूको पहुँच र नियन्त्रणलाई सुनिश्चित गरिनुपर्दछ ।

लेखक खाद्य सुरक्षा शासन पद्धति विषयमा विद्यावारिधि गर्दैहुनुहुन्छ ।)

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस् । विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ । त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

काठमाडौं - ११, काठमाडौं

सामाजिक सञ्जालमा साम्प्रदायिक विभेद र असहिष्णुता

मोहम्मद वाहिद अलि

धार्मिक विषय निकै संवेदनशील हुनेगर्छ । धार्मिक विषयमा लेख्न अथवा बोल्न भन्दा पहिले धेरै अध्ययन तथा ज्ञानको आवश्यकता हुन्छ । त्यसो त ईस्लाममा मात्र अन्य धर्ममा जस्तै आफुमा भएको ज्ञान अरुलाई बाँड्नुपर्छ भनिएको छ । तर, कस्तो व्यक्तिले ज्ञान बाँड्दैछ, त्यो पनि महत्वपूर्ण हुन्छ । किनकी धर्मग्रन्थमा लेखिएको कुराहरु कुनै एक व्यक्तिको बुझाइसँग केही अर्थ लाग्दैन । वर्तमान अवस्थामा मानिसहरु आफु अनुकुल व्याख्या गर्दै ईस्लामले दिएका आदेशहरुलाई तोडमोड गर्ने कोसिस गरिरहेका छन्, जुन निकै निन्दनीय छ । म इस्लाममा भनिएका आधारभूत कुराको पूर्ण पालना गर्न नसकेको मान्छे । धर्मले वर्जित गरिएका धेरै कुराहरुबाट पूर्णरुपमा बच्न नसकेको मान्छे । त्यसैले ईस्लामिक ज्ञानगुन बाड्ने भन्दा पनि नेपाली मुसलमानले सामाजिक सञ्जालमा अनुभव गरिरहेका सामाजिक चासोमाथि आफ्ना विचार राख्ने प्रयास गरेको छु ।

मानव परापूर्वकालदेखि नै आफ्नो चालचलन, विचार तथा सिद्दान्त मिल्नेहरु बीच झुण्ड भइ बस्ने गरेको पाइन्छ । आज त्यहि झुण्डलाई समाज अथवा समुदाय भन्ने गरिन्छ । जहाँ धनिर गरिब, शिक्षित र अशिक्षित तथा बलिया र कम्जोर सबै अटाएका हुन्छन । अहिले समाजको परिभाषा फेरिएको अवस्था छ । समाजले अहिले ठुलोरुप लिएको छ । अर्थात् इन्टरनेट तथा सामाजिक संजालको कारण पुरै विश्व साघुरिएको छ । व्यक्तिगतरुपमा म फेसबुकसँग जोडिएको एकदशक भन्दा धेरै भैसकेको छ । जसले गर्दा फेसबुक लगायतका सामाजिक संजालका धेरै पाटा केलाउने तथा बुझ्ने अवसर मिल्यो । सामाजिक संजाल जसले संसार भरिका मानिस तथा मानिस संग जोडिएका कैयौ पाटाहरुलाई हेर्ने, बुझ्ने तथा उपयोग गर्न सहज गरिदिएको छ । कुनै पनि समाज तथा समुदाय धर्म संग जोडिएको नै हुन्छ । त्यसैले सामाजिक संजालमा धार्मिक बहस नहुने कुरै भएन । त्यसो त यस संजालमा धार्मिक र अधार्मिक दुवै कुराहरु वर्जित छैनन । अपराधिक मानिस देखि साधु सज्जन अनि शरीर पुरै ढाकिने पहिरन लगाउनेदेखि निकै कम वस्त्र लगाउने मानिसहरु यहाँ देख्न सकिन्छ । पहिरनसँगै विचार लगायत धेरै विविधता भएका मानिसहरु यहाँ भेट्न सकिन्छ । त्यसैले सामाजिक संजाल धेरै पक्षबाट उदार देखिन्छ । वर्तमान अवस्थामा धार्मिक प्रचारप्रसार तथा बहसको निम्ति सामाजिक संजाल प्रयोग बढ्दै गरेको पाइन्छ । यसरि सामाजिक संजालमा धार्मिक बहस तथा पोस्टहरु गरिरहदा यसका फाइदा बेफाइदाका आआफ्नै तर्कहरु होलान । तथापी धार्मिक बहस तथा पोस्टहरु सामाजिक संजालमा फैलाउदै गर्दा यो धर्मको दयारामा छ कि छैन भन्ने सवाल महत्वपूर्ण छ ।

सामाजिक सञ्जालको प्रयोग

सामाजिक सञ्जाल देश, समाज र परिवेश अनुसार फरक किसिमले प्रयोग गरेको पाइन्छ । हाम्रो समाजले सामाजिक सञ्जालको प्रयोग धन हुनेले धन, रुप हुनेले रुप, ज्ञान हुनेले ज्ञान देखाउने माध्यमका रुपमा लिएका छौ । यसलाई आफ्नो वैभव देखाउने संजाल भन्दा दुईमत नहोला । जसले गर्दा समाजमा यसको नकरात्मक असर परिरहेको देखिन्छ । कसैले आफ्नो नयाँ घर, गाडी, पार्टी, मोजमस्ती तथा खानेकुराका फोटो, भिडियो पोस्ट गर्यो भने त्यसले धेरै लाई बेचैनि गराउँछ । कतिले तुरुन्त आफ्नो भडास पोखी हाल्छन् । यसरी कसैको प्रगतिले कसैको चित्त दुख्छ भने यो देख्ने देखाउने काम पक्कै पनि ठिक होइन । पछिल्लो समय सामाजिक संजालमा संसारिक रंगरमाईलो देखाउने मात्र नभई धर्मकर्म प्रति मेरो झुकाव यति भनेर देखाउने माध्यम पनि बनेको छ । कतिले आफ्नो पहिरन, सत्कार्य, ध्यान आदि कुराहरु माथि गर्व गर्दै सामाजिक संजालमा पोस्ट गर्ने गर्छन् । पक्कै पनि यी सबै कुरा देखाउनको निम्ति होइन । धर्म जस्तो नितान्त व्यक्तिगत कुरा अरुलाई देखाउनका निम्ति गरिने हुँदै होइन ।

फोटो तथा भिडियोको सन्दर्भ

सामाजिक सञ्जाल अहिले आएर फोटो तथा भिडियो निकै महत्वपूर्ण भएर आएको छ । मानिसहरु आफ्ना दैनिक गतिविधि फोटो तथा भिडियोको माध्यमबाट एकअर्का माझ फैलाउने काम सामाजिक संजालमा हुन्छ । केही दशक पहिले मानिसहरु मोबाइल बोकेजस्तै क्यामेरा हातमा बोकेर हिँड्ने गर्दथे । त्यसै बिचमा केही बुज्रुकहरु थिए, जसले फोटो खिच्न असहमति जनाउथे । ईस्लाममा फोटो खिच्नु बर्जित छ भन्थे । अहिले पनि केही त्यस्ता इस्लाम धर्मालम्बीहरु भेटिने गर्दछन । फोटो खिच्न लालायित हुने उ बेला उनीहरु आफु अनुकुल ईस्लामिक आदेशलाई तोडमोड गरेर आफ्नो फोटो खिचाउन चाहेनन् । वर्तमान अवस्था बेग्लै छ । मानिसहरु आवश्यकता भन्दा पनि फोटो, भिडियो खिच्ने सौख राख्दछन । त्यो पनि सामाजिक सञ्जालमा पोस्ट गर्नका निम्ति । के सर्वसाधारण, के धर्म गुरुहरु चिरिच्याट्ट परेको फोटो तथा भिडियो सामाजिक संजालमा पोस्ट नगर्ने व्यक्ति कमै भेटिन्छ । त्यसो त् फोटो भिडियोबिना पनि सामाजिक सञ्जाल प्रयोग गर्न सकिन्छ । हामीले सिनेमा हेर्न वर्जित छ भन्ने कुराहरु धर्म गुरुहरुबाट सुन्दै आएका छौ । जसको चर्चा सामाजिक सञ्जालमा पनि हुने गर्छ । सिनेमा जहाँ बेपर्दा महिला पुरुषका बीच अभिनय तथा नाचगान हुने गर्दछ । आजको युगमा पनि आफ्नो सम्पूर्ण जीवनकाल भरि सिनेमा नहेर्ने कैयौं त्यस्ता बुज्रुगहरु छन् । उहाँहरु सिनेमाका सम्बन्धमा किन्तु परन्तु लगाउन चाहँदैनन् । कतिपय बुजुक, जसले घरमा टेलिभिजनसम्म पनि राख्दैन । हामी फेसबुक प्रयोगकर्ता जसले न्युजफिडमा डुल्दै गर्दा त्यस्ता नाचगान, फिल्म, व्यवसायिक प्रचारप्रसार र आफूसँग भएका साथीहरुका बेपर्दा भिडियो, फोटो आउने गर्दछन । फेसबुकमा ती सबै कुरालाई बर्जित गर्ने कुनै विकल्प हुँदैन । फेसबुक चलाउँदै गर्दा हामी ती सामग्री हेर्न बाट अछुतो रहन सक्दैनौ । अर्थात् फेसबुक जस्ता सामाजिक संजाल हेर्नु र फिल्म हेर्नुमा कुनै भिन्नता छैन भन्दा दुइमत नहोला ।

पहिरनका कुरा

सामाजिक संजालमा पहिरनका बारेमा धेरै बहस हुने गर्दछ । अझ भनौ महिलाका पहिरनमा । पहिरन शरीर पुरै ढाकिने हुनुपर्छ, चाहे त्यो पुरुषको होस् अथवा महिलाको । फेरि धर्ममा घुमघाम, बिहे तथा पार्टी छुट दिएको छैन । केहि मानिसहरु आफ्ना सहजतामा पहिरिने पोशाकको आडमा अरु माथि निकै प्रश्न तेर्स्याउने गर्छौं । जाडोमा ईस्लामिक पहिरनमा फेन्सी ज्याकेट लगाउने गरिन्थ्यो । अहिले पनि बिवाह जस्ता कार्यमा त्यस्ता पहिरन लगाइन्छ । तर, त्यो पहिरनमा अहिले सिनेमा शैलीमा चश्मा लगाउने गरिन्छ । तर, त्यस्तै ज्याकेट, कोट तथा चस्मा संगै ट्राउजर, पाइन्ट क्याप लगाउनेहरु लाई फरक सोच्ने सिद्धान्तले ग्रसित छौं । यो त आफु अनुकुल सोच भएन र ?

अरुका बारे टीकाटिप्पणी

सामाजिक सञ्जालमा मानिसहरु आफ्ना कमीकमजोरीहरुलाई नजरअन्दाज गरिरहेका हुन्छन् । ती कमीकमजोरी सबैका अगाडि छर्लङ्ग हुन्छ । ईस्लाममा ईल्म तथा पहिरनसँगै नियत पनि महत्वपूर्ण हुने गर्छ । व्यवहारिकरुपमा शुन्य । तर, देखाउनका निम्ति गरिने धार्मिक कार्य, बहस, उपदेश व्यर्थ हो । सामाजिक सञ्जाल केवल आफूलाई मन नपर्ने व्यक्तिले गरेका कार्यहरु माथि धेरै टीकाटिप्पणी गर्ने तर आफू तथा आफ्ना परिवारले त्यस्तै प्रवृतिका तथा गैरधार्मिक कार्यको नजरअन्दाज गरेको देखिन्छ । बरु त्यस्ता गैरधार्मिक पोस्टहरुमा तारिफ गर्दै कमेन्ट लाईक गर्न छुटाउँदैनन् । धर्मले पक्कै पनि कसैलाई गल्ति गर्ने छुट दिएको छैन । अरुका बारेमा सोच्दै गर्दा पहिले आफैमा परिवर्तन ल्याउने कोसिस गर्नु पर्दछ ।

फेसबुके संस्कार

सामाजिक संजालको सामान्य नियम साथीबनाउने, फोटो, भिडियो तथा स्ट्याटस पोस्ट गर्ने अनि लाइक, कमेन्ट तथा शेयर गर्ने आदि हो । हामीले कस्तोलाई साथी बनाउने, कस्तो सामग्रीमा लाई लाइक, कमेन्ट तथा शेयर गर्ने भन्ने कुरा आफैमा स्वतन्त्रता छ । एउटा धार्मिक मानिस जसले गैर महिला तथा पुरुसलाई साथि बनाउनका निम्ति अनुरोध पठाउछ । साथी बनिसकेपछि एउटा धार्मिक व्यक्ति जसले आफ्नो मर्यादा नै भुलेर उसका फोटो तथा भिडियोमा लाइक तथा तारिफयुक्त कमेन्ट गर्दछ । कतिपय अवस्थामा त्यस्ता तस्विर र भिडियोमा प्रसंसा गर्न योग्य छैन भन्ने तर्फ हेक्का राखिदैन । त्यसैगरी गैर धार्मिक पोस्टमा गरिने प्रतिक्रियाले कस्तो संदेश दिन्छ भन्ने सम्म हेक्का हुदैन । गैर महिला पुरुष मात्र नभई आफ्नो परिवार, इष्टमित्र तथा समाजका व्यक्तिहरुका गलत पोस्टहरुमा लाइक, कमेन्ट नगरी बस्ने स्वतन्त्रता आफू संगै सुरक्षित हुन्छ । तथापि यसलाई संस्कारको रुपमा लिनु गलत होइन र ? गलतकार्य लाई प्रोत्साहन गरेको भएन र ?

धार्मिक पोस्ट

सामाजिक संजाल जस्तोसुकै अवस्थामा हेर्ने गरिन्छ । अर्थात् पवित्र स्थानमा पवित्र भएर हेरेको हुँदैनौ । पाइखानामा बसेर फेसबुक हेर्दै गर्दा अथवा त्यस्तै अपवित्र अवस्थामा फेसबुक हेर्दै गर्दा धार्मिक पोस्टहरु अचानक न्युजफिडमा आइदिदा पक्कै पनि त्यो सहज अवस्था हुँदैन । कतिपय अवस्थामा धार्मिक पोस्ट, पवित्र ग्रन्थका श्लोक तथा पवित्र धार्मिकस्थलका फोटोहरु का अघि पछि निकै अधार्मिक पोस्टहरु आइदिने गर्दछन् । यसले पवित्र धार्मिक पोस्टहरुको अपमान हुने गर्दछ । कतिपय धार्मिक पोस्टहरुमाथि गैर धार्मिक कमेन्ट तथा बहस हुने गर्दछ जसले गर्दा ती धार्मिक पोस्टहरुको मर्यादा नहुने देखिन्छ । हामी यस्ता कुराहरुमा सजग हुन जरुरी छ ।

धार्मिक असहिष्णुताको प्रदर्शन

हामी सामाजिक सञ्जालमा धार्मिक कट्टरता प्रस्तुत गरिरहदा धार्मिक सद्भाव, आपसी भाइचाराको सम्बन्धमा के कस्तो असर पर्ने हो बुझ्नु आवश्यक छ । आफुलाई धार्मिक व्यक्तित्व भनेर प्रस्तुत गर्नु भन्दा आत्मा देखि अनि व्यवहारिक रुपमा कट्टरता हुनु पर्दछ । जसले गर्दा समाजका विकृतिहरुलाई सहजै पराजय गर्न सकिन्छ । तर देखाउनका निम्ति गरिने कट्टरताले केवल हामी असहिष्णु देखिनेछौं । सामाजिक संजालमा मुस्लिम तथा गैरमुस्लिम, धार्मिक तथा अधार्मिक सबैकिसिमका साथि बनाउने तर कट्टरताका नाममा अन्य धर्मलाई आँच आउने प्रसंगलाई अतिरन्जित गर्नु गलत हो । हामी व्यापार-व्यवसाय, कृषी, सरकारी तथा गैरसरकारी जागिरे जेसुकै पेशामा आबद्ध भए पनि त्यो केवल पेशा मात्र नभएर सेवा पनि हो । ती सेवाहरु गरिरहँदा हामी धर्म-जात हेर्दैनौ । अर्थात् हामी आफ्ना फाइदाका निम्ति किन्तु परन्तु नलगाई सेवामा तल्लिन हुन्छौ । तर, हामी मानवता तथा धार्मिक सहिष्णुताका निम्ति गरिने कार्यहरु प्रति लक्षित गरेर विभिन्न टिकाटिप्पणी गरेर सामाजिक सद्भावना आपसी भाइचाराको सम्बन्ध बिथोल्ने काम गर्दछौ । यस्ता गतिविधि सामाजिक सञ्जालमा गर्दै गर्दा भविष्यमा घट्न सक्ने ठुलो दुर्घटनाको बारेमा हामि सचेत हुनु जरुरि छ ।

खुल्ला धार्मिक बहस

सामाजिक संजालमा धार्मिक मुद्दाहरुमा खुल्लारुपमा बहस हुने गर्दछ । सामाजिक संजाल प्रयोगकर्ताहरु एक आपसमा छलफल तथा बहस गर्नका निम्ति रुप च्याट, रुप कल तथा अन्य धेरै उपायहरु उपलब्ध गरिएको छ । तर हामी सिधै कमेन्ट बक्समा नै युद्द गर्न होमिन्छौं । यो पक्कै पनि हामीबीच भएका कमीकमजोरी छरपस्ट पार्ने काम हो । एकअर्कालाई होच्याउने र अन्तिममा धार्मिक दायराभन्दा बाहिर गएर गालीगलौज गरेको पनि भेटिन्छ । यस्ता कार्यहरु पक्कै पनि फाइदाजनक होइनन । पुण्य कमाउने उदेश्यले नै बहस गर्दै छौ भने किन हामी ती सुविधाको प्रयोग गर्दैनौं ।

धार्मिक व्यक्तिहरुको सामाजिक संजाल मोह

किन्तु परन्तु नलगाउने हो भने सामाजिक सञ्जाल धार्मिक दयारा भन्दा पर छ । यसको विकृति यति अनियन्त्रित छ कि कतिपय देशहरुमा सामाजिक सञ्जालहरु माथि प्रतिबन्ध लगाइएको छ । तथापि धार्मिक गुरुहरुको पनि सामाजिक सञ्जालप्रति गजबको मोह देखिएको छ । उनीहरु सामाजिक सञ्जालमा जोडिने मात्र नभई सामाजिक सञ्जालको भरपुर उपयोग गरिरहेका छन् । आफ्ना सुन्दर तस्वीरसँगै भावना तथा रीस रागसम्म प्रस्तुत गरिरहेका हुन्छन् ।

अन्त्यमा

सामाजिक सञ्जाल जस्तो रंगमञ्चमा जोडिएर फेरि पनि आफुलाई शुद्ध धर्मात्मा हो भनिरहनु 'पानीमाथिको ओभानो' जस्तै हो । सामाजिक सञ्जाललाई आफ्नै बाटोबाट चल्न दिऊँ । आफू संकीर्ण सोच पनि राख्ने अनि सामाजिक सञ्जाल चलाउने दुई कुरा एकसाथ हुनु राम्रो होइन । उदार सोच भएकाहरुले यसलाई प्रयोग गरिरहेका छन् । यस्तो उदार सञ्जालमा जोडिएर धार्मिक कुरामा नियन्त्रण गर्छु भन्नु आफुलाई अनुदारवादी देखाउनु हो । धर्मका राम्रा कुरा फैलाउन र सामाजिक सञ्जालमा भएका विकृतिलाई नियन्त्रण गर्ने बहानामा आफूलाई सामाजिक सञ्जालको संस्कारयुक्त बनाउनैपर्छ ।

छोरा सरह छोरीलाई पनि स्कुल पढ्न पठाऔं ।



यो मेरो मातृभूमि-१

-एक-

आज पूरा साठी वर्षपछि मलाई मेरो प्यारो मातृभूमिको दर्शन प्राप्त भयो । जतिबेला म आफ्नो प्यारो देशबाट विदा भएको थिएँ र मलाई भाग्यले पश्चिमतर्फ डोर्याएर लिएर गएको थियो । त्यतिबेला म लक्का जवान थिएँ । मेरा नशा नशाहरूमा नविन रक्त संचार भइरहेको थियो । हृदय उमंग र उल्लासले भरिएको थियो । मलाई आफ्नो प्यारो भारत वर्षबाट कुनै अत्याचारीको अत्याचारले वा अन्यायको बलसाली हातले विछोड गराएको थिएन । अत्याचारीको अत्याचार र कानूनको कठोरताले मसँग जे चाह्यो त्यो गराउन सक्दा तर मेरो मातृभूमिबाट अलग गराउन सक्ने छैन । ती मेरो उच्च अभिलाषाहरू र ठूला ठूला विचारहरू नै थिए । जसका कारण म देश निकाला गराइएको थिएँ । म अमेरिका गएर निकै व्यापार गरें । र, व्यापारबाट धन पनि निकै आर्जन गरें । आनन्द पनि त्यतिकै उठाएँ । सौभाग्यले पत्नी पनि यस्तो पाएँ जो सौन्दर्यमा बत्तिसलछिनकी थिइन् । उनको लावण्य र सुन्दरताको

साहित्य संसार

प्रेम चन्द

ख्याती अमेरिकाको चारैदिशामा फैलियो । उनको हृदयमा यस्ता विचारहरूको कुनै स्थान थिएन कि जसको सम्बन्ध मसँग नहोस् । म तन, मन, बचनले उनीप्रति आशक्त थिएँ । उनी मेरो सर्वस्व थिइन । मेरो पाँचवटा पुत्रहरू थिए । जो सुन्दर, हृष्टपुष्ट र इमान्दार थिए । उनीहरूले व्यापार झन, उन्नति पथमा लिएर गए । मेरो स-साना नाबालक ना-नातिनाहरू सदैव खेलिरहन्थे । यता म चाहिं मेरो मातृभूमिको अन्तिम दर्शनको लागि आतुर बन्दै गएको थिएँ । मैले अनन्त धन, प्रियतम पत्नी, भाग्यशाली पुत्रको र अतिव सुन्दर मुटुका टुक्रा स-साना बालबालिकाहरू आदि अमूल्य पदार्थको यसकारणले परित्याग गरें किनकि, प्यारो भारत जननीको अन्तिम दर्शन गर्न सकूँ ।

म धेरै बृद्ध भैसकें । दश वर्षपछि पूरा सय वर्षको पुग्ने छु । अब मेरो हृदयमा केबल एउटा मात्र अभिलाषा बाँकी छ । कि म आफ्नो प्यारो मातृभूमिको रजकण बनुँ । यो अभिलाषा कारणबस आजनै मेरो मनमा उत्पन्न भएको होइन । बरू त्यस समयमा पनि थियो । जुनबेला मेरो पत्नीले मधुर बचनले कोमल हृदयमा कटाक्ष गरेर प्रफूल्लित गरेको बखत पनि र जतिबेला मेरा युवा पुत्रहरूले प्रातःकाल आएर आफ्नो बृद्धपितालाई सभक्ति प्रणाम गर्दथे । त्यतिबेला पनि मेरो हृदयमा एउटा घिड्किसो रहिरह्यो । म आफ्नो मातृभूमिबाट अलगछु । यो मेरो देश होइन । र म यस देशको होइन । मसँग धन थियो, पत्नी थिइन, केटाकेटी थिए जायजेथा थियो । तर किन हो कुन्नी, मलाई घरी घरी मातृभूमिको भत्किएको फुसको घर । चार, छ विधा आकासे खेतबारी र बालापनका साथीभाइहरूको यादले प्रायः सताईरह्यो । प्रायः अपार प्रसन्नता र रमाइलोको बेलामा पनि यस्ता विचारहरूले चिमोट्ने गर्दथे । "यदि म यति बेला आफ्नो देशमा भएको भए .... ।

(समकालीनसाहित्यबाट) *क्रमशः ....*

गधाहरू अहिलेसम्मकै ठूलो संकटमा किन ?

चीनमा गधाको छालाको बढ्दो मागका कारण विश्वभरि तिनीहरूको संख्यामाथि सङ्कटको बादल मडारिन थालेको छ । त्यहाँ 'हेल्थ फुड्स' अर्थात् स्वास्थ्यवर्द्धक खाना र परम्परागत औषधि बनाउन गधाको छालाको प्रयोग गरिन्छ । गधाको मासु पनि उत्तिकै लोकप्रिय छ । तर तिनीहरुको संख्यामा आएको कमी र तिनीहरूलाई तयार पार्न लाग्ने समयका कारण आपूर्तिकर्ताहरू अरू विकल्प खोज्न बाध्य भएका छन् । गधाहरूको घट्दो संख्याका कारण अफ्रिका नराम्ररी प्रभावित भएको छ ।

अभिन्न अङ्ग

गधा त्यहाँको जनजीवनको एउटा अभिन्न अङ्ग हो किनकि यो जनावरको प्रयोग खासगरी गरिबहरू यातायात र खेतीपातीका लागि गर्छन् । नगद पाउनका लागि गधाहरूको चोरी बढ्दो छ र पछिल्ला केही वर्षयता कैयौं क्षेत्रमा गधाको मूल्य दोब्बरले बढेको छ । जसका कारण त्यहाँका परिवारहरू गधा किन्न असमर्थ भइरहेका छन् । पानी पुर्याउने काममा संलग्न २९ वर्षीय एन्थोनी माउपे वान्यामासँग चार वर्षदेखि कार्लोस नाम गरेको गधा थियो र त्यसले राम्रोसँग काम पनि गरिरहेको थियो । दुई सन्तानका बुवा एन्थोनीले भने, "मैले जमिन किनें, स्कूलको शुल्क तिरें र परिवारलाई हेरिरहेको थिएँ । " नाइरोबीको बाहिरी भेगमा पर्ने ओन्गाटा रोङ्गाईमा एन्थोनी र उनको गधा एकअर्काको जीवनका यसरी अभिन्न अङ्ग बनेका थिए कि मान्छेहरुले उनलाई समेत कार्लोस भनेर बोलाउँथे ।

बढ्दो चोरी

आँसु झार्दै एन्थोनीले भने, "एउटा बिहान म उठ्दा कार्लोस थिएन, मैले वरपर खोजें अनि त्यसलाई मृत फेला पारें । त्यसको छाला निकालिसकिएको थियो । " अहिले उनी एउटा गधा भाडामा लिएर गधा(गाडामा प्लास्टिकको निलो भाँडामा पानी पुर्याउँछन् । तर उनले राम्रो आम्दानी गर्ने दिन तीन वा चार डलरको आधा हिस्सा गधा मालिकलाई दिनुपर्छ । उनले भने, "अहिले मसँग पर्याप्त पैसा छैन, मैले भाडा तिरेको छैन, स्कूलको शुल्क तिरेको छैन । अब नयाँ किन्ने आर्थिक हैसियत पनि मसँग छैन । " गधाको हितमा काम गर्ने ब्रिटेनस्थित एउटा परोपकारी संस्था द डंकी स्यांकचुरीका अनुसार वार्षिक १८ लाख गधाको छाला बिक्री हुने गर्छ जबकि माग एक करोड जतिको छ सन् १९९० मा चीनमा गधाको संख्या १ करोड १० लाख रहेकोमा घटेर अहिले ३० लाख पुगेको छ, यो सरकारी तथ्याङ्क अनुसार हो । गधाको छाला उमालेर बनाइने 'इजिआओ' भनिने एक प्रकारको परिकार किलोको ३८८ डलरसम्ममा बिक्री हुन्छ युगाण्डा, तान्जानिया, बोत्स्वाना, निजेर, बुर्किनाफासो, माली र सेनेगलले चीनलाई गधा बिक्री गर्नमा प्रतिबन्ध लगाइसकेका छन् । केन्यामा खुलेका तीनवटा वधशालाका कारण गधाको मूल्य र मागमा वृद्धि भएको छ । प्रत्येक वधशालाले दैनिक १५० वटा गधा काट्न तथा मासु प्याक गरी फ्रिजमा राख्न र छाला निर्यातका लागि तयार पार्न सक्छन् । नैयाशास्थित स्टार ब्रिलियन्ट एक्सपोर्ट वधशालामा जीवित गधाहरू तौल गरी बिक्री हुन्छ । गधाको टाउकोमा गोली हानी मारिन्छ र त्यसपछि मासु तथा निर्यातका लागि छाला तयार पारिन्छ । स्टार ब्रिलियन्ट एक्सपोर्टका प्रमुख कार्यकारी जोन कारिउकीका अनुसार केन्या र अफ्रिकामै गधाका लागि वधशाला खोल्नका निम्ति सरकारी अनुमति पाउने उनी पहिलो व्यक्ति हुन् । उनले भने, "हामीले अनुमति पाउनुअघि गधाको बजार थिएन । मान्छेहरुले आफ्ना बच्चाको स्कूल शुल्क तिर्नका लागि गाई र खसीबाखा बेच्ने गर्दथे । तर अहिले उनीहरुले गाईभन्दा बढी गधा बेचिरहेका छन् ।"

दुर्व्यवहार

"हामी चिनियाँहरूसँग खुशी छौं किनकि पहिला हामीले गधाबाट फाइदा लिन सकिरहेका थिएनौं । तर अहिले मानिसहरूले गधाबाट निकै फाइदा लिइरहेका छन् । " चिनियाँ खरिदकर्ताहरूले मासु राम्रोसँग प्याक गरिए वा नगरिएको लगायतका प्रक्रिया हेर्छन् । छाला उमालेर बनाइने 'इजिआओ'को एउटा महत्त्वपूर्ण तत्व हो । तर गधाप्रति गरिने व्यवहारलाई लिएर आलोचना पनि भइरहेको छ । गधाको हितमा काम गर्ने ब्रिटिश परोपकारी संस्था र दक्षिण अफ्रिकास्थित ओक्सपेकर्स संस्थाका खोज पत्रकारहरुले गधामाथि गरिने दुर्व्यवहारसम्बन्धी घटनालाई बाहिर ल्याएका छन् । डंकी स्यांकचुरीका माइक बेकरले भने, "गधाहरूले भोग्नुपरेको यो अहिलेसम्मकै सबैभन्दा ठूलो सङ्कट हो । " उक्त संस्थाले राम्रोसँग नियमनको व्यवस्था नभएसम्म गधाको व्यापार रोक्नुपर्ने वकालत गर्दै आएको छ ।

प्रतिबन्ध

"हामीले लाखौं गधाहरू लगिँदै गरेको देखिरहेका छौं र मैले अहिलेसम्म नदेखेको स्तरमा तिनीहरूले पीडा खेपिरहेका छन् । " "छाला सजिलैसँग निकाल्न सकियोस् भनेर गधाहरूलाई भोको राखेर मार्ने र टाउकोमा प्रहार गरेर मार्ने विषयबारे हामीले कुरा उठाइरहेका छौं । " अन्तर्राष्ट्रिय दवाबले काम गर्न थालेको पनि उनले बताए । युगाण्डा, तान्जानिया, बोत्स्वाना, निजेर, बुर्किनाफासो, माली र सेनेगलले चीनलाई गधासँग सम्बन्धित सामग्री बिक्रीमा प्रतिबन्ध लगाइसकेका छन् ।

बेकरले भने, "दर्जनौं सरकारहरूले गधासम्बन्धी व्यापार रोक्ने कदम चालेका छन् किनकि उनीहरूलाई थाहा छ कि त्यसले त्यहाँका जनतालाई निर्धन बनाइरहेको छ र त्यसका साथै जनावरप्रति निकै खराब व्यवहार भइरहेको छ । " अफ्रिका महादेशभरि नाटकीय स्तरमा गधाहरु मारिँदैछन् र एन्थोनी वान्या अनि उनका परिवार जस्ताका जिन्दगी कठिन भएको छ । जसले न भाडा तिर्न सकेका छन् न त स्कूलका शुल्क । ठूलो खडेरीबाट पीडित हजारौं मानिसहरू आफ्नो एकमात्र सम्पत्ति बेच्न बाध्य भएका छन् भने चोरीका कारण गधा गुमाएका मानिसहरूको अर्को किन्ने आर्थिक हैसियत छैन ।

नेपाल आयल निगम लिमिटेडको अत्यन्त जरुरी सूचना

निगमले खरिद गर्ने एल.पि. ग्यासको मूल्य पछिल्लो समय केही घटेर आएकोले निगम सञ्चालक समितिको निर्णयानुसार मिति २०७६ साल असोज ३ गतेको राति १२:०० बजेदेखि लागू हुने गरी एल.पि. ग्यासको साविकको मूल्यमा प्रतिसिलिण्डर रु. २५ घटाई काठमाडौं उपत्यकालगायतको पहाडी क्षेत्रमा खुद्रा बिक्री मूल्य रु. १,३५०।०० प्रतिसिलिण्डर कायम गरिएकोमा मिति २०७६।६।६ मा गरिएको बजार अनुगमनको क्रममा केही एल.पि. ग्यास उद्योगीहरुले आफ्ना विक्रेतामार्फत् ग्यास बिक्री वितरण गराउँदा घटेको मूल्यमा बिक्री गर्ने व्यवस्था नमिलाएको देखिएको हुँदा एल.पि. ग्यास उद्योग तथा सम्बन्धित विक्रेताहरुले निम्नबमोजिम तोकेको नयाँ खुद्रा बिक्री मूल्यमा मात्र ग्यासको बिक्री गर्नु गराउनु हुन सूचित गराउँदै अन्यथा भए गरेको पाइएमा वा गुनासो आएमा सम्बन्धित पक्षबाट प्रचलित कानुनबमोजिम कडा कारवाही हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

विवरण	पुरानो खुद्र बिक्री मूल्य (रु. प्रतिसिलिण्डर)	नयाँ खुद्र बिक्री मूल्य (रु. प्रतिसिलिण्डर)
काठमाडौं उपत्यकालगायतको अन्य पहाडी क्षेत्र	रु. १,३७५।-	रु. १३५०।
दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर	रु. १,३४०।-	रु. १,३१५।-
अन्य राई क्षेत्र	रु. १,३५५।-	रु. १,३३०।-

शैक्षिक परामर्शका लागि

विदेशमा अध्ययन गर्न जान होस् वा स्वदेशमा, शैक्षिक परामर्शका लागि हामीलाई सम्झनु होस् ।

शब्द कन्सल्टेन्सी एण्ड अब्रोड स्टडी प्रा.लि.

बागबजार, काठमाडौं

मोवाईल सिमप्रयोग सम्वन्धमा नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरूरी सूचना

नेपाल सरकारले विद्युतिय प्रविधिमार्फत जनतालाई सरकारी सेवा प्रवाह गर्ने उद्देश्यले नागरीक एप्स (Citizen Apps) तयार गरी लागु गर्न गई रहेको छ । उपभोक्ताहरूले प्रयोग गर्ने मोवाईल नम्बरलाई नागरीकको पहिचानको माध्यम बनाउदा सहज र सरल समेत हुने भएकोले उपभोक्ताको मोवाईल नम्बर नै सरकारी नागरीक एप्स (Citizen Apps) संग लिंक गराउने उद्देश्य रहेको छ । यसको लागि सम्पुर्ण उपभोक्ताहरूले आफ्नो नाममा दर्ता भएको सिम मात्र प्रयोग गर्ने र यदी अन्य कसैको नामको सिम प्रयोग गर्नु भएको भए आफ्नो नाममा रजिष्ट्रेशन गरेर मात्र प्रयोग गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरण

श्रीकुञ्ज, कमलादी, काठमाडौं

फ्याक्स ९७७-१-४२५५२५०

इमेल : ntra@nta.gov.np
info@nta.gov.np

मानिसलाई किन निद्राको आवश्यकता पर्छ ? कम सुत्नाले के हुन्छ ?

डा कपिलदेव उपाध्याय

१. मानव जाति एउटा मात्रै प्रजाति हो, जसले जानीजानी आफ्नो सुत्ने समय घटाएर अन्य उद्देश्यहरु पूरा गर्ने प्रयास गर्छ ।
२. विकशित तथा औद्योगिकीकरण भएका देशमा निद्रा नलाग्ने समस्या विकराल बन्दै छ ।
३. निद्रा मानव जीवनका लागि अप्राप्य जैविक आवश्यकता हो ।

निद्राबारे अनुसन्धानकर्ताहरुले निकालेका निष्कर्ष हुन्, माथिका यी पंक्ति । गत १० वर्षमा निद्राबारे थप जानकारी बाहिर आएका छन् । विदेशतिर निद्रा लाग्ने औषधिहरुको धेरै प्रयोग हुन्छ भन्ने सुनिन्छ । अमेरिकामा काम गर्ने डाक्टरहरु भन्छन्, 'बिरामी आफैंले निद्रा लाग्ने यो औषधिको प्रेसक्रिप्सन लेखिदेऊ भन्छन् ।' विदेश मात्र होइन, नेपालका सरहरी क्षेत्रमा बसोबास गर्नेहरु पनि निद्रा नलाग्ने समस्याका कारण जँचाउन आउने धेरै छन् । आजकल नेपालमा पनि निद्रा लाग्ने औषधिहरु विना प्रेसक्रिप्सन बेच्न नपाइने नियम लगाइएकोले प्रेसक्रिप्सन लेखाउनकै लागि आउने बिरामीहरु पनि छन् । निद्रा लाग्ने औषधिको बानी पर्ने भएकोले लामो समयदेखि त्यस्ता औषधि प्रयोग गरिरहेकाहरुले औषधि छोड्न सजिलो छैन । राम्रो स्वास्थ्य र दीर्घायू जीवनको लागि ७ देखि ८ घन्टा सुत्नु आवश्यक मानिन्छ । उमेरअनुसार केटाकेटीमा निद्राको आवश्यकता बढी र वृद्धवृद्धामा कम हुन्छ । सोधकर्ताहरुले किन कम सुत्नु हुन्छ ? भनेर धेरै जनालाई प्रश्न गर्दा मुख्यत: तीन वटा यस्ता कारण दिइन्छ ।

- व्यस्ततालेे गर्दा समय कम भएर
- मानसिक तनाव र चिन्तालेे गर्दा
- स्मार्ट फोन, ल्यापपटप वा अन्य ग्याजेट चलाउन बानी परेकोले

किन निद्राको आवश्यकता पर्छ ?

निद्रा दुई किसिमका हुन्छन्, एनआरइएम र आरइएम । यी दुवै खाले निद्रा सुतेको बेला पालैपालो पर्छ । एनआरइएम निद्रा निकै गहिरो हुन्छ । यसको पनि विभिन्न तह छ । सुतेपछि पहिलो, दोस्रो तह हुँदै गहिरो निद्रा पर्छ । यसपछि आरइएम निद्रा पर्छ । केही समयपछि फेरि पहिलो निद्रा पर्छ र यही क्रम चलिरहन्छ । जति बिहान हुँदै गयो आरइएम निद्रा बढी र अर्को गहिरो निद्रा कम हुँदै जान्छ । दुवै किसिमका निद्राको आ-आफ्नै महत्व छ । आरइएम निद्रामा सपना देखिन्छ । देखेको सपना याद हुनसक्छ या नहुन पनि सक्छ । पढेको बुझ्न र सम्झनको लागि निद्रा आवश्यक छ । यसबारे केही प्राविधिक कुरा गरौं । सम्झिने तरिकाको कुरा गर्दा इमिडिएट मेमोरी (अरुले भनेको अहिले सम्झिने), सर्ट टर्म मेमोरी (पढेको, घोकेको कुरा २४ घन्टासम्म सम्झिने) र (लामो समयसम्म सम्झिने) लङ टर्म मेमोरी हुन्छन् ।

सर्ट टर्म मेमोरीको फाइल मस्तिष्कको हिप्पोक्याम्पस भन्ने भागमा रजिस्टर्ड हुन्छ र यो मेमोरी फाइल मस्तिष्कको कर्टेक्सकमा ट्रान्सफर गरेपछि मात्र सधैंका लागि सम्झनामा रहन्छ । एनआरइएम स्लिपको गहिरो निद्रामा मस्तिष्कमा डेल्टा वेभ र स्लिप स्पिन्डल उत्पन्न हुन्छन् र यिनले हिप्पोक्याम्पसमा रजिस्टर्ड भएको मेमोरी सेरेब्रल कर्टेक्समा ट्रन्सफर गर्छन्, अनि मात्र लामो समयसम्म पढेको कुरा सम्झिन सकिन्छ ।

पढ्ने बालबालिका, विद्यार्थी, अन्य लेखपढ गर्ने व्यक्तिहरु, अफिसको काम गर्नेहरु, प्राविधिक जोकोहीलाई पनि राम्रो सम्झिनको लागि निद्रा आवश्यक पर्दोरहेछ । उत्पादनशीलताको लागि र रचनात्मक कामको लागि पनि निद्रा आवश्यक मानिन्छ । निद्रा पाचन क्रिया राम्रोसँग चल्न र शरीरबाट बाहिर फ्याँक्नुपर्ने पदार्थहरु फ्याँक्न, शरीरमा हर्मोनहरु उत्पादन गर्न र रोगसँग लड्नसक्ने क्षमता (इम्युनिटी) ठिक राख्न आवश्यक पर्छ । मस्तिष्कमा रहेको पिट्युटरी ग्रन्थीबाट निस्कने ग्रोथ हर्मोन निदाएको बेलामा निस्किन्छ । यसको काम मांसपेसी बढ्न, हड्डी बढ्न र बोसोको पाचन क्रियामा काम लाग्छ । त्यस्तै पुरुषमा हुने टेस्टोस्टेरोन सेक्स हार्मोन राम्रोसँग नसुत्नेहरुमा निकै कम उत्पादन हुन्छ र यसले रिप्रोडक्टिव हेल्थमा असर पार्छ । त्यसैले राम्रो शारीरिक र मानसिक स्वास्थ्यका लागि आवश्यक मात्रामा सुत्नुपर्छ ।

कम सुत्नाले के हुन्छ ?

दैनिक ५ घन्टाभन्दा कम सुत्नेहरुमा मधुमेह, उच्च रक्तचाप, हृदयघातको खतरा, चिन्ता रोग, डिप्रेसन र मोटोपना जस्ता समस्या हुन्छन् भन्ने सोधकर्ताहरुको भनाइ छ । त्यस्तै अनिँदोको कारण सडक दुर्घटनाको खतरा बढ्छ । राति लगातार निद्रा नलागे आत्महत्याको विचार आउने, आत्महत्याको प्रयास गर्ने वा आत्महत्या नै गर्ने सम्भावना बढ्छ । दैनिक रातमा ४ घन्टाभन्दा कम सुत्नेहरुमा विभिन्न किसिमका क्यान्सरको खतरा बढ्छ । जस्तै: ठूलो आन्द्रा, प्रोस्टेट र ब्रेस्ट क्यान्सर आदि । दिउँसोको बदला राति काम गर्नेहरुलाई वा नाइट सिफ्टमा काम गरिरहनुपर्नेहरुलाई पनि स्वास्थ्यको हिसाबले हानिकारक छ । निद्रा मस्तसँग लाग्ने भए पनि आफ्नो व्यस्ततालेे गर्दा नसुत्दा हुने समस्या र बेफाइदाका कुरा त भए, अब निद्रा नै नलागे के गर्ने त ? निद्रा नलाग्ने कारणहरुमा शारीरिक र मानसिक रोग हुन सक्छन् । जस्तै:

- जोर्नीहरु दुख्ने विभिन्न किसिमका बाथरोग
- दम, खोकी र छातीसम्बन्धी रोग
- कुनै पनि दीर्घ रोग, दुख्ने र श्वास फेर्न अप्ठ्यारो हुने
- मानसिक तनाव
- चिन्ता रोग, डिप्रेसनलगायत करिबकरिब सबै खाले मानसिक स्वास्थ्य समस्या
- जीवनमा आइपर्ने अप्रिय घटना

अप्रिय घटनाकै कारण निद्रा नलाग्ने समस्या प्राय: आफै ठिक हुन्छ । मानसिक तनाव घटाउने तरिकाहरु सिक्दा हुन्छ र अन्य रोगहरुको उपचार गरे निद्रामा सुधार हुने छ ।

कुनै स्वास्थ्य समस्या छैन तर निद्रा लागदैन

इन्सोमनिया वा निद्रा नलाग्ने समस्या दुई किसिमका हुन्छन् । प्राइमरी इन्सोमनिया, जसमा कुनै कारण भेटिँदैन र सेकेन्डरी इन्सोमनिया, जसका कारणहरु माथि भनिएजस्तै हुन्छन् । प्राइमरी इन्सोमनिया पनि विना कारण त हुँदैन तर खोज्दै जाँदा कारण भेट्न सकिन्छ । जस्तै-

- स्लिप एपनिया: निदाइरहेका बेला श्वास फेर्ने क्रम ढिलो ढिलो हुँदै अचानक थोरै समय रोकिन्छ र व्यक्ति जाग्छ । निद्रा खल्बलिन्छ र यही क्रम दोहोरिन्छ । घुरेर सुत्ने व्यक्तिमा यस्तो समस्या हुनसक्छ । आजकल घुरेर सुत्नेहरुका लागि उपचार विधि उपलब्ध छ । नाक, कान, घाँटीका चिकित्सकसँग जँचाएर जानकारी लिन सकिन्छ । त्यस्तै स्लिप हाइपोपनिया र लिमिटेड एयर फ्लोको कारण निद्रामा समस्या हुन्छ । नाकको एलर्जी, पोलिप, नाक भित्रको हड्डी बांगो भएर पनि निदाएको बेला श्वासप्रश्वासमा कठिनाइ हुन्छ । इन्सोमनियामा सुत्न गयो, निद्रा नलाग्ने समस्या हुनसक्छ वा एक पटक निदाएर जाग्यो, फेरि निद्रा नलाग्ने पनि हुनसक्छ ।

निद्रा राम्रो नलागेपछि देखिने केही लक्षण

- ० जिउ गल्ने र जाँगर नहुने
- ० कुनै कुरामा ध्यान एकत्रित गर्न नसक्ने
- ० मन वा मुड खराब हुने वा ठिक नहुने
- ० घर, स्कुल वा अफिसमा काम राम्रो गर्न नसक्ने

यदि तपाईंलाई निदाउन वा एक पटक निदाएर जागेपछि फेरि निदाउन नसक्ने समस्या छ वा बिहान धेरै छिटो निद्रा खुल्छ र बिहान उठेपछि शरीरमा तागत वा स्फुर्तिको अनुभव हुँदैन, उल्टै थकान महसुस हुन्छ भने निद्राको कारण पनि हुनसक्छ । यदि कुनै बाह्य कारणहरु जस्तै: बच्चाको स्याहार गर्ने, कामको प्रेसरले वा अरु कुनै कारणले राति सुत्न नपाउनेहरु दिउँसो केही बेर सुत्नु राम्रो मानिन्छ । तर राति निद्रा नलाग्नेहरु दिउँसो सुत्नुहुँदैन, किनकि निद्राको साइकल दिउँसो जाग्ने र राति सुत्ने क्रम झन् बिग्रन्छ । निद्राका फाइदा र कम सुत्दाका बेफाइदाहरु धेरै छन् । राम्रो निर्णय लिनका लागि निद्रा आवश्यक मानिन्छ । समस्या समाधान गर्न निद्रा आवश्यक छ । भनाइ पनि छ- समस्या समाधान भएन भने मज्जाले सुत्नुस् र जागेपछि समाधान गर्ने प्रयास गर्नुस् ।

निद्रा नलाग्ने समस्या छ, रोग छैन, के गर्ने ?

- निद्रा लाग्ने औषधिहरु धेरै छन् तर ती औषधिका साइड इफेक्ट छन् । बानी पार्ने खालका छन्, त्यसैले औषधि पहिलो प्राथमिकता भित्र पर्दैनन् । सकिन्छ भने औषधि नलिनु नै ठिक हो । त्यस्ता औषधिहरु अन्तिम उपाय मात्र हुन सक्छन् ।
- आजकल इन्सोमनियाको लागि सिबिटिआई अर्थात् कगनिटिब बिहेबियर थेरापी फर इन्सोमनिया विधि प्रचलित छ । मनोविद् वा क्लिनिकल साइकोलोजिस्टहरुले यो तरिका सिकाउनुहुने छ । त्यसपूर्व तल केही बुँदा दिइएका छन्, जुन निदाउनका लागि उपयोगी हुनेछन्:
- निद्राको साइकल नबिग्रियोस् भनेर समयमा सुत्ने र समयमा उठ्ने गर्नुपर्छ ।
- सन्तुलित पोषणयुक्त आहार, शारीरिक व्यायाम र आफ्नो शरीरको स्याहार गरी निरोगी हुन आवश्यक छ ।
- राति ओछ्यानमा सुत्न जाँदा दिनभरिका तनाव, चिन्ता र समस्यालाई लामोलामो श्वाससँगै फ्याँकेर तनावरहित भएर सुत्ने गर्नुस् ।
- स्लिप हाइजिनमा ध्यान दिनुस् । चुरोट नपिउने, कफी बेलुका ४ बजेपछि नपिउने, मद्यपान नपिउने ।
- शरीरलाई रिल्याक्स गर्न र मनलाई शान्त पार्न ध्यान गर्ने विधि छन् । आँखा चिम्म गरेर आफूलाई आनन्द आएको घटना र दृश्य मनमा ल्याएर रमाउने कोशिस गर्नुस् वा शरीर र मन रिल्याक्स गर्ने तरिका सिक्नुस् र प्राक्टिस गर्नुस् ।
- आफ्नो सुत्ने कोठा शान्त, अँध्यारो र अन्दाजी १८/१९ डिग्री सेन्टिग्रेड तापक्रम भए राम्रो । सुत्ने कोठामा मोबाइल, आवाज दिने घडी, टेलिभिजन वा कम्प्युटर स्क्रिन अन गरेर नराख्ने ।
- निद्रा आए पनि ठिक छ वा नआए पनि कुनै समस्या छैन भन्ने सोच राख्नुस् । जबरजस्ती निदाउँछु भन्दैमा निद्रा लाग्ने पनि त होइन ।
- यदि बडी मेडिटेसन सिक्नुभएको छ भने शिरदेखि पाउसम्म वा खुट्टाका औंलादेखि शिरसम्म विभिन्न अंगहरु रिल्याक्स गर्ने गर्नुस् ।
- दैनिक केही समय घाममा देखिनुस् ।
- बेलुका स्मार्ट फोन/कम्प्युटर सकभर नचलाउनुस् ।

अन्त्यमा निद्रा आफ्नै शारीरिक र मानसिक स्वास्थ्यका लागि आवश्यक छ । उत्पादनशीलता र रचनात्मक कामका लागि पनि निद्रा आवश्यक छ । गहिरो निद्रा र सपना देखिने निद्रा दुवैको आफ्नै महत्व छ । निद्राले मस्तिष्क र शरीरलाई रिचार्ज गर्छ, स्मरण शक्तिलाई बलियो बनाउँछ । पढ्ने र सिक्ने क्षमतालाई बलियो पार्छ, अनेकौ रोगसँग लड्नसक्ने क्षमता बढाउँछ र सहज ज्ञान प्राप्त गर्न सहयोग गर्छ । निद्राले सात/आठ घन्टाको संसारिक क्रियाकलापबाट मुक्त गर्छ र सानो छुट्टी मनाए जस्तै मन नै आनन्दित भएको अनुभव गराउँछ । शरीरको सुन्दरता र चमकलाई पनि यसले कायम राख्छ । त्यसैले निद्रालाई सकेसम्म बढी प्राथमिकता दिनुस् । आनन्दले सुत्न चाहन्छु तर कसरी ? भन्नुहोला । स-साना बच्चाहरु सुतेको हेर्नुस्, बालबालिका सुतेको हेर्नुस् । निश्चिन्त भएर सुत्नुस् ।

भन्ने गरिन्छ- तपाईं सात-आठ घन्टा मस्तसँग सुत्नु हुन्छ, दिसापिसाब सफा हुन्छ, काम गर्ने उत्साह हुन्छ, खाना मिठो हुन्छ । मन खुसी छ भने तपाईं स्वस्थ्य हुनुहुन्छ । पूर्वीय दर्शनअनुसार काम, क्रोध, लोभ, मोह, मद, माद्सर्यले हामीलाई सताइरहेका हुन्छन् । भनिन्छ, हाम्रा विचारहरु मित्र पनि हुन सक्छन् र सत्रु पनि । आफूलाई दु:ख दिने विचार त्याग्नुस् ।

(डा उपाध्याय वरिष्ठ मनोचिकित्सक हुन्)

पृथ्वीबाट डाइनसोर नै लोप हुनेगरी महाप्रलय भएको दिन

जोनथन एमस

वैज्ञानिकहरूले पृथ्वीमा एकैदिनमा भएको सबैभन्दा भयङ्कर घटनाको विवरण आकलन गरेका छन् । उक्त घटना करौडौं वर्षअघि भएको थियो । त्यही घटनाक्रममा गल्फ अफ मेक्सिकोमुनिबाट उत्खनन गरिएको १३० मिटर लामो चट्टानको स्वरूप बनेको थियो । तलको तस्बिरमा भएको पत्थरमा एउटा विशाल क्षुद्रग्रह पृथ्वीमा बजारिएको केही सेकेन्डदेखि घण्टाभित्र थुप्रिएका थिगरहरू छन् । उक्त प्रलयकारी घटनाकै कारण पृथ्वीबाट डाइनसोरहरू विलुप्त भएका र स्तनधारी जीवको वृद्धि भएको धारणा अनुन्धानकर्ताहरूको छ । उक्त घटनाका कारण बनेको खाडलको वास्तविकता यूके र अमेरिकाका अनुसन्धानकर्ताहरूले नेतृत्व गरेको एउटा टोलीले पत्ता लगाएको छ । सन् २०१६ मा ड्रिल गरेर उनीहरूले क्षुद्रग्रह बजारिएपछि बनेको खाडलको अवशेषको हप्तौं अध्ययन गरेका थिए । झन्डै २०० किलोमिटर फराकिलो उक्त संरचना अहिले मेक्सिकोको युकाटान प्रायस्द्वीपमुनि छ । यसको सबैभन्दा संरक्षित केन्द्रीय भाग चाहिँ चिक्शुलुब बन्दरगाहबाट पर तटीय क्षेत्रमा छ । अनुसन्धानकर्ताको समूहले चट्टानको गर्भमा रहेको एउटा लामो र विशाल खण्ड बाहिर निकाल्यो । त्यसमध्ये १३० मिटर लामो एउटा भागले भूगर्भशास्त्रीहरूले भन्ने गरेको सिनजोइक युग अर्थात् स्तनधारीहरूको युगको पहिलो दिनको वृत्तान्त समेटेको छ ।

चिक्शुलुब खाडल : जीवनमा परिवर्तन

एउटा १२ किलोमिटर फराकिलो पिण्डले पृथ्वीको उपल्लो तहमा १०० किलोमिटर लामो र ३० किलोमिटर गहिरो खाडल बनाइदियो । कचौरा आकृतिको उक्त पिण्ड त्यसपछि नष्ट भयो र २०० किलोमिटर फराकिलो तथा केही किलोमिटर खाडल बाँकी रह्यो । त्यो खाडलको केन्द्र पुन: पुरानै स्थानमा फर्क्यो र फेरि नष्ट भयो । त्यसबाट एउटा भित्री घेरा बन्यो अहिले पनि उक्त खाडलको अधिकांश भाग तटीय क्षेत्रबाहिर झन्डै ६०० मिटरमुनि पुरिएको छ । जमिनमा भएको भाग चुनढुङ्गाले छोपिएको छ र पानीले खिइएर चट्टानमा बनेका प्यालहरूले बाह्य भाग चिनाउँछन् । उक्त खण्डमा चकनाचुर भएका वस्तुहरू थुप्रिएका छन् । तर ती वस्तुहरू यसरी मिलेर बसेका छन् कि त्यसबाट वैज्ञानिकहरू एउटा स्पष्ट निष्कर्ष निकाल्न सक्छन् । पौंधको २० मिटरतिर सिसाजस्तो अवशेष छ । क्षुद्रग्रह बजारिँदा उत्पन्न ताप र चापको प्रभावले यो चट्टान पग्लियो । तत्काल त्यो खाडलको पौंधभरि फैलियो ।

विस्फोटका कारण बनेको तातो पदार्थमा पानी परेपछि क्रमिक रूपमा पग्लिएर जमेको चट्टानका टुक्राहरू बने । त्यो पानी त्यतिबेला अस्तित्वमा रहेको कम गहिरो सागरबाट गएको थियो । विशाल आकाशीय पिण्ड पृथ्वीमा खस्दा पानी अन्यत्र सरेको थियो, तर पुनस् त्यस स्थानमा आएर उम्लिरहेको चट्टानको सम्पर्कमा पुग्दा बलशाली प्रतिक्रिया उत्पन्न भयो । ज्वालामुखीभित्र बनेको लेदो र समुद्रको पानीको अन्तर्क्रिया हुँदा त्यस्तै किसिमको प्रतिक्रिया देखिन्छ । यो चरण सुरुका केही मिनेटदेखि एक घण्टासम्म जारी रह्यो । तर पानी निरन्तर आइरह्यो र त्यसले खाडलको मुख पुरियो । मूल भागको माथिल्लो ८०/९० मिटर लामो खण्ड पानीमा भएका भग्नावशेषले बन्यो । अन्ततस त्यो क्रम रोकियो । सुरुमा ठूला टुक्रा र त्यसपछि मिहिन वस्तु बसे । क्षुद्रग्रह बजारिएको केही घण्टाभित्रै यो प्रक्रिया भएको थियो । अनि त्यसपछि १३० मिटर खण्डको ठ्याक्कै माथिल्लो भागमा सुनामीको प्रमाण फेला परेको छ । त्यहाँ थिगरहरू सबै एउटै दिशामा थुप्रिएका छन् र तिनको बनोट हेर्दा ठूलो ऊर्जा उत्पन्न भएको कुनै घटनामा त्यसो भएको सङ्केत पाइन्छ । वैज्ञानिकहरूले उक्त घटनाका कारण एउटा भीमकाय छाल उत्पन्न भएको र त्यो खाडलबाट सयौं किलोमिटर पर तटीय क्षेत्रमा पुगेर बजारिएको बताएका छन् । बाहिर त्यसो भएपछि छाल फर्किएको तथा सुनामीमा भएको भग्नावशेष चट्टानको माथिपट्टि जम्मा भएको थियो । "यी सबै पहिलो दिनकै घटना हुन्, " अस्टिनमा रहेको युनिभर्सिटि अफ टेक्ससका प्राध्यापक सन गुलिक भन्छन् । "सुनामीहरू जेट विमानको गतिमा अघि बढ्छन् । चौबीस घण्टाको अवधि छाललाई बाहिर जान र फर्कन पर्याप्त समय हो । " प्राध्यापक गुलिकको टोली यस विषयमा सुनामीको विवेचनाबारे विश्वस्त छ किनभने त्यहाँ फेला परेको थिगरमा भूमिको सङ्केतचिह्न र अँगार छन् । ती वस्तु मूल घटनाका कारण नजिकै रहेको स्थानमा ठूलो आगो लागेका प्रमाण हुन् । वैज्ञानिकहरूले १३० मिटरको उक्त क्षेत्रमा कतै पनि गन्धक (सल्फर) फेला पारेनन् ।

त्यो आर्श्चयजनक कुरा हो किनभने आकाशीय पिण्ड बजारिएको समुद्रको पौंधमा जिप्समजस्ता गन्धक भएका सम्भवतस एक तिहाइदेखि आधा खनिज पदार्थ थिए । कुनै कारणले गन्धक उडेको हुन सक्छ । तर त्यसले अहिले स्वीकार गरिएको डाइनसोर लोप हुनुका कारणसम्बन्धी सिद्धान्तलाई नै पुष्टि गर्छ । ठूलो परिमाणमा गन्धक पानीमा मिसिएर आकाशतिर बाफिँदा त्यतिबेला जलवायु चिसिएको हुन सक्छ । त्यस परिस्थितिमा सबै जीवजन्तु र वनस्पतिले जीवित रहन सङ्घर्ष गर्नुपरेको हुन सक्छ । "सयौं गिगाटन (अर्बौं टन) सल्फर वायुमण्डलमा प्रवेश गरेपछि विश्वव्यापी रूपमा नै जलवायुको नयाँ ढाँचा आरम्भ भयो र कम्तीमा १५ वर्षसम्म त्यो २५ डिग्री सेल्सिएस चिसो हुँदै गयो । त्यसले अधिकांश ठाउँमा एकदमै कठ्याङ्गिने अवस्था निम्त्यायो, " प्राध्यापक गुलिकले बीबीसीलाई भने । "अनि सङ्कीर्ण भएर आकलन गर्दा पनि ३२५ गिगाटन सल्फर बाहिर गएको देखिन्छ । यो क्राकाटाउजस्ता ज्वालामुखीको शक्तिभन्दा पनि बढी हो जसले जलवायुलाई छोटो अवधिका लागि शीतल पनि बनाइदिन सक्छ ।" यो महाप्रलयपछि स्तनधारी जीवहरू बाँचिरहन सके तर डाइनसोरहरू मासिए । प्राध्यापक गुलिक र उनको टोलीको अनुसन्धान प्रोसीडिङ्स अफ द न्याश्नल अक्याडमी अफ साइअन्सेज (पीएनएएस) नामक जर्नलमा छापिएको छ । बीबीसीनेपालीबाट

कुनै पनि किसिमका इभेन्टहरु गर्नका लागि

कुनै पनि किसिमका कार्यक्रमहरु गर्नका लागि लागि हामीलाई सम्झनु होस् ।

हामी तपाईहरुको चाहना बमोजिम सबै खालका इभेन्टको आयोजना गर्नका लागि तयार छौं । तपाईहरुको सन्तुष्टी नै हाम्रो उपलब्धी हो ।

क्रिजोना मिडिया प्रा.लि.

काठमाडौं

घरेलु हिंसा, अपराधको जघन्य प्रकार सबै मिली गरौं यसको प्रतिकार ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

किन.....

चुनाव नलड्ने निर्णयमा पुगेको नेकपा स्रोतले जानकारी दिएको छ ।

आफ्नै गृहजिल्ला बर्दियामा नेकपाको गढ ठानिएको अवस्थामा निर्वाचनमा पराजय व्यहोरेका गौतमले कास्की-२ लाई सुरक्षित ठान्न नसकेपछि पछाडि हट्न बाध्य भएको जानकारहरूले बताएका छन् । नेकपाभित्र नेतैपिच्छेका गुट-उपगुटले कास्की-२ बाट गौतमलाई टुरिष्ट उम्मेदवार भनी हराउने निश्चित ठानी गौतमले स्व. रविन्द्र अधिकारीकी पत्नी विद्या भट्टराईलाई नै पार्टीले उम्मेदवार बनाउनुपर्ने बताएका छन् ।

गौतमलाई सांसद बनाउन डोल्पा, नेपालगञ्ज, नवलपुर, प्यूठान र काठमाडौं-७ को चर्चा चलेको थियो । पार्टीले कास्की-२ मा चुनाव जिताउन राज्यशक्ति लगाए पनि सरकारको कामकारबाही र पार्टीभित्रैबाट अन्तरघात हुनसक्ने प्रवल सम्भावना रहेको समाचार सूत्रले बताएको छ । यी यावत सम्भावनाहरूलाई दृष्टिगत गरी नेता गौतमले उपनिर्वाचन अगाडि नै हात झिकेको पार्टीभित्र चर्चा चलेको छ ।

ह्याकरहरुको....

गरेको थियो । ह्याकरहरु र सहयोगीहरुले बैंकमार्फत रु. चार करोड ७३ लाख रकम भने विभिन्न व्यक्तिको नाममा सारिसकेको भए पनि उक्त रकम भने समयमै पाएको सूचनाको आधारमा निकाल्न भने नपाएको अवस्थामा रहेको छ । असोज ५ गते बानेश्वरमा रहेको पानस रेमिटबाट केही व्यक्तिहरुले अस्वाभाविक रुपमा पैसा निकालेपछि उनीहरुको गतिविधि शङ्कास्पद लागेर कर्मचारीले महानगरीय अपराध महाशाखामा जानकारी दिएका थिए । महाशाखाले पनि सोही सूचनाको आधारमा प्रहरीहरु खटाएको थियो र पैसा निकाल्दै गर्दा केही व्यक्तिहरुलाई पक्राउ गर्न सफल भयो ।

त्यसरी पक्राउ परेकाहरुसँग सोधपुछ गर्दा नुवाकोटका लवाङ तामाङ घटनामा संलग्न रहेको खुलेको थियो । प्रहरीले तामाङलाई पक्राउ गर्न सफल भएपछि थप रहस्य खुलेको थियो । उनको साथबाट प्रहरीले रु.३१ लाख बरामद गरेपछि उक्त रकम कृषि विकास बैंकबाट निकालेको पत्ता लागेको थियो । त्यसलगत्तै प्रहरीले जिल्लामा सर्कुलर गरेर प्रहरीलाई 'हाई अलर्ट' मा बस्न लगाई थप अनुसन्धानलाई प्रहरीले तीव्रता दियो । कृषि विकास बैंकमा बुझ्दा करोडौं रकम विभिन्न व्यक्तिको खातामा पठाई सकिएको फेला परेको थियो । त्यसैले ती खाताको पैसा लिन आउने सबैलाई नियन्त्रणमा लिन भन्दै बैंकमा पनि प्रहरीले सर्कुलर भयो । सोही क्रममा प्रहरीले १२ जनालाई पक्राउ गर्न सफल भएको बताइएको छ । उक्त घटनामा संलग्न रहेको आरोपमा नुवाकोटका लवाङ तामाङ, रसुवाका लक्ष्मी लामा, निर्मला तामाङ र निमा तामाङ, काठमाडौं तारकेश्वरका सञ्जय घले, सर्लाहीका पुष्पराज खड्का, लमजुङका विद्यासागर लामिछाने, तनहुँका श्रवणकुमार श्रेष्ठ, भक्तपुरका सुनिता श्रेष्ठ, भारत कोलकाताका सुबन्कर पञ्जा, कैलालीका विजय साह र चन्द्रबहादुर बुढालाई प्रहरीले पक्राउ गरेको हो । घटनाका योजनाकार विदेशी नागरिक पिटर भने फरार रहेकाले उनको खोजी भैरहेको प्रहरीले जनाएको छ ।

आफ्नै....

युवा लक्षित कार्यक्रम, कृषि कार्यक्रम र बेरोजगारी समस्याका बारेमा नयाँ कार्यक्रमहरू लिएर जनताका माझ नगए पुरानै एकअर्कामाप्रति घात, अन्तर्घातको मुद्दामा अल्झिरहने हो भने काँग्रेसको भविष्य अन्धकार बन्ने भुक्तभोगीहरूले बताएका छन् । काँग्रेस अरुका कारण नभई आफ्नै कारणले पछाडि परेको चर्चा चलेको छ ।

सम्पत्ति....

द्वीप बस्न्यातसँग खर्ब रुपियाँको हाराहारीमा अथाह सम्पत्ति रहेको, पूर्व आयुक्त राजनारायण पाठक, १२ वठा मेडिकल कलेजका सञ्चालक, उच्चतहका व्यापारी, राजनीतिज्ञ र पूर्वउच्च कर्मचारीहरूको अकुत सम्पत्तिको आयस्रोत खोजबिन गरे पनि नतिजा सार्वजकिन नहुनुलाई प्रचारमुखी र हल्ला बढी भनी टिप्पणी गरिएको स्रोतले बताएको छ । अथाह सम्पत्तिको सूचीमा वरिष्ठ डाक्टर एवं नाम चलेका अस्पतालका सञ्चालक, कलेज सञ्चालक, वरिष्ठ वकील, कलाकार र घर जग्गाको कारोबार गर्नेहरू पनि रहेको समाचारमा उल्लेख छ ।

वीर....

निर्देशक सेन्चुरीले पदपूर्ति समितिलाई समेत छलेर विज्ञापन समेत ननिकाली २५ स्टाफ नर्स भर्तीको तारतम्य बुनेको समाचार स्रोतको दाबी छ । न्याम्सको सेवा आयोगबाट विज्ञापन खुलाएर मात्र कर्मचारी भर्ना गर्ने कानूनी व्यवस्था रहेकामा त्यसलाई बाइपास गरेर आफूखुशी सेन्चुरीले भर्ना गर्न लागेको समाचार स्रोतले जानकारी दिएको छ । करारमा कर्मचारी राख्दा पनि सेवा आयोगबाट विज्ञापन निकालेर मात्र राख्ने गरिएकोमा निर्देशक सेन्चुरीले सेवा आयोगलाई समेत छलेर कर्मचारी भर्नाको तयारी गरेको समाचार स्रोतले जानकारी दिएको छ ।

यसरी लुकिछिपी गरिन लागिएको स्टाफ नर्सको भर्नामा राजनीतिक स्वार्थका अतिरिक्त आर्थिक अनियमितता समेत कारक रहेको स्रोतको दाबी छ । एक नर्सको नियुक्ति बराबर तीन लाखदेखि चार लाख रुपैयाँसम्मको खेलो हुने दाबी पनि समाचार स्रोतको छ । यसरी कानूनविपरित सरकारी अस्पतालमा कर्मचारी भर्ना गरिएमा वा गर्ने तयारी भएका त्यसका विरुद्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गर्ने तयारीमा त्यहाँका कर्मचारी रहेको पनि समाचार स्रोतले दाबी गरेको छ ।

मालपोतमा.....

ज्ञवाली विभागको डिजीमा गत असोज ५ गतेदेखि हाजिर भएको समाचारस्रोतले बताएको छ । अनलाइन सेवा शुरु भएपनि मोटो रकमदेखि एक हजार रुपियाँमा मालपोतका कर्मचारीहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रङ्गे हात समातेको घटना सार्वजनिक भएको छ । मालपोत कार्यालयहरू भित्र मौलाइरहेको विकृति, भ्रष्टाचार र घुसखोरीलाई नयाँ महानिर्देशक ज्ञवालीले रोक्न निकै प्रयास गर्नुपर्ने जानकारहरूले बताएका छन् ।

लेखापढी....

संगठनलाई चलायमान राख्न, आर्थिक अनुशासन कायम राख्न र पेशाप्रति पूर्ण प्रतिबद्ध हुन आग्रह गरेका थिए ।

सो भेलामा सुनसरीका जिल्ला अध्यक्ष नारायणप्रसाद आचार्यले प्रदेश भरीका लेखापढी व्यवसायीहरुलाई स्वागत गरेका थिए । भेलालाई केन्द्रीय महासचिव कृष्णप्रसाद दाहाल, इनरुवा नगरपालिका ३ नं. वडाध्यक्ष कालुराम गुरुङ लगायतले बोलेका थिए । भेलामा केन्द्रीय सल्लाहकार सदस्य बाबुराम ओझा लगायतको उपस्थिति थियो । भेलामा आउने पाहुनाहरुलाई इनरुवा इकाइ समितिले व्यवस्थापन गरेको जिल्ला सचिव लक्ष्मीप्रसाद पोखरेलले जानकारी दिए ।

कांग्रेसमा.....

जानकीलाल बस्नेत, भरतबहादुर न्यौपाने र मालती सोडारी, बाँके जिल्लाका पूर्व सभापति युवराज शर्मा, क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति नक्की खाँ, क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति रमेशकुमार गुप्ता, तरुण दलका पूर्व केन्द्रीय सदस्य सुदीप नरसिंह राणा, नेविसंघ बाँकेका अध्यक्ष पूर्णप्रसाद आचार्यले पनि त्यहाँ सम्बोधन गरेका थिए ।

यसैगरी धनकुटामा पनि समापनका अवसरमा विभिन्न दल त्यागी धेरै नेता कार्यकर्ता कांग्रेसमा प्रवेश गरेका धनकुटाबाट मोहन वान्तवाले जानकारी दिएका छन् ।

चिनियाँ.....

बनाएको कम्युनिस्ट नेताहरु नै बताउँछन् । अन्तरक्रिया कार्यक्रम चिनियाँ कम्युनिस्ट पार्टीका नेताले केरुङबाट काठमाडौंसम्म रेल ल्याउन निकै कठिन भएको धारणा राखेका थिए । चीनका राष्ट्रिय विकास तथा सुधार आयोगका प्रतिनिधि सी यु लडले केरुङ-काठमाडौं रेलमार्ग परियोजना निकै गाह्रो परियोजना रहेको बताए । मङ्गलवार सम्पन्न अन्तरक्रिया कार्यक्रममा लडले केरुङदेखि काठमाडौंसम्मको ६ सय किलोमिटर मार्ग विश्वको सबभन्दा गाह्रो भूभाग हो जहाँबाट रेल चलाउन निकै गाह्रो हुने बताए । उनले भने, 'रेल मार्ग बनाउन निकै गाह्रो छ तर यो स्थापना भयो भने विश्वको सबभन्दा ठूलो परियोजना हुनेछ ।' उनले कठिन भूभाग भएको हुनाले रेलमार्ग निर्माण गर्न लामो समय लाग्ने समेत स्पष्ट पारे ।

समुन्द्रको तहभन्दा धेरै माथि रेल बनाउन गाह्रो हुनुको साथै खर्च पनि धेरै लाग्ने उनको भनाइ थियो । प्रविधिक रुपमा पनि निकै जटिल रहेको बताउँदै उनले यो परियोजना शुरु गर्नका लागि धेरै तयारी गर्नुपर्ने बताए । उनको भनाइ अनुसार केरुङबाट आउने रेलमार्गमा ७२ किलोमिटर टनेल बनाउनुपर्ने हुन्छ । त्यो ७२ किलोमिटर रेलमार्ग निर्माण गर्नका १० वर्षसम्म पनि लाग्न सक्छ । अधिकांश स्थानमा सुरुङ र पुल निर्माण गर्नुपर्ने देखिएको छ । भौगोलिक विकटता, भूकम्पीय जोखिम तथा समुद्र सतहदेखि ५ हजार मिटर माथिको ठाउँबाट १५ सय मिटर तलसम्म आइपुग्नु पर्ने स्थिति रहेको हुनाले रेलमार्ग बनाउन गाह्रो हुने देखिएको छ । उनले यो कुरा भनिरहँदा नेपाल कम्युनिस्ट नेताहरु निराश देखिन्थे ।

नेपाल र चीन दुवैका लागि यो निकै महत्वकांक्षी परियोजना हो । केरुङ-काठमाडौंसम्म रेल आउने भएपछि भारतले पनि नेपालसँग जोडिने रेलका विभिन्न परियोजनाहरु शुरु गरेको छ । त्यही भएर नेपालमा पहिला चीनको रेल आउँछ कि भारतको भनेर पनि बेलाबेलामा चर्चा हुने गरेको छ । 'चिनियाँ नेताले नै रेल परियोजनाको जटिलताबारे धारणा राखेपछि आशंका हुन स्वभाविकै हो,' कार्यक्रममा सहभागी नेकपाका एकजना स्थायी समिति सदस्यले भने, 'चीनबाट रेल आउने कुराको सरकारले निकै प्रचार गरेको छ भने जनता पनि आशा गरेर बसेका छन् । तर चिनियाँ नेताको कुरा सुन्दा चीनको रेल नेपाल नआउने पो हो कि भन्ने शंका उत्पन्न भएको छ ।'

'यो निकै खर्चिलो परियोजना हो । चीनले नै महँगो परियोजना भएको भन्छ भने नेपालका लागि पक्कै पनि गाह्रो विषय भइहाल्यो,' उनले भने । चीनको राष्ट्रिय विकास तथा सुधार आयोगका प्रतिनिधि सी यु लडले मात्र होइन, नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले पनि केरुङबाट नेपालसम्म रेल ल्याउने परियोजना कठिन परियोजना भएको कुरा राखिसकेको छिन् । गत जेठ ९ गते नेपालस्थित चिनियाँ दुतावासमा आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले नेपाल यस्तो भूगोल हो, जहाँ चिनियाँ रेल आज कुरा गरेर भोलि नै आउने विषय नरहेको स्पष्ट पारेकी थिइन् ।

पहिलो पटक प्रधानमन्त्री भएको बेला केपी शर्मा ओलीले २०७२ साल चैतमा चीनसँग व्यापार तथा पारवहन सम्झौता गर्दा त्यसमा रेलमार्ग पनि समावेश थियो । सम्झौता भएपछि त्यसको बारेमा दुई पक्षबीच पटक-पटक छलफल भएको छ । २०७६ साल वैशाखमा राष्ट्रपति विद्यादेवी भण्डारीले चीन भ्रमणमा गएको बेला रेलमार्गको बारेमा डीपीआर निर्माण कार्यलाई अघि बढाउने विषयमा छलफल भएको थियो । जसमा प्रारम्भिक अध्ययनमा भएको खर्च चीनले नै व्यहोर्ने बताइएको थियो । केरुङ हुँदै काठमाडौं, काठमाडौं हुँदै पोखरा र काठमाडौं हुँदै लुम्बनीसम्म चिनियाँ रेलको विषयमा नेपाल र चीनबीच चारपटक छलफल भइसकेको छ तर हालसम्म ठोस प्रगति भने भएको छैन । असारको पहिलो हप्ता नेपाली प्रतिनिधि रेल मार्ग निर्माणसम्बन्धी डिपिआरको विषयमा छलफल गर्न चीन पुगेको थियो । तर चिनियाँ पक्षले प्राविधिक अध्ययन नै पुरा नभएको भन्दै थप अध्ययनका लागि समय माग गरेको थियो । डिसेम्बरमा नेपालमै बस्ने पाँचौ बैठकमा डिपिआर सम्बन्धि छलफल हुने रेल विभागका महानिर्देशक बलराम मिश्रले जानकारी दिए । उनले भने, 'नेपाल-चीन रेल्वे सहयोग सम्बन्धी कार्य प्रारम्भिक अध्ययनमा अड्केको छ । हेर्दै डिसेम्बरमा बस्ने बैठकबाट के निष्कर्ष निस्किन्छ ।' चीनले आर्थिक तथा प्राविधिक रुपमा स्पष्ट हुन नेपाललाई भनेको छ तर नेपालले त्यसबारे ठोस निर्णय लिएको छैन । डीपीआर निर्माणका लागि मात्र १.७ अर्ब खर्च हुने देखिएको छ । यसका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अर्थ मन्त्रालयसँग यो खर्च माग गरेको मन्त्रालय स्रोतले जनाएको छ । यता, रेल विभागका अनुसार पूर्वसम्भाव्यता अध्ययन अनुसार नेपाल-चिनियाँ रेलमार्ग बनाउन अनुमानित २ खर्ब ५७ अर्ब खर्च हुनेछ ।

मेडिकल.....

विराट मेडिकल कलेज विराटनगर, देवदह मेडिकल कलेज बुटवल, नेपालगञ्ज मेडिकल कलेज, किष्ट मेडिकल कलेज काठमाडौं, मेडिकल कलेज (केएमसी) सिनामंगल, मणिपाल मेडिकल कलेज पोखरा, नेसनल मेडिकल कलेज वीरगञ्ज र कलेज अफ मेडिकल साइन्स भरतपुर रहेका छन् ।

यी दर्जन मेडिकल कलेजहरूले तीन वर्षमा तीन अर्ब रुपियाँभन्दा बढी रकम ठगी गरेको सरकारले गठन गरेको छानबिन प्रतिवेदनले बताएको भनिएको छ । यस्ता मेडिकल माफियाहरूलाई पाता कसी बढी रकम फिर्ता गराई सर्वसाधारणका छोराछोरीले पढ्न सक्ने वातावरण बनाउनुपर्ने आवाज उठेको छ । सरकारले तोकेको भन्दा बढी शुल्क लिने मेडिकल कलेजहरूलाई अनुगमन न गर्दा विकृति मौलाएको सरोकारवालाहरूले बताएका छन् ।

दुईतिहाई.....

बरियतामा बरिष्ठ खनाललाई नबनाउँदा तत्कालीन नेकपा एमालेको साख गिर्ने चर्चा चलेको पनि थियो किनकि नवराज सिलवालको कारण एमालेको पक्षमा माहोल बनेको थियो । सिलवालप्रति अन्याय भएको भनी तत्कालीन एमालेले पाएको साख खनालप्रति अन्याय गर्दा गिर्ने भएकाले पनि तत्कालीन अवस्थामा ओली खनालको विपक्षमा जान हिच्किचाएका थिए । त्यसैगरी सरकार गठनताका एमाले र माओवादी केन्द्रको एकता भएको थिएन । माओवादी केन्द्र खनालको पक्षमा टसमस नभएपछि ओलीले उनलाई बनाउनु बाध्य भएका थिए ।

भोजपुर गृहजिल्ला भएका कार्कीलाई एक वर्षपछि भने पनि आइजीपी बनाउने आश्वासन दिइएको समाचार स्रोतले दाबी गरेको छ । उक्त समयमा पनि कार्कीलाई बनाउन नसकेपछि अहिले आएर अख्तियारले थालेको फाइलको अध्ययन तथा शान्ति सुरक्षा कायम गर्न नसकेको आरोप लगाउँदै खनाललाई मानसिक दबाब दिई राजीनामा गराउने खेलमा सरकार लागिपरेको समाचार स्रोतको दाबी छ । खनालसहित एआईजी कार्की, ठूले राई र धीरु बस्नेत लगायतका डीआइजीहरु २०७६ माघ २८ मा ३० वर्षे सेवावधिका कारण अवकाश हुँदैछन् ।

यसरी एउटै समयमा अवकासमा पर्ने उनीहरुमाथि अहिले आएर खेली एकातिर प्रहरीको संगठनलाई कमजोर पार्ने कार्यमा सरकार लागिपरेको आरोप छ भने अर्कातिर खनाललाई परिस्थितिको घेराबन्दीमा पार्ने खेलमा सरकार लागि परेको समाचार स्रोतको दाबी छ । सरकारले प्रत्यक्ष रुपमा खनाललाई राजीनामा गर्न नभने पनि परिस्थितिहरु सिर्जना गरी सबैतिरबाट छेक्ने कार्य गरी हैरान पार्ने कार्य गर्दै आएको स्रोतको दाबी छ ।

विद्युत उपभोक्तामा नेपाल विद्युत प्राधिकरणको अनुरोध

दशैं/तिहार/छठ/नेपाल संवत जस्ता नेपालमा मनाइने चाडहरु आइरहेका छन् । चाडहरु मनाउँदा विद्युतको उपयोग, प्रयोगमा विशेष ध्यान दिनु जरुरी हुन्छ । एकातिर चाडको समयमा विद्युतको माग बढी हुन्छ भने अर्कातिर आपूर्ति एक्कासी बढ्न पुग्दा मिलाउन पनि गाह्रो हुन्छ । त्यसैले

- अनावश्यक विद्युत प्रयोग नगरौं ।
- विद्युत चोरी गर्नु कानूनी र सामाजिक अपराध हो ।
- विद्युत चोरी दण्डनीय अपराध भएकोले विद्युत चोरी गरेमा नगद जरिवाना सहित कारागार (जेल) सजाय समेत हुन सक्नेछ ।
- विद्युत चोरी नगरौं र चोरी गरेको थाहा भएमा यथाशीघ्र नजिकको विद्युत कार्यालयमा जानकारी गराई सचेत नागरिकको परिचय दिउँ ।
- तपाईको घर टोलमा चुहावट नियन्त्रणको लागि आउने कर्मचारीलाई सहयोग पुऱ्याई विद्युत चुहावटमुक्त समाजको निर्माणमा सहभागी होऔं ।

नेपाल विद्युत प्राधिकरण

अत्तरिया क्षेत्रीय कार्यालय, अत्तरिया, कैलाली

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .